# परिच्छेद : एक

# शोधपरिचय

## १.१ विषय प्रवेश

गुरुदत्त ज्ञावाली नेपाली साहित्यका विविध विधामध्ये कथा र कविता विधामा समान रुचि राख्ने साहित्यकार हुन् । यिनका तीन सामाजिक यथार्थलाई अँगालेका उनका तीनवटा कृतिहरूमध्ये (बोक्सिनी आमा, सुहाग रातकी आमा र केही तिता मन-केही मिठा मन कविता संग्रह) "बोक्सिनी आमा २०७१" प्रकाशित कृति हो । वि.स २०५४ सालमा 'नमरेको मान्छे' नामक कथाबाट औपचारिक कथा लेखन भएको जानकारी भएको छ ।

पेशागत रूपमा शिक्षक, निजामति क्षेत्र विभिन्न सामाजिक सङ्घ संस्थामा आवद्ध ज्ञवाली हाल सरकारी जागिरेबाट अवकाशप्राप्त व्यक्ति हुन् भने साहित्य र सामाजिक क्षेत्रको योगदानमा भने निरन्तर लागिरहेको पाइन्छ ।

साहित्य लेखनमा मात्र निरन्तरता नभई उनले स्थानीय तथा राष्ट्रिय पत्रिका र स्मारिकामा गरेर लगभग पैँचालीस सय जति राजनीतिक र समसामयिक विषयवस्तुमा आधारित लेख रचनहरू समेत लेखेका छन् । साहित्य र सामाजिक क्षेत्रमा समेत योगदान गरेका कथाकार ज्ञवालीको बारेमा खासै समालोचनात्मक अध्ययन र शोध कार्य नभएको हुँदा उनको जीवनी, व्यक्तित्व र कृतित्व वैशिष्ट्य निरूपण गरिएको छ ।

## १.२ समस्याकथन

सममजिक यर्थावादी र प्रगतिवादी धाराका कथाकार ज्ञवालीको **जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षक आफैमा एउटा समस्या हो । यस समस्यालाई निम्नलिखित बुँदाहरूबाट स्पष्ट पार्रिएको छ ।

(क) गुरुदत्त ज्ञवालीको जीवनवृत्त के कस्तो छ ?

(ख) गुरुदत्त ज्ञवालीका व्यक्तित्वका केकस्ता आयामहरू छन् ?

(ग) विधातात्त्विक दृष्टिले **बोक्सिनी आमा** कथा संग्रहका कथाहरूको वैशिष्ट्य के-कस्तो छ ?

### १.३ उद्देश्यकथन

प्रस्तुत शोधको मुख्य उद्देश्य उपर्युल्लिखित प्राज्ञिक समस्याको वस्तुगत र प्रामाणिक समाधान खोज्नु हो । यस उद्देश्यलाई अझ स्पष्ट रूपमा निम्न लिखित बुँदाहरूमा प्रस्तुत गरिएको छ :

(क) ज्ञवालीको जीवनवृत्तको निरूपण गर्नु,

(ख) गुरुदत्त ज्ञवालीका व्यक्तित्वका आयामहरूमाथि प्रकाश पार्नु,

(ग) "बोक्सिनीआमा"कथा संग्रहभित्रका कथाहरूको वैशिष्ट्य केलाउनु,

### १.४ पूर्वकार्यको विवरण

समसामयिक धाराका यथार्थपरक कथा लेख्ने कथाकार ज्ञवालीको बारेमा खासै अध्ययन र समालोचना गरेको नपाइएकोले यस शोधपत्रको शीर्षक **गुरुदत्त ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वको** अध्ययन राखी शोध पत्र तयार गरिएको छ । यसै क्रममा उनको कृतिको बारेमा केही साहित्यकारहरूले गरेको अध्ययनलाई यहाँ प्रस्तुत गरिएको छ ।

शिव प्रसाद पौड्याल (२०७१) ले उनको बोक्सिनी आमा कथा सङ्ग्रहको भूमिकामा ज्ञवाली आफ्ना कथाका माध्यमबाट समाजका विकृति र विसंङ्गतिका सटिक प्रस्तुती मात्र दिँदैनन् त्यस्ता कमजोर र विकृतिप्रति तिनको आलोचना पनि गर्छन् भनेका छन् ।

बाबुराम भट्टराई (२०७१) ले उनको बोक्सिनीआमा कथा सङ्ग्रहको लेख शुभास्ते सन्तु पन्थानमा उहाँका लेखन मलाई किन असल लाग्छन् भने तिनमा पाप भेटिन्न्, इमान भेटिन्छ स्पस्टसँग । जस्तो इमान मुहम्मद पैगम्बरको दर्शनमा हुन्थ्यो । साथै उनले मलाई उहाँका कथा पढ्दा के लाग्छ भने आजसम्म नेपाली साहित्यकारले जे लाई कथा भनेर परिभाषित गरेका छन्, ती परिभाषाहरूले पनि गुरुदत्तका कथाहरूलाई पूर्ण परिभाषित गर्न सक्दैनन् भनेका छन् ।

ज्ञाननिष्ट ज्ञवालीले २०७१ साल माघ २५ गते आइतबारको देशान्तर साप्ताहिकमा कथाकारका भनाइ र डा. शिवप्रसाद पौड्याल, पण्डित बाबुराम भट्टराई, प्रकाशक विजय तथा विनयका प्रकाशकीय र अन्य भूमिका पढ्दा पनि गुरुदत्त ज्ञवालीका कथाहरूका वास्तविकता थाहा पाउन सकिन्छ ।

कथाकार गुरुदत्त ज्ञवाली र उनका कृतित्वको बारेमा अध्ययन तथा शोध कमै भएको पाइन्छ । तसर्थ उनको जीवनी व्यक्तित्व र कृतित्वको गहन अध्ययन गर्ने कार्य यस शोध कार्यमा पूरा गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

गुरूदत्त ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा शोधमूलक अध्ययन भएको पाइएको छैन । यसरी नेपाली साहित्यको क्षेत्रमा योगदान पुऱ्याउने कथाकार ज्ञवालीको जीवनी र उनको कृतिको अध्ययनको यो अभाव र अपूर्णतालाई पूर्ण गर्नुमा नै यस शोधकार्यको औचित्य पुष्टि हुन्छ । उनको कथा सङ्ग्रह बोक्सिनी आमा कथा कृतिको वैशिष्ट्यका बारेमा जान्न चाहने इच्छुक पाठकहरूका लागि पनि यो शोधकार्य उपयोगी हुनेछ भने शोधकार्यको परम्परालाई अगाडि बढाउनमा पनि यस शोधको महत्व रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

यस शोधकार्यमा कथाकार ज्ञवालीको **जीवनी, व्यक्तित्व र कृतित्व** निरूपणमा यो शोधकार्य केन्द्रित छ । जीवनी र व्यक्तित्वको वैशिष्ट्य निरूपणका निर्मिति जीवनी परक समालोना सिद्धान्त र कृतित्व निरूपणका निम्ति कथा सिद्धान्तलाई मात्र आधार बनाइएको छ ।

## १.७ शोध विधि

प्रस्तुत शोध कार्यमा सामग्री सङ्कलन र अध्ययन विश्लेषणका क्रममा निम्नलिखित विधि अपानाइएको छ :

### १.७ .१ सामाग्री सङ्कलन विधि

प्रस्तुत शोधको सामग्री सङ्कलनको प्रमुख स्रोत पुस्तकालय हो । तसर्थ पुस्तकालीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । यसक्रमा सैद्धान्तिक आधार निर्माणका सामग्री र विश्लेष्य कृति पुस्तकालयबाट ग्रहण गरिएको छ । कथाकारको जीवनी र व्यक्तित्वसँग सामग्री सङ्कलनका क्रममा क्षेत्रीय विधि अपनाइएको छ । यस क्रममा प्रश्नावलीको उपयोग गरी शोधनायकबाट आवश्यक सामग्री प्राप्त गरिएको छ ।

### १.७.२ विश्लेषण विधि

प्रस्तुत शोधपत्रको विषय गुरुदत्त ज्ञवालीको जीवनी र व्यक्तित्वको अधययन विश्लेषणमा जीवनपरक समालोचना सिद्धान्त उपयोग गरिएको छ भने कृतित्वको वैशिष्ट्य निरूपणका निम्ति विधा सिद्धान्तलाई आधार बनाइएको छ । प्रस्तुतिगत ढाँचा वर्णनात्मक र विश्लेषणात्मक रहेको छ ।

### १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा यस प्रकार रहेको छ :

परिच्छेद एक : शोधपत्रको परिचय

परिच्छेद दुई : गुरूदत्त ज्ञवालीको जीवनी

परिच्छेद तीन : गुरूदत्त ज्ञवालीको व्यक्तित्व

परिच्छेद चार : गुरूदत्त ज्ञवालीको कृतित्व

परिच्छेद पाँच : सारांश र समष्टिगत निष्कर्ष

# परिच्छेद : दुई

# गुरुदत्त ज्ञवालीको जीवनी

## २.१ विषय प्रवेश

कथाकार गुरुदत्त ज्ञवाली नेपाली कथा क्षेत्रमा मात्र नभएर नेपाली साहित्य र पत्रकारिताजगतको स्तम्भ लेखनमा पनि उत्तिकै रूचि राख्ने स्रष्टा भएको बुझिएको छ । साहित्यकार तथा लेखक ज्ञवालीको जीवनीको निरूपण गर्ने क्रममा जन्म तथा पारिवारिक स्थिति, वंश तथा परम्परा, बाल्य काल, युवावस्था, शिक्षादीक्षा, विवाह र दाम्पत्य जीवन, रुचि र स्वभाव, पेशागत संलग्नता, आर्थिक अवस्था जस्ता उप शीर्षकलाई आधार बनाइएको छ ।

### २.१.१ जन्म तथा पारिवारिक स्थिति

गुरुदत्त ज्ञवालीको ज्ञवालीको जन्म २०१३ साल माघ १९ शुक्रबारको दिन भएको हो । नेपालको पश्चिमाञ्चल क्षेत्रको लुम्बिनी अञ्चलअन्तर्गका छ जिल्ला मध्येको गुल्मी जिल्लााको क्षेत्र नं. दुईको ग्वादी गाबिस वडा नं. ४ तल्लो, ग्वादीमा भएको हो । माता जानकी ज्ञवाली र पिता भक्तिराम ज्ञवालीका तीन छोरामध्ये यिनी जेठा छोरा हुन् ।

### २.१.१ वंश तथा परम्परा

उनको परिवार खस-आर्य सभ्यताको वैदिक सनातन धर्म मान्ने ज्योतिष विषयको ज्ञान राख्ने परम्परा भएको शैव अनुयायी अर्थात भगवान शिवलाई परमदेव मान्ने परिवार हो । ब्राह्मण जात अन्तर्गत उपाध्याय वंश उनको परम्परागत वर्ग हो । ज्ञवाली थर हुनु पूर्व उनको पुर्खाको थर भट्ट थियो भन्ने कुरा बंशावलीमा उल्लेख छ । माण्डब्य गोत्रीय ज्ञवाली थरको उदय भाएदेखि त्यसको १३औं पुस्तामा ज्ञवाली पर्दछन । पहिलो पुस्ताका प्रथम ब्यक्ति सुमेरु हुन् । सुमेरुका पिता हरिदत्त जुम्लाबाट रिडी आएका र उनैका सन्तान सुमेरुबाट ज्ञवाली थरको उत्पत्ति भएको भन्ने कुरा बंशावलीमा उल्लेख छ । ज्ञवाली-ज्ञह्वाबाट स्थानीय नाम रहन गएको कुरा उल्लेख छ । ग्वादी गाउँ हालको गुल्मी बलेटक्सारमा पर्दछ (शोध नायकबाट प्राप्त जानकारी) ।

उनको वंशावलीको खोजी गर्दा उनी तेह्रौं पुस्तामा पर्दछन् । प्राप्त स्रोतका आधारमा उनको वंशावली सुमेरु ज्ञवालीबाट सुरु भएको देखिन्छ । त्यसपछि शब्दाकर, दामोदर, लक्ष्मीनारायण, विश्वेश्वर, बीरभद्र, नन्दराम, शरिज्यू, शशिधर, तुल्सीराम, भिमलाल

पछिका भक्तिरामका छोरा गुरुदत्त ज्ञवाली हुन् । हरि ज्ञवाली र गोपाल ज्ञवाली उनका भाइहरू हुन् । विजय तथा विनय ज्ञवाली उनका छोराहरू हुन् ।

शोध नायकलाई जानकारी भए अनुसार उनको जन्मसम्म तेह्रौं पुस्ताको नामावली प्राप्त भएको हो । उनी भिमलाल ज्ञवालीका पनाति भक्तिराम ज्ञवालीका छोरा हुन् । उनका विवाहित तीन बहिनी लक्ष्मी, रमा र भगवती रहेका छन् । उनका दुई भाइ हरि र गोपाल ज्ञवाली छन् । विजय तथा विनय ज्ञवाली दुई भाइ छोरा र जेठी बुहारी कल्पना र नातिनी बार्षिका ज्ञवाली रहेको कुरा जानकारीमा आएको छ (शोध नायकबाट प्राप्त जानकारी) ।

### २.१.२ बाल्य काल

कथाकार ज्ञवालीको बाल्यकाल अनौठो प्रकारले बित्यो । उनको भनाइ अनुसार उनी सानैदेखि चकचके स्वभावका थिए । तीन बर्षको उमेरमा आमालाई पछ्याउँदा मकैबारीमा हराउँथे भने कहिले आमासँग पछि लागेर पँधेरा जाँदा बाटो बिराएर उतै हराउँथे । कहिले अम्खोरामा राखेको मटीतेल पानी भनेर खाने उनको स्वभाव थियो । चकचके स्वभावका ज्ञवालीमा आफू नहाँस्ने अरुलाई हसाउँने उल्टो पाल्टो पार्से कुरा बोल्ने र नयाँ तरिकाका भाषा रचना गर्ने कला थियो र छ । जसले गर्दा उनलाई साथीहरू निकै मन पराउँथे । रुख चढ्न खप्पिस उनी छ सात बर्षको उमेरमा आँपको रुखमा चढेको झर्न सकेनन् । अरुले नाम्लो लगाएर झारे । त्यस घटनाले रुख चढ्ने सेखी थोरै कम भयो । तर चढ्न नछोडिएको कुरा बताउँछन् । कहिले बायाँ हातले लेखेकोले हेडसरबाट पिटाइ खान्थे । चराका गुँड खोजेर चरा पोलेर खानु, ढुकुर बल्झाएर थुन्ने उनका रहरका बिषय थिए ।

उरन्ठ्याउला स्वाभावको भए पनि उनले आठ बर्षको उमेरमा भैंसी दुहुन र छ बर्षको उमेरमा भात पकाउन सिकेका थिए । यसको साथै पँधेराबाट पानी बोक्नु, रुख चढेर घाँस काट्नु,  ढिकी कुट्ने, मकै पिस्ने, सुपो केलाउने, छिन्कने र बत्ती कात्नेजस्ता काम सिकेको  कुरा बताउँछन् । उनले घरबाट नै अक्षरारम्भ गरेपनि नियमित पठनपाठनको लागि आठ वर्षको उमेरमा अमर प्राइमरी स्कुल ग्वादीमा भर्ना भएका हुन् (शोध नायकबाट प्राप्त जानकारी) ।

### २.१.३ युवावस्था

वि स २०२९ सालमा कथाकार ज्ञवाली १७ वर्षको उमेरमा कक्षा ७ को पढाइका लागि पिपरा निमावि कपिलवस्तुमा भर्ना भए । सामाजिक, आर्थिक समस्याका कारण कथाकार ज्ञवाली वि स २०३० मा हाइस्कूल पढ्न गुल्मीको जनसहयोग मावि भार्से पुगे । वि स २०३४ सालमा एसएलसी उर्त्तिण गरेका ज्ञवाली वि स २०३५ सालदेखि शिक्षण पेसामा लागे । किशोर अवस्थाबाट यौवनावस्थामा प्रबेश गरे पछि कथाकारको समय जागिर र स्वअध्ययमा केन्द्रित भयो । उनको भनाइ अनुसार उनी घर व्यहारमा  अल्भिनु पऱ्यो । यस अवस्थामा ज्ञवालीले हनुमान उत्रने, लामा हल्लने, आखत हेर्ने, नाडी हेर्ने जस्ता कुरा सिके । त्यसबाट धेरै मनोवैज्ञानिक रहस्यका कुरा सिके । युवा अवस्थामा उनी बामपन्थी राजनीतिको सङ्गतमा परेका कारण गर्दा फुटकर पुस्तक पढ्ने, कथा, कविता  स्तम्भ लेखन कार्यको आरम्भ गरेको बुझिन्छ । खास गरेर उनको यौवनावस्था जागिरमै बितेको उनी बताउँछन् ।

### २.१.४ शिक्षादीक्षा

कथाकार ज्ञवालीको अक्षरारम्भ आप्नै घर र साथीभाइहरूले पढेको सुनेर र देखेर भएको हो । आठ बर्षको उमेरदेखि आफ्नै जन्म स्थान ग्वादीको अमर प्राइमरी स्कुलबाट औपचारिक अध्ययन थालेका हुन् । उनले आफ्नै जन्म स्थान ग्वादीको अमर प्राइमरी स्कुलबाट कक्षा छ सम्मको अध्ययन गरी श्री पिपरा निमावि कपिलवस्तुबाट कक्षा सात सम्मको अध्ययन गरेका हुन् । अध्ययनमा निकै कठिनाइ भोगेका ज्ञवालीले स्नातक तह अध्ययन गरेपनि उपाधि प्रमाणपत्र तहसम्मको लिएका छन् । स्व अध्ययनमा लागेका ज्ञवालीले रुद्री, चण्डी, अग्नीस्थापना, गरुडपुराण, लगायत कर्मकाण्डको समेत राम्रो अध्ययन गरेको उनको भनाइ छ (शोध नायकबाट प्राप्त जानकारी ) ।

### २.१.५ विवाह र दाम्पत्य जीवन

कथाकार गुरु ज्ञवालीको विवाह वि.स २०३७ साल बैसाखमा पाल्पाका घिमिरे परिवारकी शान्ति घिमिरेसँग मागी बिवाह भएको हो । हाल उनका दुई भाइ छोरा छन् । जेठा छोरा विजय  ज्ञवाली एम आइ एस अध्ययनको लागि अष्ट्रेलियामा छन् । उनकी श्रीमती कल्पना र छोरी बार्षिका समेत अष्ट्रेलियामा छन् । कान्छा छोरा विनय पोखरा

विश्वविद्यालयबाट सिभिल इन्जिनियर पुरा गरी रुपन्देहीमा उनीहरूसँगै छन् । उनको पारिवारिक जीवन राम्रो रहेको छ (शोध नायकबाट प्राप्त जानकारी ) ।

### २.१.६ रुचि र स्वभाव

घुमफिर गर्ने, समाज सेवा गर्ने नयाँ ठाउँ हेर्ने, ईन्टरनेटमा सोधखोज गर्ने, फेसबुकमा नयाँ साथी बनाउन रुचाउने गुरु ज्ञवाली हँसिला तर खरो स्वभावका छन् । जब उनको जीवनमा दुःख पर्छ तब लेखन कार्य तीब्र हुँदै जाने अचम्मको स्वभाव छ । समाजमा जे देख्छन् वा भोग्छन् सबै विषयमा कलम चलाउँछन् । स्वास्थ्य, शिक्षा, प्रविधि, राजनीति, कथा, उपन्यास, कविता, गीत, लोकगीत, संस्कृति, भूगोल, कृषि, अन्य विचार, धर्म तथा मनोवज्ञिानका विषयमा समेत कलम चलाउने उनको रुची छ । राम्रा पुस्तक पढ्ने, आफूले पढेका पुस्तकका बारेमा बहस चलाउने तथा समालोचना गर्ने कार्य उनको तीब्र रुचिभित्र पर्दछ । उनी सधैजसो कविता, गीत र व्यङ्ग्यात्मक लेख रचना लेखनमा समय खर्चन्छन् । पत्रकारिता र स्तम्भ लेखन यिनको अर्को रूचिको विषय हो । उनी सधै सक्रिय रूपमा समय बिताउन चाहन्छन् ।

उनी सामान्य नेपाली खाना खान र सामान्य पहिरनमा हिड्न रुचाउँछन् । उनी आफूलाई नेपाली साहित्यका रचना मन पर्ने बताउँछन् । उनी आफुलाई प्रगतिशील धारको मान्छे भन्न रुचाउँछन् । अरुका कुरा सुन्ने र चित्त नबुभ्ने कुराको तुरुन्तै उत्तर दिने उनको बानी छ (शोध नायकबाट प्राप्त जानकारी ) ।

### २.१.७ पेशागत संलग्नता

वि.स २०३४ सालमा दोस्रो श्रेणीमा प्रवेशिका परीक्षा उर्तीण गरेपछि ०३५ सालदेखि जनता निमावि, पिपरा कपिलवस्तुमा शिक्षकको जागीर पाएका हुन् । तर लगत्तै उनी कपिलवस्तुकै गौरी भवानी प्रा बि, भक्तौलियामा प्र अ को रुपमा रहे । त्यसपछि २०३८ माघ देखि चैतसम्म त्यो बेलाको श्री ५ को सरकारको जिल्ला कृषि कार्यालय अन्तर्गत धनगढीमा खरिदार पदमा रहे । तीन मात्र महिना खरिदार भएका उनी २०३८ चैत ४ देखि २०६२ श्रावण २२ सम्म राष्ट्रिय बाणिज्य बैंकमा लेखा फाटमै व्यस्त रहे । लेखा क्षेत्रमै राम्रो अनुभव बटुलेका उनले फेरि २०६२ चैत देखि २०६७ मार्गसम्म रेडियो लुम्बिनीमा लेखा तथा प्रशासन प्रमुखको जिम्मेवारी सम्हाले । त्यहाको पाँच वर्षे जिम्मेवारी पछि उनी २०६७ चैत देखि २०६८ मंसीरसम्म लुम्बिनी मेडिकल कलेज पाल्पामा लेखा अधिकृत भएर काम गरे ।

पत्रकारीता क्षेत्रबाट लेखन कार्य शुरु गरी साहित्यिक क्षेत्रमा प्रवेश गरेका ज्ञवाली अहिले जागीरे पेशाबाट अवकाश लिएका छन् । अहिले उनी "सैनामैना राष्ट्रिय दैनिक" बुटवल नामको पत्रिकामा स्तम्भ लेखन गर्नुका साथै सामाजिक सँघ संस्थामा कतै कोषाध्यक्ष त कतै संयोजक र अध्यक्ष पदमा रहेर सेवा गर्दै आएको बताउँछन् । समाज सेवाको साथै साहित्य साधनामा तल्लिन उनी साहित्यका कथा, कविता, निबन्ध उपन्यास जस्ता विधामा कलम चलाउँछन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.१.८ आर्थिक अवस्था

कथाकार ज्ञवालीको परिवार सामाजिक रुपमा हेर्दा जस्तो देखिए पनि आर्थिक रूपमा निम्न वर्गीय हो । औसतमा निर्वाहमुखि परिवार हो । उनका बुबा बिवाहपूर्व कैलाली जिल्लाको भजहनी भन्सारमा त्यो बेलाको बहिदार र मुखिया हुँदै राइटरसम्म भएकोले कैलालीमै १५।१६ बिघा जग्गा जोडेका थिए । तर उनले उक्त जग्गा, पैसा सामाजिक, धार्मिक क्षेत्रमा खर्च गरेर सकाएको कारणले परिवारमा आर्थिक समस्या पर्न गयो । तर उनलाई खानको दुख नभएपनि लगाउनको दुख थियो । उनले खुट्टामा जुत्ता चप्पल लगाएको कक्षा आठमा पढ्दाताका हो । उनी कक्षा दस पढ्दासम्मै टेर्लिङको सर्ट र हाफ् पाइन्टमा स्कुल जान्थे । टालेका लुगा लगाएर रमिता हेर्न जान्थे । त्यसैले उनी आफ्नो परिवारलाई निम्न मध्यम वर्गीय भन्न रुचाउँछन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.२ निष्कर्ष

वि सं २०१३ साल माघ १९ शुक्रबारको दिन गुल्मी जिल्ला, ग्वादी गाविस वडा नं. ४ तल्लो ग्वादीमा जन्मेका ज्ञवाली पाँच बर्षको उमेरमै अमर प्राइमरी स्कुल ग्वादीमा औपचारिक शिक्षाको ढोका खोलेता पनि बहिनीको धरालो गर्नु पर्ने कारण पछि आठ वर्षको उमेरदेखि औपचारिक शिक्षाले निरन्तरता पाएको हो । माता जानकी ज्ञवाली र भक्तिराम ज्ञवालीका तीन छोरा मध्ये जेठा छोरा हुन् ।

बाल्यकालदेखि नै संघर्ष गर्दै आएका ज्ञवाली सङ्घर्षबाट आफ्नो पहिचान स्थापित गरेका छन् । प्रवीणता प्रमाण पत्र तहसम्मको अध्ययन पुरा गरेका उनले स्नातक र स्नातकोत्तरको उपाधि हासिल नगरेपनि स्वअध्ययन र साहित्य लेखनलाई निरन्तरता दिएकै छन् । वि.स २०३४ सालमा एसएलसी उर्तिण गरेलगत्तै २०३५ सालदेखि जनता नि.मा.वि, पिपरा कपिलबस्तुमा शिक्षण पेशामा संलग्न भएका ज्ञवालीले २०३७ साल बैशाखमा

पाल्पाका घिमिरे परिवारकी शान्ति घिमिरेसँग विवाह बन्धनमा बाँधिन पुगे । जीवनको ५९ औं वसन्त पार गरेका ज्ञवालीको परिवार सुखमय वातावरणमा अगाडि बढिरहेको छ । हाल उनका दुई जना छोरा, बुहारी र नातिनी सहितको  परिवारमा सबै सदस्यहरू सरल, भद्र, र सादगी जीवन बिताइ रहेका छन् ।

शुरुमै शिक्षक पेसा सुरु गरेका ज्ञवालीले करिब पाँच वर्षमात्र सोही पेसामा आवद्ध भएर काम गरे । गुरुदत्त ज्ञवाली वि.स. २०३८ -२०६८ सम्म सरकारी र नीजि क्षेत्रमा कहिले प्रशासन प्रमुख त कहिले लेखा प्रमुख जस्ता पदीय जिम्मेवारी पुरा गरेका छन् । जागीरे जीवनबाट अवकाश लिएका उनी हाल अध्ययन अध्यापनका अलावा सामाजिक सेवामा आफ्नो समय खर्चन चाहन्छन् । सामाजिक रुपमा हेर्दा सम्पन्न देखिए पनि आर्थिक रूपमा उनको परिवार निम्न वर्गीय हो । बाल्यकालमा सङ्घर्षपूर्ण जीवन बिताउन परेपनि हाल उनको सानो र छोटो सुखद परिवार रहेको छ । उनी समाजमा केही न केही गरिरहने एक कियाशील व्यक्तित्व हुन् ।

# परिच्छेद : तीन

## गुरुदत्त ज्ञवालीको व्यक्तित्व

### ३.१ गुरुदत्त ज्ञवालीको व्यक्तित्व

कुनै पनि व्यक्तिको जीवनमा भएका विभिन्न पक्षहरूले नै व्यक्तित्वको निर्माण गर्दछ । मानिसको व्यक्तित्व उसको जीवनमा आइपर्ने आरोह अवरोह, वेदना, हर्ष, तथा प्रतिकियाबाट निर्धारित भएको हुन्छ । वास्तवमा व्यक्तित्वको अभिप्राय आफूले आफ्ना स्वरूपलाई स्थापित गर्नु हो । यसका साथै व्यक्तित्व निर्माणमा पारिवारिक, सामाजिक, आर्थिक, सास्कृतिक शैक्षिक तथा वातावरणीय प्रभावले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । मानिस उसको परिवेशसँग घुलमिल भइ सोही अनुरुप विभिन्न पक्षको ज्ञान आर्जन गर्दछ र सोही पक्षलाई आत्मसात् गरी आफू सामाजिक कृयाकलापमा सरिक हुन्छ । यिनै विभिन्न पक्षहरूले उसको व्यक्तित्व निर्माण हुन्छ । व्यक्तित्व निमार्णमा मानिसको जीवन भोगाइको क्रममा देखा परेका घटना, क्रिया प्रतिक्रियाले सहयोग पुऱ्याएको हुन्छ ।

मानिसको व्यक्तित्वलाई साहित्यक र साहित्येतर व्यक्तित्व गरी दुई भागमा हेर्ने गरिन्छ । साहित्यक व्यक्तित्व भन्नाले उसको साहित्यिक क्षेत्रसँग सम्वन्धित पक्षलाई बुझिन्छ । साहित्येतर व्यक्तित्व भन्नाले नितान्त आफूसँग, समाजसँग सम्बन्धित भएको वा सामाजिक कृयाकलाप र पेशासँग सम्बद्ध व्यवहारलाई बुझिन्छ । व्यक्तिको शारीरिक बनोट, आकार प्रकार, रुचि पेशाले साहित्येतर व्यक्तित्वलाई प्रतिनिधित्व गर्दछ भने साहित्यक लेखनको सन्दर्भमा चिनिएको व्यक्तित्व साहित्यक व्यक्तित्व हो । साहित्यिक क्षेत्रका कविता, कथा, निबन्ध, उपन्यास, समालोचना, स्तम्भ, नाटक, मुक्तक, गजल आदि विधाहरूमा योगदान गर्ने व्यक्तित्व साहित्यिक व्यक्तित्व हो । सामाजिक कार्यमा योगदान गर्ने व्यक्तित्व साहित्येतर व्यक्तित्व हो ।

नेपाली साहित्यका साहित्यकार गुरुदत्त ज्ञावलीको विविध पाटाहरूलाई अध्ययन गरी साहित्यिक र साहित्येतर दुई व्यक्तित्वलाई निम्न लिखित शिर्षक उपशीर्षकमा छुट्टयाएर राखिएको छ ।

## ३.२ साहित्यिक व्यक्तित्व

साहित्यको कुनै पनि क्षेत्र (कथा, कविता, निबन्ध, उपन्यास आदि) मा कलम चलाउने व्यक्ति साहित्यिक व्यक्तित्व हो । साहित्यको साधना गर्ने व्यक्ति साहित्यिक व्यक्तित्व हो । साहित्यको साधना गर्ने ज्ञवालीले पनि साहित्यिक क्षेत्र अन्तर्गत कथा, कविता, निबन्ध, उपन्यास र स्तम्भ विधामा कलम चलाउँदै आएका छन् । समाजमा रहेको विकृति विसङ्गतिलाई नडराई जस्ताको त्यस्तै उतार्ने कडा समाआलोचक तथा साहित्यकार ज्ञवालीले छोटा र मार्मिक कथा लेखेको पाइन्छ ।

### ३.२.१ कथाकार व्यक्तित्व

सानैदेखि (करिव १० वर्ष देखि) गीति कविता, लोकगीत जस्ता क्षेत्रबाट लेखन कार्य शुरु गरेका ज्ञवालीका रचनाहरू विद्यालयका वार्षिक कार्यक्रममा वाचन हुन्थे । खप्तड सन्देश (धनगडीबाट निस्कने) साप्ताहिकमा छापिएको "नमरेको मान्छे" शीर्षकको कथाबाट औपचारिक कथा लेखनको शुरुवात गरेका उनका हाल एउटा कथा संग्रह"बोक्सिनी आमा" ( २०७१) प्रकाशित छ । तेह्रवटा कथाहरूको यो सङ्ग्रहमा हौडे,(२९ चैत्र शनिबार २०५४) बिहेको सोफा (२०५४) , भैरान्थानको रोट ((२०६४), छुर्मुखा (२०५४ माघ), मेरो पोइ मुर्दावाद (२०६४), बाको चौरासी पूजा (२०६५), बोसिनी आमा (२०६५ जेठ), लेखनाथकी कान्छी दुलही भाग १ र २ (२०६७ जेठ), गाउरी (जेठ, २०७०), हराएको छोरो (१९ मंसीर २०७०), बुकुनी (२४मंसीर, २०७०), देविनी (९पुस, २०७०), छुर्मुखा (२८ फाश्रगुन, २०७०) जस्ता कथाहरू रहेका छन् । त्यस्तै प्रकाशोन्मुख कथा **सुहागरातकी आमा** कथामा श्रीमता, बठनियाँ, कोल्टे सिउँदो, बा, बाचस्पति बा, फरिया साहेब, पोइकी आमा, दोस्रो बिहे, शर्माजी, हिरामान र कम्प्युटर, बाउको ऋण, मै मरेको समाचार, हेपिएकी आमा, प्रेम जस्ता कथा छन् ।

**मुख्खेनीको मसान कथा सङ्ग्रहमा** मुख्खेनीको मसान, प्रमोशनको धुन, कन्ने केटी, नेताजीको फोन, बसभित्रको पिरति, आइ लभ यु, फाटेको मोजा, राधा र अनुराधा, असमति, फेसबुक छोरो, जोइटिंग्रे जस्ता एघार वटा कथा रहेका छन् ।

नेपाली समाजका यथार्थ प्रस्तुति छन् । उनले नजिकैबाट आफूले देखे - भोगेका र सुनेका घटनालाई टिपेर कथाको रूप दिएका छन् । उनका कथामा सरल भाषाशैलीको प्रयोग भएको छ । परिवेश आफ्नै गाउँ (गुल्मी, कैलाली, रुपन्देही) समाज रहेको छ । पहिलो

प्रकाशित कथा संग्रह **बोक्सिनी आमा** मा रहेका १३ वटा कथाहरू विचार र दृष्टिकोणका हिसाबले प्रगतिशिल चेतना र चिन्तनबाट प्रेरित भएको पाइन्छ, समाजका विकृतिका प्रति आलोचनात्मक दृष्टिकोण राख्छन् । यस सङ्ग्रहका अधिकाशं कथाहरूमा स्थानीय बोलीचालीको भाषा प्रयोग भएको छ । जस्तै गाउरी (गाग्री), भैरानथानको रोट (भैरवथान) स्थानीय परिवेशको चित्रण र गरीबी अवस्थाको चित्रण गरेको पाइन्छ । तृतीय कथन शैलीमा उनका कथाहरू भएका रचिएका छन् ।

### ३.२ .३ कवि व्यक्तित्व

करिब दश वर्षको उमेरदेखि लोक गीत र गीति कविता रचना गर्ने गरेका ज्ञवालीका उक्त रचनाहरू प्रकाशन हुन नपाए पनि विद्यालयका वार्षिक कार्यक्रममा वाचन हुने गर्थे । जहाँ जे जस्तो देख्यो त्यसैलाई तुरुन्तै कवितामा रचना गर्ने खुबी भएका ज्ञवालीको पहिलो कविता “कलम” वि.सं. २०४४ मा “धनगढीबाट प्रकाशित खप्तड साप्ताहिक” मा प्रकाशन गरिएको थियो । यसैबाट उनको औपचारिक कविता लेखनको सुरुवात भएको हो । उनका कवितामा देश र समाजको अवस्था, राष्ट्र र राष्ट्रियताका भाव भरिएका पाइन्छन् । उनको प्रकाशोन्मुख कविता संग्रह **केहि तिता मन केहि मिठा मन** मा रहेका अन्ठाउन्न वटा कविताहरू सबै देशप्रेमले भरिएका छन् । कवितामा भाषा शैली सरल, हुनुको साथै बिम्ब र प्रतीकहरूको पनि प्रयोग पाइन्छ ।

### ३.२.४ निबन्धकार व्यक्तित्व

कथा, कविता विधा बाहेक उनले निबन्ध विधामा पनि कलम चलाउने गरेका छन् ? उनले अलि फरक शैलीमा निबन्ध लेख्ने गरेको पाइन्छ । उनका निबन्धहरूमा समसायमयिक समाजका विकृति, शासक वर्ग र राजनीतिक दल र उनका नेताहरूप्रति तिखो व्यङग्य गरेको पाइन्छ । विशेष गरेर उनका निबन्धहरू ७० को नजिकदेखि लेखिएका हुन । उनका प्रकाशोन्मुख निबन्धहरू वेबसाइटमा सीमित छन् । उनको पहिलो निबन्ध “तन्त्रमन्त्र, चमत्कार र मनोविज्ञान (४ माघ ०७०) राम्री मान्छको अर्थ, माण्डव्यदेखि ज्ञवालीसम्म, कमलराज रेग्मीका कमजोरीहरू, दगौरा थारु उत्पत्ति विकास तथा सभ्यता जस्ता अन्य निबन्धहरू पनि इ-बुकको रूपमा रहेका छन् ।

### ३.२.५ स्तम्भकार व्यक्तित्व

साहित्यिक विधा बाहेक उनले स्तम्भ लेखन कार्य पनि जारी राखेको पाइन्छ । दैनिक रुपमा नियमित स्तम्भ नलेखे पनि विशेष अवस्था वा रुची भएको समयमा लेख्ने गर्दछन् समाज तथा देशको अवस्था र परिस्थिति अनुरुप कहिलेकाही दैनिकरुपमा ३/४ वटा सम्म पनि स्तम्भ लेख्ने गर्दछन् । उनका स्तम्भ मध्येबाट केही स्तम्भहरूः के छ खबर, हाम्रो राजनीतिक चिन्तनधारा र राजतन्त्र, भ्रष्टचार नेपालीको संस्कार त होइन ? लगायतका यी रहेका छन् । थुप्रै स्तम्भहरू उनकै वेबससाइटमा ई-बुकको रूपमा सीमित छन् ।

### ३.३ साहित्येतर व्यक्तित्व

कुनै पनि व्यक्तिको नीजि व्यक्तित्वलाई साहित्येत्तर व्यक्तित्व भनिन्छ । साहित्यकार गुरुदत्त ज्ञवालीले साहित्यका अतिरिक्त अन्य क्षेत्रमा पनि आफ्नो व्यक्तित्व प्रदर्शन गरेका छन्

### ३.३.१ जागिरे व्यक्तित्व

अध्ययन क्रममा सधै पहिलो श्रेणी र प्रथम स्थान हासिल गर्ने कथाकार ज्ञवाली वि.स २०३४ सालमा दोस्रो श्रेणीमा उतीर्ण भएपछि २०३५ साल देखि नै जनता नि.मा.वि, पिपरा कपिलबस्तुमा शिक्षण पेशा अंगाले । तर लगत्तै उनी कपिलवस्तुको गौरी भवानी प्रा.वि भक्तौलियामा प्र.अ भएर गए । शुरुमै शिक्षकबाट पेशा शुरु गरेका ज्ञवाली त्यहाँ धेरै समय रहेन्न् । वि.स. २०३८ माघ देखि शिक्षण पेशा छोडी जिल्ला कृषि कार्यालय धनगढीमा खरिदार पदमा जागिरे भए ।

यस समयदेखि सरकारी जागिरमा प्रवेश गरेका ज्ञवालीले कहिले सरकारी कार्यालय त कहिले सरकारी बैंक र सामुदायिक संञ्चार क्षेत्रमा प्रशासनिक र लेखाफाँटमा धेरै वर्ष बिताए वि.स २०३८ चैत्र ४ देखि २०६२ श्रावण २२ सम्म राष्ट्रिय वाणिज्य बैंक लेखा फाँटमा व्यस्त रहे । केही महिला स्वतन्त्र रहेका ज्ञवालीलाई त्यतिकै बस्न उनको मनले मानेन । फेरि वि.स २०६२ चैत्रदेखि वि.स. २०६७ मंसिरसम्म रेडियो लुम्बिनीमा लेखा तथा प्रशासन प्रमुखको रुपमा काम गरे । त्यहाँको पाँच वर्षे अपधिपछि उनी २०६७ देखि २०६८ मंसिरसम्म लुम्बिनी मेडिकल कलेज पाल्पामा लेखा अधिकृत भएर रहे । विभिन्न क्षेत्रका कामको अनुभव बटुलेका ज्ञवाली २०६८ को अन्त्यदेखि जागिरे पेशाबाट पूर्ण अवकाश लिई हाल विभिन्न सामाजिक संघ संस्थामा पदीय दायित्व बहन गरी पूर्ण समाज सेवामा लागेको कुरा अवगत भएको छ । (शोधनायकसँगको कुराकानीमा आधारित)

### ३.३.२ बौद्धिक व्यक्तित्व

सामाजिक रुपमा मध्यम परिवारमा जन्मे पनि आर्थिक रुपमा भने निम्न परिवारका ज्ञवालीमा खानदानी र बौद्धिक परिवारका व्यक्तिहरूमा हुने बौद्धिक क्षमता रहेको पाइन्छ । समाजमा देखिने विकृति र विसङ्गतिका बारेमा निर्धक्क ढङ्गले बहस गर्नुको साथै कलम समेत चलाउँछन् । आफूमा भएको ज्ञान सजिलै अरुलाई पनि सहजै दिने बानी भएका ज्ञवालीमा मन नपर्ने कुरा तुरुन्तै जवाफ दिने गर्छन । सकारात्मक सोच भएका ज्ञवालीको बौद्धिक क्षमता र प्रेरणादायी स्वभावले जो कोही पनि सजिलै प्रभावित हुन्छन् । साहित्य लेखनमा राम्रो रुची राख्ने उनी प्रविधिसँग खेल्न पनि उत्तिकै मन पराएको पाइन्छ । उनका अप्रकाशित र विभिन्न पत्र पत्रिका र स्मारिकामा प्रकाशित कृतिहरू आफ्नै वेबसाइटमा www.gurugyawali.com_ हामी हेर्न र पढ्न समेत सक्दछौं ।

### ३.३.४ राजनीतिक व्यक्तित्व

गुरूदत्त ज्ञवाली वामपन्थी राजनीतिक विचारधारासँग नजिक रहेको देखिन्छ । करिब तीस वर्षसम्म शिक्षण पेशा र प्रशासनिक सेवामा रहेका ज्ञवालीको राजनीतिक व्यक्तित्वको प्रारम्भ जागिरेकालबाट र स्तम्भ लेखनको क्रममा बढी भएको बुझिन्छ । राजनीतिक विसङ्गतिप्रति सधै कटाक्ष गर्ने ज्ञवालीले २०६२/२०६३ को जनआन्दोलनका क्रममा पनि योगदान गरेको बुझिएको छ । निरङ्कुश राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनाको पक्षमा जनघोष मासिकमा आफ्ना स्तम्भ लेखनमार्फत अभिव्यक्ति सार्वजनिक गर्दै आएको बताएका छन् । गणतन्त्रका पक्षपाति ज्ञवालीले राजा ज्ञानेन्द्रको शासन कालमा केही समय हिरासतमा यातना र हैरानी बेहोर्नु परेको कुरा उनी बताउँछन् ।

### ३.३.४ निष्कर्ष

मानिसको व्यक्तित्व उसको जीवनमा आइपर्ने आरोह अवरोह उतार चढाब, पीर, वेदना, खुसी तथा विभिन्न कियाप्रतिकियाबाट निर्धारित भएको हुन्छ । कुनै पनि व्यक्तिको समग्रताको जानकारी प्राप्त गर्नका लागि उसको व्यक्तित्वको सर्वाङीण अध्ययनको आवश्यकता पर्छ । व्यक्तिले जीवनमा आफूले गर्ने नीजि व्यवहारसँग सम्बन्धित व्यक्तित्व नै हो । सामुहिक व्यक्तित्वका सूचनाका लागि पनि उसको आफ्नो व्यक्तित्वको पहिचान आवश्यक हुन्छ । हेर्दा निकै फुर्तिलो देखिने उनी सामान्य उचाइका छन् भने श्यामस्वेत वर्णका ज्ञवाली ठिक्क कदका शारीरिक व्यक्तित्व भएका व्यक्ति हुन् । देख्दा हठ्ठी स्वभावका

देखिएपनि उनी असल शील स्वभाव र आचरणका छन् । उनी साहित्यमा छोटा मिठा  कथा कविता र रचना गर्न मन पराउँछन् । उनी साहित्यमा कथालाई उत्कृष्ट मान्दछन् । साहित्यमा विशेष गरी कथा, कविता, स्तम्भ,उपन्यास, निबन्ध लेखनमा कलम चलाउने सामाजिक विकृति विसङ्गतिका विरुद्ध खरो रूपमा उत्रने गर्दछन् । उनी अध्ययन अध्यापनमा आफ्नो समय खर्चन चाहन्छन् । उनी समाजमा केही न केही गरिरहने एक चलायनमान व्यक्तित्व हुन् । उनको साहित्येतर व्यक्तित्वका विविध पाटाहरुमध्ये जागिरे व्यक्तित्व महत्वपूर्ण देखिन्छ । जीवनको अधिकांश समय जागिरे पेशामा संलग्न उनी आफ्नो पेशामा निकै कर्तव्यनिष्ट देखिन्छन् भने उत्तिकै सन्तुष्ट पनि छन् । विचार र चिन्तनका पक्षमा भने उनको झुकाब र सकृयता वामपन्थी राजनीतिमा रहेको छ । उनी घरपरिवार तथा इष्टमित्रका सामु एक असल र कर्तव्यनिष्ट सदस्यका रूपमा परिचित छन् ।

. परिच्छेद : चार

# गुरुदत्त ज्ञवालीको कृतित्व

## ४.१ विषय प्रवेश

साहित्यका विविध विधामा कलम चलाउने साहित्यकार गुरूदत्त ज्ञवालीको नेपाली कथाका क्षेत्रमा महत्वपूर्ण स्थान रहेको छ । उनी नेपाली साहित्यको कथा विधामा सक्रिय छन् । तापनि उनी अन्य विधामा पनि उत्तिकै सक्रिय छन् । नेपाली साहित्यमा योगदान पुऱ्याउने ज्ञवालीको कृतित्वको यसरी अध्ययन गर्न सकिन्छ ।

## ४.२ कथाकार गुरुदत्त ज्ञवालीको कथाकारिता

सामाजिक यथार्थवादी कथाकार गुरुदत्त ज्ञवालीले करिव १० वर्षका उमेरदेखि गीति कविता, लोकगीत जस्ता क्षेत्रबाट लेखन कार्य शुरु गरेका हुन । ज्ञवालीका यी रचनाहरू विद्यालयका वार्षिक कार्यक्रममा वाचन हुने गरेको बुझिन्छ । वि.स २०४४ मा धनगढीबाट निस्कने खप्तड साप्ताहिकमा छापिएको “नमरेको मान्छे” शीर्षकको कथाबाट औपचारिक कथा लेखनको शुरुवात भएको कुरा कथाकारको भनाइबाट प्रस्ट हुन्छ । त्यस समयदेखि कथा लेखनको प्रयास गरेपनि लेखा सम्बन्धि काममा व्यस्त हुनु परेको कारण लेखन कार्यमा पर्याप्त समय दिन नसकेको उनको भनाइ छ । २०५० सालदेखि कथा लेखनमा तीब्रता आए पनि २०५४ सालमा मात्र हौडे कथाले **लुम्बिनी** दैनिकमा प्रकाशन हुने मौका पाएको हो जुन बोक्सिनी आमामा समावेश गरिएको छ ।

कथाकार गुरुदत्र ज्ञवालीको २०५४ सालमा लेखिएको कथा हौडेदेखि २०७० मा लेखिएको छुर्मुखा सम्मका तेह्रवटा कथाहरू बोक्सिनी आमा कथा सङ्ग्रहमा सङ्कलित गरिएका छन् । यस सङ्ग्रहले प्रकाशन हुने मौका पाएको छ । उनका सबै कथा उस्तै लागेकोले यो सङ्ग्रह प्रकाशित भएर पाठकको हातमा पुगेपछि कस्ता सुझाव र सल्लाह आउँछन् भन्न प्रतीक्षमाा उनी थिए । समीक्षकहरू शिव प्रसाद पौड्याल (२०७१), **बाबुराम भट्टराई (२०७१) का** समीक्षाका आधारम कथाले पछिल्लो समयमा गुणात्मक रूपले निकै फड्को मारेको देखिन्छ । अर्को कथा सङ्ग्रह **मुख्खेनीको मसान र सुहाग रातकी आमा** प्रकाशनको पर्खाइमा रहेको भनाइ कथाकारको रहेको छ । यी सङ्ग्रहका सबै कथाहरू सम्पूर्ण पाठकका मनोविज्ञानलाई ख्याल गरी लेखिएको छ भन्ने उनको भनाइ छ ।

समय परिवर्तन हुँदै जाँदा कथाकारको कथाको स्वरुप वा चिन्तन पनि परिवर्तिन हुँदै गएको बुझिन्छ । विज्ञान र प्रविधिको विकाससँगै उनका कथाहरूले अप्रकाशित भएपनि वेबसाइटमा अटाउने मौका पाउनुका साथै पाठकसम्म पुगेका छन् । यसले गर्दा कथाकारलाई पाठकका प्रतिक्रिया र सुझाव निरन्तर प्राप्त गर्ने अवसर मिलेको छ । सारमा भन्नु पर्दा समय र परिवर्तनका हिसाबले उनका सम्पूर्ण कथाहरू सामाजिक यर्थाथवादी र प्रगतिवादी भएको पाइन्छ ।

## ४.३ कथा विश्लेषणका आधारहरू

### ४.३ .१ विषय प्रवेश

कथा विधा साहित्यका विधामध्ये महत्त्वपूर्ण एक विधा हो । परापूर्वकालमा लोक कथाका रूपमा चमत्कारिक र अलौकिक विषयवस्तुमा आधारित कथाहरू एक आपसमा भन्ने र सुन्ने सुनाउने क्रममा दन्त्य कथाका रूपमा प्रचलित हुँदै आएको हो । आधुनिक कालमा आउँदा कथा सैद्धान्तिक संरचनामा विकसित भैसकेको छ । प्रस्तुत परिच्छेदमा कथाको विधागत परिचय दिदै कथा विश्लेषणको आधारको रूपमा रहेका आवश्यक कथातत्त्वहरूको संक्षिप्त वर्णन गरिएको छ । कथातत्त्वहरूमा कथानक, पात्र र चरित्र चित्रण, परिवेश, भाषाशैली, विचारतत्त्वलाई बाह्य तत्त्वको रूपमा वर्णन गरिएको छ । उद्देश्य र सारवस्तु आन्तरिक तत्त्व भएकाले उल्लेख गरिएको छैन । यसै पर्याधारका आधारमा ज्ञवालीको कृतिको कृतित्व निरूपण गरिएको छ

### ४.३.२ कथाको परिभाषा, लक्षण र स्वरूप

साहित्यका विभिन्न विधाहरूमध्ये कथा आख्यानात्मक गद्य साहित्य हो । कथा कथाकारको कथानकमा अडेको घटनाको वृतान्त हो । गद्य भाषाको किस्सा तथा पात्र प्रधान वा कथात्मक निबन्धको समीकरणबाट वास्तवमा आधुनिक कथा विधाको जन्म भएको हो (श्रेष्ठ, २०५७ : ७) ।

कथा सर्जकको अतिरञ्जित वा सामाजिक यथार्थको भोगाइबाट परिकल्पित त्यस्तो संरचना हो जुन गद्य रूपमा प्रकट भई वस्तुवृतान्तलाई एउटा शृङ्खलामा व्यवस्थित रूपमा प्रकट गर्दछ । कथा बन्नका लागि चाहिने तत्त्वहरू अर्थात् कथा संरचनाका महत्त्वपूर्ण घटकहरू जस्तै, कथानक, पात्र, परिवेश आदिले यसको पूर्णत निर्माणको कार्य गर्दछन् (श्रेष्ठ, २०५७) । कथाका बारेमा परिभाषा दिने पहिला व्यक्ति अमेरिकी कथाकार एडगर एलेन पो हुन् । पो का अनुसार “कथा एक बसाइमा पढिसकिने सानो तर आफैंमा पूर्ण कथात्मक

रचना हो जसको सिर्जना एकल प्रभाव उत्पन्न गर्नका निम्ति गरिन्छ र त्यस प्रभावमा बाधा पार्ने कुराहरू हटाइएको हुन्छ" (बराल र एटम, २०६४ : ४) । एच.जी. वेल्सको भनाइमा "पन्ध्रदेखि पचास मिनेटसम्म पढिसकिने, आल्हादपूर्ण कथायुक्त, मर्मस्पर्शी र हृदयद्रावक एवं कौतूकपूर्ण प्रस्तुति भएको आख्यानात्मक रचना कथा हो" (बराल र एटम, २०६४ : ४) ।

आधुनिक कथाकार गुरूप्रसाद मैनालीको भनाइमा "कुनै एउटा पात्रको जीवनको सङ्कटमय घटनालाई कलापूर्ण रीतिले लेख्नु नै कथाको रचना हो"(श्रेष्ठ, २०५७ : ७) । उपर्युक्त परिभाषाहरूका आधारमा के भन्न सकिन्छ भने वास्तवमा कथा भन्नु नै स्वयम् कथाकारको विचार, धारणा वा अनुभूतिको मूर्त अभिव्यक्ति वा प्रस्तुति हो ।

### ४.३.२ कथाका तत्त्वहरू

कथाको निर्माण जुन कुराबाट हुन्छ ती ती वस्तु वा कुरालाई नै तत्त्व भनिन्छ अर्थात् अनिवार्य सामग्री नै कथाका तत्त्वहरू हुन् । यसका सम्बन्धमा विभिन्न विद्वान्हरूले फरक फरक अवधारणाहरू प्रस्तुत गरेका छन् । मूलतः कथानक वा कथावस्तु, चरित्र, दृष्टिविन्दु, भाषाशैली, परिवेश, उद्देश्य वा विचार कथाका तत्त्वहरू हुन् । मुख्यतया कथाका लागि छ ओटा आवश्यक तत्त्व मानिएका छन् । ती तत्त्व हुन्- (१) कथावस्तु, (२) पात्र, (३) संवाद, (४) भाषा-शैली, (५) वातावरण र (६) उद्देश्य (थापा, २०६६ : १४६) । मूलतः यिनै तत्वका आधारमा कथाको रचना हुने गर्दछ ।

विकसित समालोचनाशास्त्र (नयाँ समालोचना) अनुसार कथाको शरीर र रचना विधानलाई यसरी दुई खण्डमा विभाजन गरिएको छ- संरचना र रूपविन्यास संरचना अन्तर्गत कथानक, पात्र, परिवेश र सारवस्तु (उद्देश्य) पर्दछन् भने रूपविन्यास अन्तर्गत, पदविन्यास, बिम्बविधान, व्यङ्ग्य, प्रतीक, अलङ्कार आदि तत्त्वहरू रहेका हुन्छन् (श्रेष्ठ, २०५७ : ९) । यिनै तत्त्वको कलात्मक उपयोगबाट कथाको रचनाविधानले पूर्णता पाउँछ । अगाडि कथा विश्लेषणको आधारका लागि संक्षिप्त कथाका तत्त्वहरूको संक्षिप्तमा अध्ययन गएिको छ । उपर्युक्त अध्ययनलाई आधार मानेर यस शोधका सन्दर्भमा कथानक, पात्र र चरित्र चित्रण, परिवेश, दृष्टिविन्दु, भाषशैली र विचारतत्त्वलाई आधार मानी यस सङ्ग्रहका कथाहरूको विश्लेषण गरिएको छ ।

### ४.३.२.१ कथानक

कथावस्तुलाई कथाको पहिलो महत्वपूर्ण तत्वका रूपमा लिइन्छ । यसलाई पारिभाषिक शब्द चयनका क्रममा कथानक, वस्तुविन्यास र विषय पनि भनेको पाइन्छ । विना वस्तु वा विना विषय कुनै पनि कथाको रचना हुन सक्दैन् । चारित्रिक कार्य व्यपारको स्वरूप अर्थात् कथावस्तुमा प्रारम्भ, मध्य, अन्त्यको निर्वाहा गर्न सक्षम परस्पर सम्बन्ध र अर्थयुक्त घटनाहरूको क्रमिक अनुबन्धनका रूपमा कथानकलाई हेरिएको पाइन्छ (शर्मा, २०५९ : ५६) । कथाकारले आफ्नो जीवन भोगाई र टोकाईलाई भाषिक कलाको माध्यमबाट कल्पनाको सहायताले एउटा विषय निर्माण गर्दछ, त्यही नै कथाको कथानक हो । कथावस्तुचाहिँ घटनाहरू समाहित गरिएको एउटा त्यस्तो रूपाधार (फ्रेमवर्क) हो जसमा बौद्धिक र कलात्मक किसिमले घटनाहरू नियोजित गरिएका हुन्छन, (श्रेष्ठ, २०५९ : ११) ।

कथानकको तत्वको चर्चा गर्ने क्रममा हिन्दी समालोचक त्रिगुणयतले आदि, मध्य र अन्त्यलाई कथानकको तत्वका रूपमा लिँदै ती तत्वहरूको समुचित सामञ्जस्य हुनुपर्ने कुरामा जोड दिएका छन् (शर्मा, २०५९ : ६४) । दयाराम श्रेष्ठले पनि कथावस्तुमा प्रारम्भ, मध्य र अन्त्यको शृङ्खलाबद्ध अनुशासन रहनुपर्ने स्वीकारेका छन् (श्रेष्ठ, २०५७ : १०) ।

अन्त्यमा कथानक आदि, मध्य र अन्त्यको रैखिक ढाँचा तथा वर्तमानबाट अतीततिर फर्किएको वृक्ताकारीय ढाँचामा तयार पारिन्छ । कथानक भनेको कथाको आकार हो । विस्तारपूर्ण कथा योजना हो । त्यसैले यसलाई कथाको अस्थिपञ्जर पनि भनिन्छ ।

### ४.३.२.२ पात्र र चरित्र चित्रण

पात्र वा चरित्र चित्रणलाई कथाको दोस्रो महत्वपूर्ण तत्वका रूपमा लिइन्छ । कथाका सबै घटकहरू पात्रकै क्रियाकलापबाट अगाडि बढेका हुन्छन् । पात्र वा चरित्र भनेको कथाको प्राण र जीउँदो साधन हो (शर्मा, २०५८ : ३०) । त्यसैले कथालाई गतिशील बनाउने काममा पात्रको महत्वपूर्ण र जीवन्त भूमिका देखिन्छ । कथाकारले आफ्नो अभीष्ट पूरा गर्न पात्रमार्फत केही कुरा व्यक्त गरेको हुन्छ । पात्रहरूले नै कथालाई उर्जा प्रदान गर्ने भएकाले कथा संरचनाको प्रमुख अङ्ग हो । कथानकका लागि आवश्यक उपकरण क्रिया व्यापार र द्वन्दको प्रयत्न हो (श्रेष्ठ २०६०: १२) ।

यहाँ शर्मा र श्रेष्ठले चरित्र चित्रणका लागि निर्धारण गरेको भूमिकाको आधारमा पात्रको वर्गिकरण गरिएको छ । कथामा महत्त्वपूर्ण भूमिका भएको पात्र प्रमुख नायक/नायिका हुन्छन् । सहायक पात्र भनेको कथानकमा सहयोगी चरित्र हुन् भने गौण पात्र कथामा सामान्य चर्चामा आएका पात्र हुन् । अन्य प्रकारमा लिङ्गका आधारमा महिला र पुरुष,मानवीय आधारमा मानवीय र मानवेत्तर पात्रका रूपमा हेर्न गरिएको छ । सकारात्मक भूमिका खेल्ने अनुकुल वा सत पात्र र नकारात्मक भूमिका खेल्ने असत पात्र हुन् । सक्रियताको दृष्टिले पात्र स्थिर र गतिशील दुई किसिमका हुन्छन् । स्थिर पात्र अपरिवर्तनशील र साधारण हुन्छ भने गतिशील पात्र परिस्थिति अनुसार परिवर्तन हुनसक्ने हुन्छ । प्रायः वर्गीय र वैयक्तिक, स्थिर र गतिशील, अनुकूल र प्रतिकूल, पुरुष र स्त्री, मानवीय र मानवेतर, बद्ध र मुक्त आदि अनेक वर्गमा पात्रको वर्गीकरण गर्ने गरिन्छ ।

### ४.३.२.३ परिवेश

आख्यान विधाको लागि चाहिने आवश्यक तत्त्वहरू मध्ये परिवेश पनि पर्दछ । परिवेशलाई वातावरण, कार्यपीठिका, पर्यावरण, रुचिक्षेत्र आदि पनि भन्ने गरिएको पाइन्छ । वातावरण भन्नाले स्थान, समाज र त्यस निश्चित समयको वातावरण भन्ने बुझ्नु पर्दछ ( आचार्य र अन्य, २०५० : ) । त्यो घटना कहाँ, कहिले वा कस्तो परिस्थितिमा घटित भयो, त्यसपक्षको बोध परिवेशले गर्दछ । यदि मनोवैज्ञानिक कथा हो भने त्यसको परिवेश मानसिकतामा केन्द्रित हुन्छ । मनमा खेल्ने विविध घटनाले कथाको वातावरण सिर्जना गर्दछ । त्यसबाहेक अन्य कथाहरू देश, काल, परिस्थिति नै कथाको वातावरणका रूपमा देखिन्छन् । कथालाई जीवन्त र सशक्त बनाउन कथामा समावेश गरिएका घटना व्यवहारले ठूलो भूमिका खेल्ने गर्दछ (थापा, २०५० : १५३) । त्यसैले कथा घटनाले गर्दा नै दरिलो बन्ने गर्दछ । मूलतः वातावरणअन्तर्गत स्थान र काल दुई तत्व पर्दछन् (शर्मा, २०५९ : ७६) । तर अहिलेका कथामा परिवेशको रूपमा स्थान र काललाई महत्व नदिई चरित्रको मानसिकतामा कथाको परिवेश निर्धारण गरिएको पाइन्छ । कथामा ग्रामीण, सहरिया, राजनीतिक, धार्मिक, साँस्कृतिक, ऐतिहासिक र मानसिक आदि अनेक किसिमका परिवेश हुन सक्छ ।

### ४.३.२.४ दृष्टिबिन्दु

कथा निर्माणको आवश्यक तत्वको रूपमा दृष्टिबिन्दुलाई लिन थालिएको छ । कथा तत्वको अनिवार्य तत्व दृष्टिबिन्दु हो । विना दृष्टिबिन्दु कथामा कथाकारले आफ्नो भनाइ राख्न पाउँदैन । यही दृष्टिबिन्दुले कथा भन्ने परिपाटीमा नयाँ दिशा प्रदान गरेको छ (बराल र घिमिरे, २०५५ : ६) । दृष्टिबिन्दु कथा कसरी भनिएको छ भन्दा पनि कथा कुन पुरुषले कुन पुरुषलाई भनेको हो भन्ने बोध गराउँछ । । "कथा वाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिबिन्दु हो" (बराल र एटम, २०५८ : ३९) त्यसैले कथामा आवश्यक मानिने तत्व दृष्टिबिन्दुमा कथा वाचकलाई 'म' पात्रको रूपमा राख्ने गरिन्छ, भने कसैका बारेमा केही भनिन्छ भने त्यो तृतीय पुरुषका रूपमा राख्ने गरिन्छ । कथात्मक दृष्टिबिन्दु दुई प्रकारका हुन्छन् : आन्तरिक र बाह्य । आन्तरिक वा प्रथम पुरुष दृष्टिबिन्दु र बाह्य वा अन्य पुरुष हुन् (पूर्ववत्) । यहाँ आन्तरिक दृष्टिबिन्दुमा वा प्रथम पुरुष दृष्टिबिन्दुले कथाकार 'म' पात्र बनेर कथा प्रस्तुत गर्दछ भने परिधीय दृष्टिबिन्दुमा म पात्र गौण वा तटस्थ रहन्छ । बाह्य दृष्टिबिन्दु वा तृतीय दृष्टिबिन्दुमा कथाकारले सबै पात्रका भावना, प्रतिक्रिया, विचार आदि प्रकट गर्दछ । (श्रेष्ठ, २०६० : ११–१२) ।

यसरी माथि उल्लिखित दृष्टिबिन्दुको परिभाषा, लक्षण र प्रकारलाई हेर्दा कथाकारले कथा सम्पन्न गर्नका लागि प्रथम वा तृतीय पुरुषको भूमिकालाई अनिवार्य रूपमा देखाउनु जरुरी देखिन्छ । सामान्यतः दृष्टिबिन्दु हेराइ मात्र नभएर पात्रले कहाँ बसेर के हेर्छ भन्ने बुझ्नु पर्छ ।

### ४.३.२.५ भाषाशैली

कथाको अर्को महत्त्वपूर्ण तत्वको रूपमा भाषा, शैलीलाई लिइन्छ । भाषा र शैली दुई शब्दको योग हो । भाषा विचार अभिव्यक्त गर्ने माध्यम हो भने शैली लेखनमा देखा पर्ने खास किसिमको ढाँचा वा तरिकालाई शैली भनिन्छ (शर्मा २०५८ : ३५) । शैलीलाई कथातत्व अन्तर्गत भाषाशैलीका रूपमा हेर्ने गरिएको पाइन्छ । त्यस्तै शैली भन्नाले लेखनमा देखा पर्ने तरिका मात्र नभएर यो साहित्यिक रचनामा भावपक्षीय स्तरलाई व्यक्त गर्दा विशेष किसिमको भाषिक पद्धति भन्ने बुझिन्छ (शर्मा, २०५९ : ८६) । शैलीको निर्माण भाषाकै माध्यमबाट गरिने भएकाले भाषाशैलीलाई एकै ठाउँमा राख्ने गरिएको हो तापनि भाषा र

शैली एउटै कुरा होइनन् भन्ने समालोचकहरूको मत रहेको छ । (बराल र घिमिरे, २०५५ : ६) । वास्तवमा भाषा विचार र विनिमयको माध्यम हो भने शैली प्रस्तुतिको तरिका हो । समग्रमा भाषाशैली कथाको एउटा त्यस्तो तत्त्व हो जुन कथा प्रस्तुतीको माध्यम र तरिका दुबै हो । त्यसैले कथालाई रोचक, सरल, सरस र बोधगम्य बनाउँन कथामा भाषा र शैलीको महत्त्वपूर्ण स्थान रहन्छ ।

### ४.३.२.६ विचारतत्त्व

आख्यान विधाको लागि चाहिने आवश्यक तत्त्वहरू मध्ये विचारतत्त्व पनि एक हो । विचारलाई कतिपय अवस्थामा उद्देश्य, भाव, जीवनदर्शन, शाश्वत सन्देश, कथा सारवस्तु आदि संज्ञबाट सम्बोधन गरिन्छ । विचारशुन्य अवस्थामा कथाले जीवन पाउन सक्दैन । कथाकारले पनि समाजलाई केही भन्नका लागि कथाको सिर्जना गरेको हुन्छ । "वास्तवमा कुनै पनि कथाकारले कथामार्फत भन्ने, देखाउने, प्रस्तुत गर्ने, जीवन–चिन्तन, सार पक्ष कथाको विचारतत्त्व हो । लेखकले आफ्नै हिसाबले निष्कर्षमा स्थापना गर्न खोजेको दृष्टिकोण नै कथाको विचारतत्त्व हो । विचारतत्त्व कथाको अभावमा पनि प्रतिपादन त हुन सक्छ तर विचारका अभावमा कथा जन्मिन सक्दैन (सुवेदी,२०५१: ३०) । कथाकारले अवलम्वन गरेको वैचारिक धारणा र जीवनदृष्टि अनुरुप विचार सम्प्रेषण गर्ने प्रक्रियालाई विशेष महत्त्व दिने गर्दछ । यहाँ विचारको तात्पर्य वैज्ञानिक, वस्तुगत, उन्नत एवम सुसङ्गत विचार हो (पौडेल २०६५: १७) । सारमा भन्नुपर्दा कथाकारले समाजप्रति राख्ने दृष्टिकोण, अपेक्षा र विचार नै विचारतत्त्व हो ।

## ४.४ कथाकार गुरुदत्त ज्ञवालीका कथागत प्रवृत्ति

कथाकार गुरुदत्त ज्ञवाली (२०१३) सामाजिक यथार्थवादी र प्रगतिवादी कथाकारका रूपमा रहेका छन् । उनको कथासङ्ग्रह **बोक्सिनी आमा** (२०७१) भित्र तेह्रओटा कथाहरू रहेका छन् । बोक्सिनी आमा कथामा नेपालमा भएको दश वर्षे द्वन्द्वकालीन परिवेश र यसले सिर्जना गरेको द्वन्द्व र त्रासदीको प्रस्तुति पाइन्छ । द्वन्द्वकालीन समयमा हराएका छोराछोरीको पीडामा भौंतारिएकी आमालाई समाजले बोक्सिनीको आरोप लगाएको छ । यसको विश्वसनीयताका लागि त्यस बेलाका घटना जोडिएका छन् । यसैबाट कथा सङ्ग्रहको नाम बोक्सिनी आमा रहन गएको छ ।

कथामा रक्सी खाएर सडकमा पल्टेका मजदुरुको कथा व्यथा समेटिएको छ । वैवाहिक स्थितिमा बेमेल भएको छ । धनी र गरीब बीचको भिन्नता र विसङ्गति देखाइएको छ । राजनीतिक नेताको चिन्तन र चरित्रमा देखिएको भिन्नता तथा विकृतिलाई कलात्मक तरिकाले व्यङ्ग्य गरिएको छ । शिव र पार्बतीलाई पात्रका रुपमा प्रयोग गरेर धार्मिक मान्यता भन्दा फरक ढंगको प्रस्तुति दिइएको छ । नारीले पुरुषलाई दिएका पीडालाई कथामा प्रस्तुत गरिएको छ । बृद्ध भएका आमाबाबु आफ्ना सन्तानबाट कसरी अपहेलित हुन्छन् भन्ने कुरालाई कथाकारले बडो मार्मिक र कारुणिक रूपमा प्रस्तुत गरेका छन् । मूलतः कथाकार ज्ञवालीले आफ्ना कथाका माध्यमबाट सभ्य, समुन्नत र सुसंस्कृत समाजको कामना गरेको पाइन्छ । उनका कथाहरूमा यथार्थवाद भित्रका मानवतावाद, देशप्रेम, प्रकृति चित्रण, समाजिक, साँस्कृतिक धार्मिक पक्षको चित्रण गरिएका छन् । **बोक्सिनी आमा** कथा सङ्ग्रहको अध्ययन विश्लेषणपछि उनको कथाका प्रवृत्तिगत विशेषताहरू निम्नलिखित रूपमा प्रस्तुत गरिएको छ ।

### ४.४.१ सामाजिक यथार्थवादी प्रवृत्ति

कथाकार गुरुदत्त ज्ञवालीका धेरै जसो कथाको रचना जनयुद्धकालीन समयका भएपनि 'बोक्सिनी आमा' कथाको विषयवस्तु जनयुद्धबाट प्रभावित पीडा रहेको छ भने अन्य कथाहरूमा वर्गीय असमानता, नारीबाट पुरूषले पाएको पीडा र चित्कारलाई कथामा जस्ताको त्यस्तै प्रस्तुत गरिएको छ । त्यसका साथै ज्ञवालीका कथाहरूमा ग्रामीण र सहरिया परिवेशमा देखिएका विकृति, विसङ्गति र आडम्बरलाई पनि यथार्थ रूपमा प्रस्तुत गरिएको छ । युगीन परिवेश, मानवीय सङ्कट, राजनैतिक नेता र चरित्रमा आएको भिन्नता, आर्थिक असमानता, शोषण, अन्याय, अत्याचार, आडम्बर, नारी शोषण जस्ता यथार्थतालाई समेटिएका ज्ञवालीका मूल प्रवृत्ति सामाजिक यथार्थवाद हो "बुकुनी" कथामा समाजका शोषकवर्ग अर्थात जमिन्दारले सर्वसाधारण, इमान्दार र सोझा नेपालीहरूलाई आफ्नो काममा लगाउने तर मानवीय संवेदना पटक्कै नदेखाउने प्रवृत्तिको कटु चित्रण छ । "हलो जोत्दा भैसाले फाली कुल्च्यो र हलो भाँचिएकोले बनाउँदा दिनभर जोत्ने काम हुनै सकेन । हलीको काममा जान नसकेको अवधिको तलब काटियो । उसको जीवनमा असाध्यै दुःखद क्षण त्यही थियो" (बुकुनी पृ ७९) । यहाँ हलीका जीवनको यथार्थ चित्रण छ । 'छुर्मुखा' कथामा घरका पुरुष वर्गबाट नारीहरूले भोग्नु परेको पीडालाई "अनिताका पतिले त्यो दिन

पनि बेस्सरी पिटेछन् । भास्करसँग लसपस छ भन्ने उनको आरोप हो । त्यसै झोकमा अनितालाई बेस्सरी पिटेछन् । मुखबाट रगत बगेको थियो, दाँत भाँचिएको हुन सक्थ्यो" (छुर्मुखा पृ १०२) । यो महिलामाथिको दमन यथार्थाङ्कन हो । 'बोक्सिनी आमा' कथामा नेपालको वर्तमान पिँढीहरूबाट वृद्ध भएका आमाबाबु आफ्ना सन्तानबाट कसरी अपहेलित हुन्छन् भन्ने कुरालाई बडो मार्मिक र कारुणिक रुपमा उठाइएको छ । त्यस्तै बिहेको सोफा कथामा धनी र गरीब बीचको भिन्नता र विसङ्गति देखाइएको छ यसमा धनीकी छोरी गरीब परिवारमा आएकी छ । उसले ल्याएका सोफा र दराज भैंसीको भकारामा राखिएको छ । यसरी सकीनसकी गरिएको आडम्बरलाई देखाइएको छ ।

समग्रमा भन्नुपर्दा ज्ञवालीका कुनै पनि कथाहरूमा सामाजिक विषयवस्तु, समाजमा देखिएका समस्या, विकृति, विसङ्गति, आडम्बर, अन्याय, अत्याचार, शोषण, दमनजस्ता सामाजिक विषयवस्तुलाई उठान गरिएको छ ।

### ४.४.१ आलोचनात्मक यथार्थवादी प्रवृत्ति

कथाकार ज्ञवालीको अर्को महत्वपूर्ण प्रवृत्ति आलोचनात्मक यथार्थवाद पनि हो । समाजका युवाहरूमा देखिने विकृति, आडम्बर, नारी चरित्रमा देखिने विकृति, सामाजिक शोषण, अन्याय, अत्याचार, सासु बुहारी बीचको द्वन्द्व र त्यसको पीडा जस्ता पक्षहरूमा ज्ञवालीले कथामार्फत् आलोचनात्मक ढङ्गले व्यक्त गरेका छन् । समाजमा देखिएका विकृति, विसङ्गतिलाई यथार्थ रूपमा चित्रण गरेर त्यसमा आलोचना गर्दै सुधारको सन्देश दिएका छन् । उनको कथामा माओवादीको युद्धकालीन परिवेश र त्यसबाट पीडित सामाजको दैनिक गतिविधिको आलोचना गरिएको छ । सामाजिक कुसंस्कारका रूपमा रहेको रुढिवादी प्रथा, आडम्बर, महिलाद्धारा महिलामाथिको शोषण, महिलाले पुरुषलाई गरेको शोषण आदिलाई यस कथासङ्ग्रहको बिहेको सोफा, भैरनथानको रोट, बाको चौरासी पूजा, छुर्मुखा कथामा सामाजिक कुसंस्कारको विरोध गरिएको छ ।

समग्रमा **बोक्सिनी आमा** सङग्रहभित्रका कथामा सामाजिक व्यवस्था र युगीन परिवेशमा देखिएका विकृति, विसङ्गति, युद्ध, आतङ्क, अन्याय, अत्याचार, शोषण, दमन, शैक्षिक बेराजगार, मानवीय शून्यता, राजनैतिक नेता र चरित्रमा आएको फोहोरी प्रतिस्पर्धा जस्ता पक्षहरूको आलोचना गरिएको छ । समाजका समस्याहरूमा आलोचनात्मक यथार्थवादी दृष्टिकोण राखी लेखकले आफ्ना कथामा उत्कृष्टता थपेका छन् ।

### ४.४.३ प्रगतिवादी प्रवृत्ति

समाजमा विद्यमान राजनीतिक क्षेत्रमा हालका दिनमा देखापरेका विभिन्न किसिमका घातप्रतिघातलाई मुख्य विषयवस्तुका रूपमा ग्रहण गरेर कथा लेख्ने ज्ञवाली प्रगतिवादी कथाकार पनि हुन् । उच्चवर्गद्वारा निम्नवर्गमाथि हुने शोषण, अन्याय, अत्याचारप्रति उनले कथामार्फत् विरोधको स्वर उठाएका छन् । समाजका कुप्रथाहरूको विरोध गर्नु र निम्नवर्गका तथा शोषित मान्छेलाई माथि उठ्न उक्साउनु उनको प्रवृत्ति हो । उनले समाजमा नारीमाथि पुरुषले र पुरुषलाई नारीले गर्ने शोषणलाई निकै राम्रोसँग देखाएका छन् । ग्रामीण जीवनमा कुसंस्कार र वर्गीय सोचलाई चिर्दै समानता र स्वतन्त्रताको पक्षमा कथा मार्फत आवाज उठाएका हुनाले उनी प्रगतिवादी कथाकार हुन् । उनको बुकुनी आदि कथाहरूले सामन्ति प्रवृत्तिका मानिसहरूको शोषणका कारण पीडित निम्नवर्गीय समाजको कारुणिक अवस्थाको चित्रण गरी उक्त परिवारको सङ्घषपूर्ण जीवन र निम्नवर्गका मानिसहरू एकजुट हुनुपर्छ भन्ने प्रगतिवादी स्वर उठाएका छन् । उनले कतै निम्नवर्गका मानिसको जीवनबारे गम्भीर रूपमा चिन्तन गर्छन् भने कतै समसामायिक  राजनीतिक वातावरणले उब्जाएका मानवीय सङ्कटप्रति वितृष्णा प्रकट गर्दछन् ।

यसरी समसामायिक यथार्थलाई आफ्ना कथामा उठान गर्ने ज्ञवालीले आफ्ना कथामा वर्तमान अवस्थामा देखिएका विकृति, ग्रामीण र शहरिया परिवेशमा विकसित आडम्बरी प्रवृत्ति, महिलाले पुरूषलाई र पुरूषले महिलालाई गर्ने अनावश्यक शंकालु प्रवृत्ति, माओवादी आन्दोलनका नाममा भएका नकारात्मक पक्ष आदि कुरालाई देखाएका छन्

### ४.४.४ मानवतावादी कथाकार

गुरूदत्त ज्ञवाली मानवीय मूल्य र मान्यताको ख्याल गर्ने मानवतावादी भावना भएका कथाकार हुन् । **बोक्सिनी आमा** संग्रहभित्रका अधिकांश कथामा मानवतावादी स्वर मुखरित भएको पाइन्छ । मानवीय मूल्य र मान्यताको स्वतन्त्रतामा देशको राजनीतिक अवस्था, आर्थिक, सामाजिक हैसियत तगारो बन्न हुँदैन भन्ने अपेक्षा उनका कथाले राखेको पाइन्छ । मानवीय मूल्य मान्यता र समाजमा मानवीय अस्तित्व तथा स्वतन्त्रतालाई स्वीकार्दै आफ्नो अस्तित्व पहिचानको लागि गरिने सङ्घर्षका स्वरहरू उनका कथामा मुखरित भएका पाइन्छन् । उनको यस सङ्ग्रहको पहिलो कथा ‘हौडेमा’ हौडे रक्सी खाएर बेहोस अवस्थामा बाटोमा पल्टिदा पनि उसलाई कसैले सहयोग गर्दैनन् बरू थुक्दै र नाघ्दै हिडेको अवस्थालाई

व्यङ्ग्य गर्दै मानवअधिकारवादीहरू र राजनीतिककर्मीहरूलाई आखाँ खुलाउने प्रयास गरेका छन् । 'बुकुनी' कथामा जमिनदार भूतरामले कमैया फागुरामलाई हलोको फाली भाँचिदा कुटिदाको अवस्थालाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । उनको 'देविनी' शीर्षकको कथालाई पनि मानवतावादी भावनाको कथा मान्न सकिन्छ ।

### ४.४.५ राष्ट्रप्रेमी कथाकार

ज्ञवालीका कथामा राष्ट्रप्रेमको भाव प्रष्ट देख्न सकिन्छ । उनी एक राष्ट्रप्रेमी, देशभक्त कथाकार हुन् । उनको 'हराएको छोरो' कथा राष्ट्रप्रेमसँग सम्बन्धित रहेको छ । यहाँ हराएको छोरो सन्तोष पाँच वर्षको उमेरमा बेपत्ता भई मद्रास पुगेको छ । सम्पन्न, शिक्षित र सुखसयल त्यागेर आफ्नो मातृभूमिको मोहले नेपाल फर्किएको छ । उसले उनी राष्ट्प्रेमी कथाकार हुन भन्ने प्रष्ट छ ।

## ४.५ बोक्सिनी आमा कथासङ्ग्रहको अध्ययन

### ४.५.१ विषय प्रवेश

नेपाली साहित्यमा समाजिक यथार्थवादी र प्रगतिवादी आख्यानकारका रूपमा परिचित गुरुदत्त ज्ञवालीको पहिचान क्षेत्र भने कथा विधा नै हो । वि.स २०४० सालदेखि कथा लेखनको प्रयास गरे पनि २०४४ सालमा **खप्तड सन्देश** मा 'नमरेको मान्छे' नामक कथा प्रकाशित भएबाट उनको लेखन कार्यले औपचारिकता पाएको बुझिन्छ । थुप्रै फुटकर कथाहरू लेखेता पनि प्रकाशन हुन नसकोको उनको भनाइ रहेको छ । तिनै कथाहरूमध्ये २०५४देखि २०७० सम्म लेखिएका तेह्रवटा विभिन्न शीर्षकका कथाहरू **बोक्सिनी आमा** कथा सङ्ग्रहमा समावेश गरिएको छ । तेह्रवटा कथामध्ये हौडे, बिहेको सोफा, भैरानथानको रोट, मेरो पोइ मुर्दावाद, बाको चौरासी पूजा, बोक्सिनी आमा, लेखनाथकी कान्छी दुलही भाग १ र २, गाउरी, हराएको छोरो, बुकुनी, देविनी, छुर्मुखा, जस्ता कथाहरू समेटिएका छन । यो परिच्छेद कथा विश्लेषणका सैद्धानतिक आधार र कथा तत्त्वहरूमा निर्धारण गरिएअनुसार अध्ययन गरिएको छ । यहाँ कथाहरूको अध्ययन गर्नका लागि बाह्य र आन्तरिक गरी दुई प्रकारका तत्त्वहरूको निर्धारण गरिएको छ । बाह्य तत्त्वहरू कथानक, पात्र र चरित्र चित्रण, परिवेश, दृष्टिविन्दु र भाषाशैली कथा विश्लेषणका लागि आवश्यक तत्त्व अन्तार्तगत पर्दछन् । आन्तरिक तत्त्वका रूपमा रहेका उद्देश्य, सारवस्तु र विचारतत्त्वमध्ये यहाँविचारतत्त्वलाई आधार मानेर कथाको अध्ययन गरिएको छ ।

## ४.५ 'हौडे' कथाको विश्लेषण

### ४.५.१ परिचय

'हौडे' **बोक्सिनी आमा** कथा सङ्गहमा प्रकाशित पहिलो कथा हो । पृष्ठ १ देखि ३ सम्म रहेको यो कथा वि.सं २०५४ सालमा रचना भएको हो । यस कथामा समाजको यर्थाथ आलोचनात्मक चित्रण गरिएको छ । कथाकारले मजदुर वर्गको जीवनलाई चित्रण गर्ने क्रममा वर्गीय समाजको सहज वर्णन गरेका छन् । यस कथालाई कथातत्त्वको आधारमा यसरी विश्लेषण गरिएको छ । यसको कथानक यसरी अगाडि बढेको छ ।

### ४.५.२ कथानक

'हौडे' कथाको पात्र हौडेकै जीवनवृत्तमा कथा निर्माण गरिएको छ । निम्नवर्गको मजदुर हौडे बिहानदेखि बेलुकासम्म रक्सी पसलमा हुन्छ । ऊ बिहान उठनासाथ रक्सी पसलको बोहनी गर्न पुग्छ भने साँझको अन्तिम ग्राहक पनि ऊ नै हुन्छ । उसले एक पटकमा एक रुपैँयाको मात्र रक्सी खान्छ तर रक्सी भने पैसा नसकिउन्जेलसम्म खाइरहन्छ । उसले रक्सी मात्र होइन चुरोट पनि खान्छ । चुरोटको ठुटोले हातका औँला डढेको पनि उसलाई पत्तो हुँदैन । घरपरिवार नभएको हौडेको घर नै बाटो र रक्सी पसलको पेटी हो । यसरी सधैँ रक्सीमा लठ्ठ पर्ने ऊ जतापायो उतै पल्टन्छ । उसलाई टोक्ने लामखुट्टे उँडुस उपियाँ पनि लठ्ठ परेका हुन्छन् । तर दिन रात रक्सीमा मस्त भए पनि हौडे स्वाभिमानी छ । रक्सी खानका लागि कसैसँग पैसा मागेको देखिँदैन बरु थोरै खान्छ तर चौबिसै घण्टा रमाउँछ ।

जड्याहा हौडे रक्सी पसलेको दुहुनु गाई जस्तै बनेको छ । ऊ एकदिन रक्सी सेवनका कारण बाटामा बेहोस अवस्था पल्टेको हुन्छ । तर उसलाई कसैले वास्ता गर्देनन् बरु तानेर सडक किनारामा पुऱ्याई सडकको बाटो खाली गरिदिन्छन् । बरू उल्टै गाली गर्छन् र थुक्छन् । त्यतिबेला ऊ रक्सीको मातले पल्टिएको नभई बेहोस भएको हुन्छ । बेसहारा हौडेका बारेमा चासो देखाउने कोही हुँदैन । अरु त को नै थियो र ? उसलाई रक्सी पसलेले पनि वास्ता गर्दैन । बेहोस अवस्थामा सडकमै पल्टिएको ऊ मध्य रातमा व्यूँझिन्छ र आफ्नो सधैँको गन्तव्यमा लाग्छ । यसरी यस कथाको अन्त्य हुन्छ । बिहानको मिरमिरेसँगै रक्सीको बोहनी बन्नुबाट कथाको आरम्भ, अत्यधिक रक्सी सेवनका कारण बेहोस हुनु मध्य र पुनः ब्युँझिएर गन्तव्यतिर लाग्नु कथाको अन्त्य हुन्छ । क्रमिक विकासमा अगाडि बढेकाले

यस कथाको कथानकको ढाँचा रैखिक प्रकारको रहेको छ । सामाजिक मनोविज्ञानको चिरफार गर्ने शैलीमा व्यङ्ग्य गरिएको यो कथाले हौडेको दैनिक जीवनको चित्रण प्रस्तुत गर्छ । अतः कथानक झिनो छ । घटनाको शृङ्खला कार्यकारण सम्बन्धका आधारमा बढेको पाईदैन ।

### ४.५.३ पात्र र चरित्र चित्रण

कुनै पनि कथा तब पूर्ण हुन्छ जब त्यस कथामा रहेका पात्रहरूको उचित ढङ्गबाट चरित्र चित्रण गरिएको हुन्छ । कथामा भूमिका, उपस्थिति र वैचारिक महत्त्वका आधारमा केन्द्रीय, गौण र सहायक पात्र लगायतका पाात्रहरूको पनि कथा विकासमा महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । यस कथामा प्रमुख पात्रका साथै केही गौण र मानवेतर पात्रहरूको पनि भूमिका रहेको छ । यस कथाका प्रमुख पात्रका रूपमा हौडेको मुख्य भूमिका रहेको छ । हौडेकै वरिपरि कथावस्तु केन्द्रित छ । यस बाहेक एनजिओ, आइएनजिओ, आमा समुह,बाटोमा हिड्ने बटुवा ,रक्सी पसले लगायतका पात्रहरूले कथामा कमै मात्र भूमिका निभाएको कारण उनीहरू प्रसङ्गमा आएका गौण पात्रहरू हुन् । प्रमुख भूमिकामा रहेको हौडेको निम्न अनुसार चरित्र चित्रण गरिएको छ

**(क) हौडे**

प्रस्तुत होडे कथाको शुरूदेखि अन्त्यसम्म केन्द्रीय भूमिकामा देखिएको हौडे नै प्रमुख पात्र  हो । ऊ निम्न वर्गका मजदुरहरूको प्रतिनिधित्व गर्ने पुरुष पात्र हो । रक्सी पसलेको पेटी नै उसको घर भएको र छोराछोरी श्रीमती कोही नभएको सधैँ रक्सी र चुरोटलाई आफ्नो सहारा ठान्ने गतिहीन पात्र हो । ऊ रक्सी खानकै लागि कसैँग पैसा माग्दैन बरु एक पटकमा एक रुपियाँको मात्र रक्सी खाएर चित्त बुझाउँछ । यहाँ ऊ स्वाभिमानी पात्रका रूपमा देखिन्छ । आर्थिक रूपले विपन्न पात्र हौडे बिहान बेलुकाको खाना खान समेत ध्यान दिदैन । ऊ केवल रक्सी र चुरोटमा मात्र मस्त रहन्छ । ऊ स्थिर पात्र हो । कथाको सुरुदेखि अन्त्यसम्म उसको स्वभाव र दिनचर्यामा कुनै परिवर्तन आएको पाँइदैन । रक्सीलाई मात्र सर्वश्व ठान्नु आफ्नो जीवन र जगतको वास्ता नगर्नु उसका चारित्रिक विशेषता हुन् । हौडेले आफूलाई समाजप्रति समर्पित गरेको देखिदैन । उसले समाजलाई आफ्नो मात्रै संसार ठान्छ । ऊ सधै रक्सीमा मात्रै रमाउँछ । हौडे घर र समाजको कुनै मतलब नभएको  असत पात्र हो । चौबीसै घण्टा रक्सीमा रमाए पनि कसैसँग पैसा माग्दैन,बरू रक्सी खानका लागि मात्रै कमाउनु उसको असत चरित्रको विशेषता देखिन्छ ।

### ४.५.४ परिवेश

हौडे कथामा पात्रले कुनै स्थान विशेषको चित्र प्रस्तुत गर्दैनन् । हौडेले रक्सी खाने रक्सी पसल, त्यसको पेटी र बाटोको सेरोफेरो हो । कथाको अध्ययन गर्दा पाठककमा मनसिकतामा हौडेले रक्सी खाएर बेहोस अवस्थामा बाटोमा पल्टिएको र मानिसहरूले तानेर सडक किनारामा राखेको दृश्य प्रतिविम्बित हुन्छ । तर त्यो दृश्य कुनै नाम रूप विशिष्ट स्थानका रूपमा देखिँदैन । तसर्थ यस कथामा स्थानगत परिवेश सामान्यीकरण भई सार्वभौम रूपमा आएको छ ।

यस कथानको पात्रले मदिरा सेवन गर्ने र त्यसलाई थुक्ने, चिसो पानी खन्याउने जस्ता घृणित व्यवहार गरिएको छ । समाजले हौडे जस्तो जड्यालाई रक्सी नखान भन्दैन बरू मागेजति दिएर आफ्नो पेशाको स्वार्थ पूरा गरेको छ । यसरी प्रस्तुत कथामा सामाजिक विकृतिको चित्रण रहेको छ । यसरी यस कथामा कथाकारले तत्कालीन समाज र हौडे जस्ता पात्रहरूको सांस्कृतिक मनोवैज्ञानिक पक्षको सजीव चित्रण गरेका छन् । यसरी सामाजिक परिवेशका दृष्टिले ह्रासोन्मुख समाजमो चित्रण गरिएको छ । यसरी निम्न आय भएको मजदुर हौडे अभावै अभावको पीडाले रक्सी सेवन गरेर आफ्नो दुःख र पीडालाई समन गर्ने प्रयास गर्नुले यहाँ पीडादायी चित्तवृत्तिको निर्माण भएको छ ।

### ४.५.५ दृष्टिविन्दु

प्रस्तुत कथामा म पात्र आफै उपस्थित भएर हौडेको क्षणिक जीवनको र समाजले उसलाई गरेको व्यवहारको चित्रण गरेको हुनाले प्रथम पुरुष दृष्टिविन्दु माथि कथा निर्माण गरिएको बुझिन्छ ।

### ४.५.६ भाषा शैली

भाषा कथाको प्रस्तुतीको आधार हो । कथानकलाई भाषाले मूर्तिकरण गर्दछ । यस कथामा निम्न वर्गको जीवनको चरित्र चित्रण गरिएकोले यस कथाको भाषा जन सुहाउँदो सरल छ । सबैले बुझ्ने भाषामा लेखिएको छ । यसमा स्थानीय भाषिकाका शब्दहरूको प्रयोग गरिएको छ । उदाहरणका रूपमा जनतन, छाक टार्ने जस्ता शब्दहरूको प्रयोग गरिएको छ । छोटा छोटा र सरल वाक्यहरूको प्रयोगले कथालाई सरल बनाएको छ । प्रस्तुत कथामा त, नि, पो, र जस्ता निपातहरू रहेका छन् । हौडे मानवअधिकार हो र प्रजातन्त्र हो । जनजाति हो, सांसदको भ÷ याङको खुट्किलो हो जस्ता प्रतीक र आलङ्कारिक

अभिव्यक्तिले कथामा रोचकता थपिएको छ (पृ :३) । आरम्भदेखिम्म वर्णनात्मक शैलीको प्रयोग भएको छ । कथाको शीर्षक अभिधात्मक अर्थसापेक्ष रहेको छ ।

### ४.५.७ विचारतत्व

यस कथामा कथाकारले हौडेलाई माध्यम बनाएर हाम्रो समाज र समाजिक प्रणालीलाई निकै कडा तरिकाले व्यङ्ग्य गरेका छन् । जात र वर्गका हिसाबले पनि उपल्लो वर्गले तल्लो वर्गलाई गरिने व्यवहारको आलोचना नै यस कथाको सार रहेको छ । समाजमा रहेका निम्न वर्गीय पात्रहरूको चारित्रिक विकृति र समाजले उनीहरूलाई गर्ने विभेदलाई औंल्याइएको छ । नेताहरूले चुनावको मतदान गर्न मात्र बाँचेको जस्तो ठान्छन् । व्यापारीले आफ्नो पेशाको स्वार्थ मात्र हेरेका छन् । कसैले पनि उसलाई सचेत बनाउन तर्फ नलाग्ने शोषणरहित र हीनताबोध हाम्रो समाजमा देखिने विकृति र विसङ्गतिको राम्रोसँग चित्रण गरिएको छ । यस कथामा ज्ञवालीले शोषणरहित समाजको अपेक्षा गरेका छन् । तसर्थ यो परिवर्तनको पक्षधर कथा हो ।

### ४.५.२ 'बिहेको सोफा' कथाको विश्लेषण

### ४.५.२.१ परिचय

'बिहेको सोफा' यस कथा सङ्ग्रहभित्रको दोस्रो कथा हो । पृष्ठ ४ देखि १० सम्म रहेको यो कथा वि.सं २०५९ सालमा रचना भएको हो । यस कथामा आधुनिक फेसन र सभ्यताको नाममा भएका दाइजोका रुपमा ल्याएका सामानको दुरुपयोग गरिएको समाजको यर्थाथ आलोचनात्मक चित्रण गरिएको छ । कथाकारले नेपाली समाज यस्तै विकृतिबाट ग्रसित छ भन्ने देखाउन खोजेका छन् । समाजका सामाजिक र मनोवैज्ञानिक दुवै पक्षको व्यङ्ग्यात्मक ढङ्गबाट सहज वर्णन गरिएको छ । कथा तत्वको आधारमा यस कथाको यसरी विश्लेषण गरिएको छ ।

### ४.५.२.२ कथानक

'बिहेको सोफा' कथा दिदी र दाजुभाइको घरपरिवारको परिवृत्तमा निर्माण गरिएको छ । यस कथामा दाइको छोरा विनोदको पोहोर साल शत्रु लागेर हत्या गरी कर्णाली नदीमा फालेका छन् । धेरै खोज पछि लास भेटेर काजक्रिया गरिएको छ । म पात्र भाउजुको उडेको मन शान्त पार्न उपचारको लागि भोलिपल्ट रुपन्देहीको ४ नम्बर भन्ने ठाउँको ज्योतिषीकहाँ जान हिँड्छन् । ज्योतिषीको हेर्ने समय अपरान्ह ४ बजेबाट शुरु हुने हुँदा बीचको समयको

सदुपयोग गर्न दिदीको घरतर्फ लाग्छन् । म पात्रको भिनाजु गुल्मीको शिक्षकको जागीरे विदामा मात्र आउने, दिदी घरमा भएको र भैँसीलाई घाँसको जोहो गर्न गएकोले घरमा कोही देखिदैन । दिदीको छोरा व्यापारी मान्छे व्यापार तिरै व्यस्त हुन्छ । भान्जाले पोहोर साल विवाह गरेका धरानकी कन्या ल्याएछन् । इज्जत जोगाउन ऋणमै भएपनि माइतीले दाइजो राम्रै दिएका छन् । दिदीको सामान्य छाप्रो जस्तो घरमा राख्न ठाँउ नभएर भैँसीको भकारोमा सोफा सेट ,बलेनीमा दराज राखिएको छ । यत्तिकैमा दिदी बुकुरा जत्रो ठूलै घाँसको भारीसहित आइपुग्छिन् । धेरै दिनमा भेट भएकोले हर्ष र दाइको छोरो बितेकोले दु:ख आश्‍चर्य मिश्रित भावमा नंन्द भाउजू दुबै रुन्छन् र आपसी भलाकुसारी सुरु हुन्छ । बुटवल बहुमुखी क्याम्पसमा पढ्ने दिदीकी बुहारी सासूका कचकचका कारण घरमा बस्न नसकेर माइतीमा हुन्छे । दिदी भाउजू र म पात्रको धेरै समयसम्मको कुराकानी सकिएपछि, उनीहरू ४ नम्बरका ज्योतिषीकहाँ लाग्छन् । ज्योतिषी पनि निकै सिपालु मान्छे अनुसारका कुरा गरेर दङ्ग पार्छन । त्यसैक्रममा भान्जी बुहारी र उनकी आमा पनि ज्यातिषी कहाँ ज्वाँइ र छोरीको घरको बारेमा सोध्न पुगेका हुन्छन् । साँझ झमक्क हुँदा भाउजूको बल्ल हेराउने पालो आयो । भाउजूलाई छोराको हत्यारा पत्ता लाग्छ कि भन्ने आशा थियो । ज्योतिषी बुढा अत्यन्त बाठा, महिलाहरूका पीडा र वेदना अनुसार कुरा गर्न जान्ने । भाउजूलाई ज्योतिषीले “शत्रु लागेर हो, २ लाख मन्त्र जप गर्नु भन्दै एउटा मन्त्र दिएर विदा गर्छन् । यसरी कथाको अन्त्य हुन्छ ।

कथानको विकासक्रमलाई हेर्दा कथाका घटनाहरू आदि, मध्य,र अन्त्यका क्रममा विकसित भएको देखिन्छ । म पात्रको दाइको छोराको हत्या गरिनु कथाको विकासको पृष्ठभूमि हो । म पात्र भाउजुको उडेको मन शान्त पार्न उपचारको लागि भोलिपल्ट ४ नम्बरका ज्योतिषीकहाँ हिँड्नु आरम्भ हो । ज्योतिषीकहाँ हिँडेका म पात्र र भाउजु दिदीको घरमा दिन बिताउनु आदि मध्य र ज्योतिषबाट समस्याको समाधान पाउनु नै कथानको अन्त्य भाग हो । साँस्कृतिक र शैक्षिक पक्षको चिरफार गर्ने शैलीमा व्यङ्ग्य गरिएको यस कथामा कथानक झिनो रहेको छ

### ४.५.२.३ पात्र र चरित्र चित्रण

कुनै पनि कथा तब पूर्ण हुन्छ जब त्यस कथामा रहेका पात्रहरूको उचित ढङ्गबाट चरित्र चित्रण गरिएको हुन्छ । कथामा भूमिका, उपस्थिति र वैचारिक महत्त्वका आधारमा केन्द्रीय, गौण र सहायक पात्र लगायतका पाात्रहरूको पनि कथा विकासमा महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । यस कथामा प्रमुख पात्रका साथै केही गौण पात्रहरूको पनि भूमिका रहेको छ । यस कथाका प्रमुख पात्रका रूपमा म पात्रकी भाउजु र दिदी प्रस्तुत छन् । छोराको हत्याका कारण विक्षिप्त अवस्थाकी भाउजू, म पात्र र दिदीको भूमिका मुख्य रहेको छ । यिनीहरूकै घरपरिवारमा कथावस्तु केन्द्रित छ । यस बाहेक ज्योतिषीको पनि कथाको अन्त्यतिर सामान्य भूमिका रहेको देखिन्छ । भान्जी बुहारी, भान्जा, भिनाजु लगायत पात्रहरूको खासै चर्चा भएको छैन । त्यसैले उनीहरू गौण पात्रहरू हुन् । यस कथामा महत्वपूर्ण भूमिकामा रहेका दुई जना पात्रहरूकै वरिपरि कथावस्तु केन्द्रित रहेकाले तिनै दुई जना पात्रहरूको चरित्र चित्रण गरिएको छ । जसमा म पात्रकी भाउजु र दिदी रहेका छन्

**(क) भाउजू**

म पात्रकी भाउजु यस कथामा लिङ्गका आधारमा र भूमिकाका आधारमा मुख्य भूमिका निभाएकी प्रमुख र मध्यम वर्गीय महिला पात्र हो । यस कथाकी पात्र भाउजु ईश्वरीय आस्थामा विश्वास गर्ने मध्यम वर्गीय महिला पात्र हो । पढेलेखेको भएपनि धर्म र ज्योतिष हेराउने विषयमा आस्थावान रहेकी छ । पढेलेखेको एउटा मात्र छोरो अझ शत्रुद्धारा हत्या गरिएकोले विक्षिप्त भएकी छ । ऊ छोराको हत्यारा पत्ता लगाउन सकिन्छ कि भन्ने आशाले म पात्र सँगै रूपन्देहीमा पर्ने ४ नम्बरको ज्योतिषीकँहा हेराउनको लागि जान्छे । धर्म र ज्योतिषीको विश्वास छ भन्ने तथ्य म पात्र को कथन यस्तो छ । “भाउजुको उडेको मन स्थिर थिएन र त्यसको उपचारको खाँचो थियो । ४ नम्बरका ज्योतिषिकँहा जाने तयारी भयो । भोलि भयो बिहानै उठेर गयौं ” भन्ने जस्ता अभिव्यक्तिले ऊ र्धामिक सांस्कृतिक परम्परा अनुकूल आचरण गर्ने स्थिर पात्र भन्ने बुझिन्छ । धार्मिक सांस्कृतिक परम्परामा विश्वास गर्ने पारिवारिक मर्यादा अनुरूप चल्ने स्वभावका कारण ऊ यहाँ सत पात्रका रूपमा चित्रित छ ।

(ख) **दिदी**

म पात्रकी दिदी यस कथामा लिङ्गका आधारमा र भूमिकाका आधारमा मुख्य भूमिका निभाएकी अर्की निम्न वर्गीय महिला पात्र हो । ऊ सासू र बुहारीको सुमधुर सम्बन्धमा वास्ता नगर्ने उपहारमा आएको दाइजोको सही सदुपयोग गर्न नसक्ने अबुझ पात्रका रुपमा देखा परेकी छ । बुहारीको कुरा काट्न निकै सक्रिय देखिन्छे । उसको कथन यस्तो छ । बिहान इत्ति भात पकाइदिन्छु, खान्छे र बटौली जान्छे क्याम्पस पढ्न । दिउँसो आउँछे ,आफ्नै जगल्टा स्याहार्न ठिक्क" । घरानकी बुहारी भित्राउनु ,उसले ल्याएका दाइजोको उपहास गर्नु, असल बुहारीलाई सही रूपमा उपयोग गर्न नसक्नु उसका असत चरित्रका विशेषता हुन । पुरानो संस्कारबाट परिर्वतन हुन नचाहने पुरातनवादी स्थिर पात्रको रुपमा चित्रित दिदी बुहारीको अध्ययनमा बाधा पार्ने असत चरित्रकी पात्र हो ।

यस कथामा अन्य पात्रका रूपमा आएका छोरो, ज्योतिष, भिनाजु ,भान्जी बुहारी आदि सहायक र गौण पात्रहरू हुन् । यहाँ भैसी, सोफा, दराज जस्ता मानवेत्तर पात्रहरूको पनि चर्चा गरिएको छ । प्रस्तुत कथामा पात्रहरू कथाकारले समाजमा जे देखे तिनै पात्रहरूलाई जस्ताको तस्तै उतार्न सफल देखिन्छन् ।

### ४.५.२.३ परिवेश

कथाकार ज्ञवालीले यस कथाको बाह्य परिवेशको रूपमा पश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चलका ग्रामीण, अर्ध शहरी र शहरी वातावरण रहेको छ । भौगोलिक परिवेशका दृष्टिले पात्र अनुकुल तराईको भू-भागमा अवस्थित कैलालीको धनगढी, गुल्मी, रूपन्देहीको बुटवल, मक्रहर र मणिग्रामको सेरोफेरोमा कथा निर्माण गरिएको छ । मक्रहर गाउँको सामान्य घर परिवार र स्थानीय कृषि जीवनको चित्रण गरिएको छ । धनी र गरीब बीचको विभेद र विसङ्गतिको चित्रण गरिएको छ । आफ्नो हैसियत अनुसार नजादा दाइजोको सामान सोफासेट भैंसीको भकारामा राख्नु परेको छ । चेतनामा जेनेरेशन ग्याप छ । आफ्नै मनको कुरा लुकाएर आफ्नो भाग्य र समाजमाथि दोष थोपर्दै ज्योतिषि कहाँ चिना देखाउन गएको घटना यहाँ आन्तरिक परिवेशको रूपमा रहेका छन् । तराइको ग्रामीण तथा शहरी परिवेशमा देखिएको बेमेल, विवाह गर्नेहरूको अवस्थालाई हेर्दा यस कथाको वातावरण उपयुक्त र प्रयाप्त देखिन्छ । यस कथामा कथाकार ज्ञवाली विभिन्न क्षेत्रको परिवेश खडा गरी पात्रहरूलाई सोही अनुरूप ढाल्न सफल भएको पाइन्छ । समग्रमा यस कथाको परिवेश सामाजिक, साँस्कृतिक र शैक्षिक अवस्थामा आधारित छ

### ४.५.२.४ दृष्टि विन्दु

म पात्र शिक्षित भएर पनि भाउजुको मनोविज्ञान बुझ्रेर ज्योतिषिकहाँ पुऱ्याएको घटनाको वर्णन म पात्र आफै उपस्थित भएर गरेका छन् । कथाको मध्यदेखि अन्त्यसम्मको घटनाको  वर्णन मुख पात्रका माध्यमबाट वर्णनात्मक शैलीको प्रयोग गरी कथालाई बिस्तार गरेका छन् । त्यसैले कथाको प्रस्तुती हेर्दा यस कथामा प्रथम पुरुष र अन्य पुरुष दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

### ४.५.२.५ भाषा शैली

पश्चिम नेपालको रुपन्देही जिल्लामा रहेका बुटवल, मणिग्राम र मक्रहर जस्ता शहर तथा गाउँलाई परिवेश बनाई रचना गरेको बिहेको सोफा कथामा स्थानीय बोलीचालीका भाषाको प्रयोग गरिएको छ । कथामा प्रस्तुत पात्रहरूको बीचमा स्थानीय शब्दहरू मार्फत संवाद गर्दै कथा अगाडि बढेको छ । वर्णनात्मक शैलीमा लेखिएका वाक्यरु छोटा-छोटा रहेका छन् । इँ बरै, इत्ति, बटौली, जस्ता स्थानीय जनबोलीका भाषाको प्रयोग भएको छ (पृ : ५) । घरान, बुकुरा तत्भव, मिश्रित, आचार्य जस्ता तत्सम शब्द औसत, क्याम्पस, जेनेरेशन ग्याप जस्ता आगन्तुक शब्दहरूले कथालाई थप रोचक बनाएको छ (पृ : ५-९) । यसर्थ प्रस्तुत कथा सरल सहज र कही, कतै आक्रोशपूर्ण, भावुक भाव पोखिएको छ । वर्णनात्मक भाषा शैलीलाई जोड दिइएको छ ।

### ४.५.२.६ विचारतत्त्व

प्रस्तुत कथामा आडम्बरी र देखासिकी गर्ने प्रवृतिका कारण दाइजोमा आएका सामानहरूको सही सदुपयोग नभएको परिणाम देखिएको छ । बुहारीले पढ्ने कुरामा सासू र बुहारी बीचको बिमति जस्ता सामाजिक र पारिवारिक द्वन्दको चित्रण गरिएको छ । शिक्षित भएर पनि म पात्र देवरले भाउजुको मनोविज्ञान बुझ्रेर ज्योतिषीकहाँ चिना हेराउन पुग्नु जस्ता सांस्कृतिक, सामाजिक कमजोर पक्षको व्यङ्ग्य गरिएको छ । यस कथाले सामाजिक रूपान्तरणको अपेक्षा गरिएको छ र यथास्थितिका विरुद्धमा आवाज उठाएको छ । अतः यस कथालाई आलोचनात्मक यर्थाथवाद भन्न सकिन्छ ।

### ४.५.३ 'भैरानथानको रोट' कथाको विश्लेषण

#### ४.५.३.१ परिचय

'भैरानथानको रोट' यस कथा सङ्गहभित्रको तेस्रो कथा हो । पृष्ठ ११ पृष्ठ देखि १७ सम्म रहेको यो कथा वि.सं २०५९ सालमा रचना भएको हो । कथाकार ज्ञवालीले यस कथामा कम्युनिस्टका आदर्श नेताको पाखण्डी र आडम्बरी चरित्रमाथि व्यङ्ग्य गरेका छन् । भाषण एकातिर, व्यवहार अर्कातिर गरेर जनतालाई भ्रम मात्र छर्ने नेपाली समाजको मानसिकताको सजीव चित्रण गरेका छन् । ज्ञवालीले यहां सामाजिक र राजनीतिक पक्षको कलात्मक प्रस्तुति दिएका छन् । कथातत्वका आधारमा यो कथाको कथानक यसरी अगाडि बढेको छ ।

#### ४.५.३.२ कथानक

'भैरानथानको रोट' कथा ऋषि कमरेड र कमरेड रौनक र कमरेड जस्मिनको जीवनवृत्तमा निर्माण भएको छ । शिक्षित भाषण र गफ गर्न कसैले नभेट्ने रौनकले घर छोडेको दश वर्ष भएको छ । दश वर्षे जनयुद्धको  समयमा भूमिगत भएको दोस्रो वर्षमै उसको जस्मिन कमरेडसँग प्रगतिशील विवाह भएको छ । पार्टी खुला भएपछि उनीहरूले पनि खुला जीवन बिताउन पाएका छन् । रौनक र जस्मिनको विवाह भएको नौ वर्ष बितेको छ । तर छोराछोरी जन्मिएका छैनन् । त्यसैको आशाले कालो बोको र छ वटा रोट लिएर रौनक र जस्मिन पाल्पाको भैरानथान मन्दिर जान्छन् । विगतमा झर्रा कम्युनिस्ट हुँदा गरेका क्रियाकलापका कारण बाटोमा अन्य कमरेडहरूले देख्छन् भन्ने डरले मुखलाई समेत छोप्न भ्याउने पोशाक लगाएका छन् । यसरी उनीहरूले ६ वटा रोट मध्ये एउटा रोट र बोको छोरो जन्मोस भनेर, दोस्रो जस्मिन भूमिगत हुँदा छोरीको मृत्यु नहोस भनेर उनकी आमाले गरेको भाकल, तेस्रो रोट रौनककी आमाले छोरो घर फर्कोस भनेर गरेको भाकल, चौथो भैसीले समयमै अउँरो फालोस भन्ने कामनाका लागि पाँचौ रोट रौनकका बुवाले युद्धकालमा बुटवलमा गोलाबारुद चल्दा परिवारको सुरक्षाको लागि र छैटौ रोट माइको लागि भनेर भाकल गरिएको थियो । एक एक मानाको रोट चढाउन गएका कमरेडहरू र गेरुवा वस्त्रमा रहेका ऋषि तिनै जनाको एक्कासी भेट हुन्छ । यी घटनाहरूबाट कथा अगाडि बढेको छ ।

ऋषि कमरेडले गुल्मीको बलेटक्सारमा भएको महायज्ञमा माला जप्दै धार्मिक भाषण सुन्नु, घरमा ढाटेर यज्ञमा २० हजार चन्दा समेत दिएका छन् । महायज्ञ सकिएपछि बुटवल

झर्दा रिडीको कालीगण्डकीमा नुहाउछन् । नक्कली जोगीहरूको इन्साफ गर्दा मानव अधिकारको कुरा झिकेर पिट्न नहुने भन्दै माफी मगाएर धपाउने सल्लाह दिन्छ । भैरानथानमा चढाएको कालो बोकाको मासु र काँचो रोट खाँदा जस्मिनलाई उधै उभो हुन्छ । उकउक हुँदा गर्भ रहेको भनी खुसी हुँदै डाक्टरलाई पेटमा छोरो छ कि छोरी भनेर सोध्न पुग्छन् तर डाक्टरले फुड पोइजन भएको भन्ने जवाफ दिन्छ र उपचार गर्छ । जस्मिनलाई घरमा भेट्न आएका अन्य महिला कमरेडहरू टिभीको विज्ञापनमा आएको क्रिमको प्रयोगबारे अन्योलमा परेका छन् । यसै क्रममा रोहिणी कमरेडकी छोरीले कम्युनिष्ट भएर नि क्रिम लगाउने भनेर जिस्काउँछे । जस्मिनकी सासुले आर्शिवाद दिन भैराननाथको पुरानो प्रसाद र दूषित सिसीको जल दिन खोज्दा उ झस्किन्छे । रौनकले आमाको हात हटाउँदा भाउजुको लागि ल्याएको तातो दुध पोखिन्छ । त्यसैले खैलाबैला मचिन्छ । त्यसैबेला ऋषि कमरेड जस्मिनको कोठामा पुग्छन् ।हलचलमा धकेलिदा उनको गोजिबाट हनुमान चालिसा भूइमा खस्छ । टिप्न खोज्दा १०८ वटा गेडा सहितको माला भूइमा खस्छ र उक्त दुवै वस्तु लुकाउन उनी थचक्क बस्छन् । त्यसपछि कथानक त्यही समाप्त हुन्छ । आवरणमा मात्र कम्युनिस्ट भएको चरित्र र  चिन्तनलाई कथामा चित्रण गरिएको छ । यस कथाको ढाँचा आदि मध्य र अन्त्यको क्रमिक विकासमा अघि बढेको पाइन्छ । कथानक छोटो छ र चरित्र चित्रणमा केन्द्रित छ ।

### ४.५.३.३ पात्र र चरित्र चित्रण

प्रस्तुत कथा ‘भैरानथानको रोट’ मा चयन भएका पात्र र तिनीहरूको कथामा रहेको प्रत्यक्ष, अपत्यक्ष सहभागिताका हिसाबमा तीन मुख्य पात्रहरूको चरित्र चित्रण गरिएको छ । यो कथा यिनीहरूकै जीवनवृत्तमा निर्माण गरिएको छ । यस बाहेक प्रस्तुत कथामा म पात्र, रौनककी आमा, बहिनी, डा.शेखर, सिस्टर कृतिका जस्ता पात्रहरू प्रसङ्ग र घटनाका आधारमा महत्त्वपूर्ण स्थानमा रहेका छन् । त्यस्तै कमरेड रोहिणी, उनकी छोरी कथामा चर्चामा आएका गौण पात्रहरू हुन् । यस कथामा विभिन्न पात्रहरू रहेपनि प्रमुख पात्रहरू रौनक, जस्मिन कमरेड र ऋषि कमरेडको चरित्र चित्रण निम्न बमोजिम गरिएको छ

**(क) रौनक**

प्रस्तुत कथाको आदिदेखि अन्त्यसम्म केन्द्रीय भूमिकामा देखापरेको रौनक यो कथाको केन्द्रीय पात्र हो । पढेलेखेको राम्रो भाषण गर्ने र गफगाफ पनि राम्रै गर्ने, माओवादी जनयुद्धमा लागेको मध्यम वर्गीय प्रतिनिधिको रूपमा उपस्थित रहेको छ । उसले घर छोडेको

दश वर्ष भएको छ । जनयुद्धकै शीलशीलामा पार्टी नेताकै संरक्षकत्वमा जस्मिनसँग प्रगतिशील विवाह बन्धनमा बाधिएको छ । अझ शुद्ध कम्युनिष्टको आदर्श नेताको हैसियत अचम्मको रहेको छ । भाकल सहितका सामानका साथ भैराननाथ जान्छ तर कसैले देख्छनकी भन्ने डर भएको निरिह र गतिशील पुरुष पात्रको रुपमा चित्रित गरिएको छ । फुड पोइजनका कारण बिरामी श्रीमतीको गर्भमा छोरा छ कि छोरी भनेर डाक्टरसँग सोध्ने विवेक शून्य पात्र हो । मार्क्सवादी चरित्र र चिन्तन बोकेको ऊ समाजको डर हुँदा हुँदै पनि बावु आमाको आदेश मानेर भाकल पुऱ्याउन जाने सत् पात्र हो । तर कम्युनिष्ट कार्यकर्ता भएर जनतामाथि धोकापूर्ण व्यवहार गर्ने असत् पात्रको रूपमा पनि देखिएको छ ।

**(ख) जस्मिन**

जस्मिन प्रस्तुत कथामा लिङ्गका आधारमा मुख्य नारी हो भने भूमिकाका आधारमा पनि मुख्य पात्रको रुपमा चरित्र चित्रण गर्न सकिन्छ । ऊ रौनककी श्रीमती कम्युष्टिकी सक्रिय कार्यकर्ता हो । माओवादी द्वन्दकालमा भूमिगत अवस्थामा प्रगतिशील विवाह गरेकी छ । उसमा पनि राजनीतिक आडम्बर देखापरेको छ । तसर्थ ऊ पनि गतिशील पात्र हो भन्ने बुझिन्छ । विवाह भएको दश वर्षसम्म निःसन्तान हुन पर्दा मातृत्वको चाहनाले भाकल पूरा गर्न गएकी द्वैध चरित्र भएकी पात्रको रूपमा चित्रण गरिएको छ ।

**(ग) ऋषि कमरेड**

प्रस्तुत कथाको महत्त्वपूर्ण पात्र ऋषि यस कथामा ऋषि कमरेड भनेर चिन्निछ । ऊ कथाको प्रमुख पात्र रौनकलाई माक्सवादी दर्शनप्रति प्रभावित गराउने अर्को प्रमुख पुरुष पात्र हो । धर्म भनेको अफिम हो भनेर जनतालाई भ्रममा पार्ने तर आफू रामनामी बर्को, गेरुवा रङ्गको कुर्ता-सुरुवाल लगाएर दिनबन्धु पोखरेलको महायज्ञमा सरिक भई रिडीको काली गण्डकीमा नुहाएर गेरुवा वस्त्रमै बस चढी भैरान्थान जाने गतिशिल पात्र हो । उसले महायज्ञमा घरमा ढाटेर २० हजार चन्दा समेत दिनु , ठिटी भक्तिनीहरूसँग चुड्का भजनमा नाच्ने नारीप्रति अनुरागी असत चरित्र भएको पात्रको रूपमा चित्रण गरिएको छ । अर्कोतर्फ ढोगी जोगीहरूको इन्साफ गर्न मानवअधिकारको हनन हुने कुराले माफी मगाएर धपाउन सल्लाह दिने सत पात्र पनि हो ।

### ४.५.३.४ परिवेश

कथाकार ज्ञवालीले भैरानथाको रोट कथाको भौगोलिक परिवेश पात्र अनुकुल गुल्मीको बलेटक्सार, रिडी, पाल्पाको भैरवस्थान र रूपन्देहीको बुटवलको सेरोफेरोलाई बनाएका छन् । दश वर्षे जनयुद्ध-कालीन समयमा कामरेडहरूको भनाइ र पछिको व्यवहारमा देखिएको आडम्बरी प्रवृत्तिलाई गुल्मिको बलेटक्सारदेखि भैरानथान पुग्ने समयसम्मको भौगोलिकताको चित्रण गरिएको छ । पहेलो गेरु वस्त्र र रामनामी बर्कोको प्रयोग गर्नु, गुल्मीको बलेटक्सारमा भएको दिनबन्धु पोखरेलको वाचन भएको महायज्ञमा सरिक भई रिडकिो काली गण्डकीमा नुहाएर गेरवा वस्त्रमा बस चढी पाल्पाको भैरानथान उत्रने प्रसङ्गले उसको साँस्कृतिक विचलनलाई संकेत गर्दछ । कमरेडी चरित्रका दुई पात्रको एक्कासी भैरवस्थानमा भेट हुनु परिस्थितिको संयोग पनि विचित्रको रहेको छ । आडम्वरी प्रवृति मान्छेका मानसिक कमजोरीको अभिव्यक्ति हो । भौतिकवादी दर्शन बोकेको मान्छे बोको लिएर पुजा गर्न जानु सिद्धान्तप्रति निष्ठा नभएको, इमान्दार नभएको र सिद्धान्तका नामबाट जनतामा एक प्रकारको भ्रम दिएर स्वार्थ पूरा गर्नु उसको हिनत्तर मनोवृत्ति हो । यसले आन्तरिक परिवेशमा विसङ्गत मनोदशा र साँस्कृतिक विचलनको सङ्केत हो ।

### ४.५.३.५ दृष्टिविन्दु

प्रस्तुत कथामा शुरुदेखि अन्त्यसम्म तृतीय पुरुष रौनक, जस्मिन र ऋषि कमरेड जस्ता मुखपात्रहरूको  माध्यमबाट कथाको वर्णन गरिएको हुँदा अन्य पुरुष दृष्टिविन्दुमाथि कथाको रचना गरिएको बुझिन्छ ।

### ४.५.३.६ भाषा शैली

प्रस्तुत भैरानथाको रोट कथा पात्र अनुकुल सहज र सरल भाषाको प्रयोग गरिएको छ । यस कथामा छोटा-छोटा वाक्यहरू रहेका छन् । यस कथाको शीर्षक अभिधात्मक अर्थसापेक्ष चयन गरिएको छ । केही रोचक पद पदावली र टुक्काको प्रयोगले कथा सार्थक बनेको छ । कथामा आत्थु, घिप्लिकै, झटपट, थचक्क जस्ता अनुकरणात्मक शब्दको प्रयोग गरिएको छ । प्रस्तुत कथामा रहेका विश्वास, प्रगतिशील, दम्पति, हिमश्रृङखला, संरक्षकत्व जस्ता तत्सम शब्द र सुविधा, भैरानथान, हटिया, थुम्को, भक्कल, चामल, जस्ता तत्भव शब्दहरूको प्रयोगले कथामा थप मिठास ल्याएको छ । अङ्ग्रेजी भाषाका डाक्टर,

क्रिम,च्यानल, ममी, गिलास लगायतका आगन्तुक शब्दहरू पनि थपिएका छन् । र, त, नि जस्ता निपातहरूको प्रयोगले थप रोचकता थपेको छ । “मैले लख काटेको थिएँ, र त ठाडो जवाफ दिएँ”? (पृ. ५९) ।

### ४.५.३.७ विचारतत्त्व

कम्युनिस्टका आदर्श नेताको चरित्र र भाषण व्यवहार एकातिर, कुरा अर्कातिर गरेर जनतालाई भ्रममा पार्ने वास्तविकताको उजागर गर्नु नै यस कथाको मुख्य सार रहेको छ । भौतिकवादी वा मार्क्सवादीमा हुँदा धर्म अफिम हो भन्ने कमरेडहरू बोको र रोट लिएर पूजा गर्न जान्छन् । ऋषि कमरेडको गोजीमा रहेको हनुमान चालिसा भेटिन्छ । १०८ वटा जप गर्ने मालाका गेडा भुइमा खस्छन् । कथाले पाठकलाई यथास्थितिबाट मुक्त गर्नु भन्दा रूढि र अन्धविश्वासतिर लाग्न प्रेरित गर्छ । अतः कथा परिवर्तनका विपक्षमा रहेको छ ।

### ४.५.४ ‘मेरो पोइ मूर्दावाद’ कथाको विश्लेषण

### ४.५.४.१ परिचय

‘मेरो पोइ मूर्दावाद’ कथाकार ज्ञवालीको **बोक्सिनी आमा** कथा सङ्ग्रहमा प्रकाशित चौथो कथा हो । प्रस्तुत कथा वि.सं. २०६४ सालमा रचना भएको देखिएको छ । प्रस्तुत कथा पृष्ठ १८ देखि २२ सम्म रहेको छ । ज्ञवालीका अन्य कथामा जस्तै यस कथामा पनि आदि, मध्य र अन्त्यको रैखिक ढाँचा प्रयोग गरिएको छ । कथाकारले यस कथालाई अन्य पुरुष दृष्टिविन्दुमा प्रस्तुत गरेका छन् । हाम्रो समाजमा कमै मात्र देखिने र सुनिने नारीले पुरुषलाई दिएको पीडालाई यस कथामा चित्रण गरिएको छ । कथाकारले नेपाली समाजको यर्थाथ घटनालाई जस्ताको तस्तै उतार्न सफल भएका छन् । कथातत्त्वका आधारमा अध्ययन गरिएको प्रस्तुत कथाको कथानक यसरी अगाडि बढेको छ ।

### ४.५.४.२ कथानक

मस्त निद्रामा रहेका शिव खन्द्राङ्ग आवाजका कारण झस्कँदै उठ्छन् । आवाज श्रीमतीले बन्चराको बींडले श्रीमानलाई तहले हिर्काउने क्रममा फोटो फ्रेम भुइँमा खस्दाबाट आएको छ । सोही आवाजबाट शिवले श्रीमतीको हातबाट बन्चरो खोसेर आत्म रक्षा गर्छन् । शिवले किन यसो गरेको भन्ने जवाफमा तँलाई मारेर मासु खान भन्ने जवाफ पाउँछन् । शाकाहारी पण्डित शिवले सप्ताहबाट फर्किदा मासु नल्याएको विषयमा सधै झगडा पर्छ । पत्नि पीडित शिव स्वास्नीबाट पटकपटक कुटिदा पनि इज्जत जोगाएर बसेका छन् । एक

दिन पत्नी घरबाट हराएपछि चारैतिर खोजेपनि भेट्न सक्दैनन् । जण्ड स्वास्नी हराएको दुई महिनापछि  एक्कासी फोन आयो ए मुडुला ! ए पण्डा ! ए टुप्पी ! ज्युदै छस् कि मरिस मरेको भए अंश लिन आउछु भन्ने वचन वाण प्रहार भएको छ । उल्टै सज्जन पति शिवका विरुद्ध बस्न नदिएर माइतिमै बस्नु परेको कारण देखाइ आमा समूहमा उजुर हालेर जण्ड नारीको संकेत देखाएकी छ । बुटवल महिला हिंसामुक्त जिल्लाको रुपमा घोषण गर्न तयार भएको फाईदा उठाउँदै महिलाहरूले सहानभूति स्वरुपको भाषण दिदै गरेको शिवले सुन्न पुग्छ । त्यसैको भोलिपल्ट आफ्नो घर नजिकै विशाल महिला समूहको जुलुसमा पार्वतीले मेरो पोई मूर्दावाद भनेबाट कथाको समाप्त हुन्छ । यसरी पतिलाई बन्चराको बिडले हानेर मार्न खोज्नुबाट सुरु भएको कथा मध्यभागमा पुग्दा जण्ड पत्नी पार्वती एक्कासी हराउनु र एकदिन पतिलाई मोबाईलबाट तथानाम गाली गर्नु र अन्त्यमा पति विरुद्ध उजुर हालेर मेरो पोइ मूर्दावाद सम्म भनेको देखिएको छ । यसर्थ यो कथा रैखिक ढाचाँमा अगाडि बढेको पाइन्छ । श्रीमती कर्कसा स्वभावकी हुँदा शिवजस्ता सरल स्वभावका पुरुषले दुःख र पीडामात्र पाउँछन भन्ने सन्देश दिन खोजिएको छ ।

**४.५.४.३ पात्र र चरित्र चित्रण**

कुनै पनि कथा तब पूर्ण हुन्छ जब त्यस कथामा रहेका पात्रहरूको उचित ढङ्गबाट चरित्र चित्रण गरिएको हुन्छ । कथामा भूमिका, उपस्थिति र वैचारिक महत्त्वका आधारमा प्रमुख, गौण र सहायक पात्र लगायतका पाात्रहरूको पनि कथा विकासमा महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ ।  यस कथामा प्रमुख पात्रका साथै केही गौण पात्रहरूको पनि भूमिका रहेको छ । यस कथाका प्रमुख पात्रका रूपमा दिनेश र चम्पा प्रस्तुत छन । यस कथाका प्रमुख पात्र शिव पार्वती  हुन । असल तथा सरल स्वभावका शिव श्रीमतीबाट पीडित पात्र हुन् । यिनीहरूकै केन्द्रियतामा कथावस्तु निर्माण गरिएको छ । यस बाहेक शिवका बा आमा, अरुण सर, इन्दु मेडम, कथामा चर्चामा आएका सहायक र गौण पात्र हुन् । यस कथामा प्रमुख पात्रहरूको रूपमा रहेका शिव र पार्वतीको चरित्र चित्रण निम्न अनुसार गरिएको छ

**(क) शिव**

प्रस्तुत कथाको आदिदेखि अन्त्यसम्म केन्द्रीय भूमिकामा देखापरेको शिव यो कथाको केन्द्रीय पात्र हो । ऊ पण्डित्याइ गर्नै शिक्षित र शाकाहारी झर्रा बाहुन हो । ऊ पत्नी पीडक पुरुष पात्र हो । सज्जन सरल प्रवृतिका शिव पत्नीबाट बारम्बार कुटिदा पनि विभिन्न बहाना बनाएर घरपरिवारको मेल भएको देखाउन खोज्ने सत् पात्रको रुपमा प्रस्तुत छ । कर्कशा र

राक्षसनी जस्तै पत्नीलाई कहिल्लै नराम्रो व्यवहार गर्दैन बरु उसैबाट उल्टै पिटाइ खाएको देख्दा उसमा स्थिरताको संकेत पाइन्छ । यसर्थ शिवको यस कथामा देखिएको उस्थिति र भूमिका हेर्दा ऊ यस कथाको मुखपात्र,अनुकुल पात्र हो ।

**(ख) पार्वती**

प्रस्तुत कथामा कथा वाचक म पाात्रले देखाएको कार्यकारण सम्बन्ध सबै पार्वतीकै कृयाकलापमा आधारित रहेको देखिन्छ । त्यसैले पार्वती प्रस्तुत कथा 'मेरो पोइ मूर्दावाद' मा मुख्य भूमिकामा देखिने नारी पात्र हो । ऊ यस कथाको प्रमुख पुरुष पात्र शिवकी पत्नी हो । ऊ तल्लो वर्गकी विलासिताका साथ जिउन खोज्ने खराब आचरणकी महिला पात्र हो । सोझो र सज्जन पतिलाई बारम्बार कुट्ने र दुख दिने उसको खराब प्रवृत्तिका कारण ऊ असत् पात्र पनि हो । सासू र पतिप्रतिको मर्यादालाई वेवास्था गर्ने, सम्पतिको मोहमा लिप्त स्थिर नारी पात्रको रूपमा उपस्थित छ । आफ्नो परिवारको मर्यादामाथि लात हान्ने,इज्जतको डर नभएकी पार्वती यस कथाकी प्रतिकूल पात्र हो ।

### ४.५.४.४ परिवेश

कथाकार ज्ञवालीको दोस्रो चरणको यस कथामा पशिचमाञ्चलको शहरिया वातावरणलाई बाह्य परिवेशको रूपमा प्रस्तुत गरेका छन् । भौगोलिक परिवेश पात्र अनुकुल बुटवल, भैरहवा, मिडियाचोकको सेरोफेरोलाई बनाएका छन् । घरमा कर्कसा स्वभावकी पत्नी हुँदा मानमर्यादामा ह्रास आउनुको साथै पीडा र अपमान भोग्नु पर्ने दृश्य देखिन्छ । पत्नीलाई राम्रो गर्दा पनि नपत्याउने समाज उल्टै सज्जन पतिप्रति नारा लागाउने अबुझ महिलाहरूको पक्षमा वकालत गरेको अत्यन्त गम्भीर अवस्थालाई यस कथाको विषयवस्तु बनाइएको छ । पुरुषले पीडा लुकाउनु, लुकाउन खोज्दा छताछुल्ल हुन पुगेको उसको हिनतर मनोवृति हो । यसले आन्तरिक परिवेशमा विसङ्गत मनोदशा र सामाजिक विचलनको सङ्केत रहेको बुझिन्छ ।

### ४.५.४.५ दृष्टिविन्दु

कथाकारले यस कथामा तृतीय पुरुष शिव र पार्वती जस्ता पात्रहरूको केन्द्रियतामा कथाको निमार्ण गरेका छ । यहाँ म पात्र तटस्थ रहेका छन् । शिव र पार्वती जस्ता मुखपात्र खडा गरेर घटनाको वर्णन गरेको हुँदा प्रस्तुत कथामा अन्य पुरुष दृष्टिविन्दु प्रयोग गरिएको छ ।

### ४.५.४.६ भाषाशैली

कथा छोटो भएपनि गहन विषयवस्तु बोकेको सरल भाषामा लेखिएको छ । यस कथाले उठाउको विषयवस्तु सामान्य भएकाले भाषा पनि सरल भएको देखिन्छ । ढाँचागत आधारमा हेर्ने हो भने कथा वर्णनात्मक ढाँचामा रहेको छ । 'खन्द्राङ आवाज आयो,मस्त निद्रामा रहेका शिव झस्कदैं उठे' भन्ने शुरूकै पङ्तिमा भनिएको छ भने कथाको अन्त्यमा पनि 'विपना र सपनाको दोसाधमा अझै आँखा मिच्दै थिएँ' भनी कथाको समापन गरिएको छ । दैनिक जीवनमा प्रयोग हुने प्रचलित झयाप्पै, झवाट्टै, छपक्कै, फिटिक्कै जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले कथामा मिठास ल्याएको छ । साथै कथाको प्रसङ्गमा आएका मिसफायर, मोबाइल, ल्याण्डलाइन जस्ता आगन्तुक शब्दहरूले कथाको भाषाशैली अत्यन्त बोधगम्य बनेको छ (पृ २०-२२) । सामान्य घरायसी व्यवहारमा बोलिने बन्चरो, बींड, झगडा, माइत, मुडुला, पत्याउने, जस्ता तदभव शब्दको प्रयोग गरिएको छ । धार्मिक संस्कारमा प्रयोग हुने कर्मकाण्ड, शाकाहारी, पण्डित, पार्वती, आधुनिक, पूजापाठ, अभिनव लगायतका तत्सम शब्दहरूको प्रयोगबाट कथा प्रभावपूर्ण बनेको छ । वाक्यगठनका हिसाबले पनि सरल वाक्यकै बहुलता रहेको छ । नै, त, नि, र, कि त्यस्तै जस्ता निपातको प्रयोगले कथा रोचक बनेको छ । उदाहरणार्थ :कतै डुल्न जाँदा रमाउँथिन् कि ? नि (पृ.१९ ) ।

### ४.५.४.७ विचारतत्त्व

'मेरो पोइ मूर्दावाद' कथाका प्रमुख पात्र शिव र पार्वती बीचमा भएको विमतिको अध्ययन विश्लेषण गरिएको छ । घरमा कर्कसा स्वाभावकी श्रीमती हुँदा शिवजस्ता सरल स्वभावका पुरुषले पाएको पीडानै यस कथाको मुख्य सार हो । पार्वती जस्तै खराब चरित्रकी नारीको प्रवेशले र्स्वग जस्तो घर नर्क जस्तै भएको परिणाम देखापरेको छ । पति र पत्नी बीच माया र सम्मानको भाव हुनुपर्छ र स्तर अनुसारको मर्यादामा चल्नु पर्दछ भन्ने सन्देश दिन खोजिएको छ । यहाँ कथाकारले समाजका विसङ्गति र विकृतिको चित्रण गरेर समाज सुधारको चाहना गरेका छन् । यसकथाले पति पत्नीका बीचको असमझदारी र प्रतिशोधपूर्ण व्यवहारको चित्रण गरेको छ । विकृति र विसङ्गतिबाट मुक्त हुने सन्देश दिन्छ । अतः कथा परिवर्तनमुखी रहेको छ ।

### ४.५.५ **'बाको चौरासी पूजा'** कथाको विश्लेषण

### ४.५.५.१ परिचय

'बाको चौरासी पूजा' कथा सङग्रहको पाँचौं कथाको रूपमा रहेको छ । यो पृष्ठ २३ देखि २९ सम्म रहेको छ । बाबु-आमाले सन्तानबाट सुखद आशा र अपेक्षा गरेका हुन्छन् । तर सन्तानले बाबुआमाको मर्म नबुझिदिँदा व्यहोर्न परेको उपेक्षित जीवन र सामाजलाई देखाउन गरिएको चैरासी पूजाको आडम्बरी चरित्रको यथार्थ र मार्मिक चित्रण यस कथामा प्रस्तुत गरिएको छ । कथातत्त्वका आधारमा विश्लेषित यो कथाका कथानक यस प्रकार रहेको छ ।

### ४.५.५.२ कथानक

शिक्षित, सम्पन्न र सरकारी जागिरबाट अवकाश प्राप्त दिनेश र उनकी जण्ड श्रीमती चम्पाका क्रियाकलापबाट कथाको उठान गरिएको छ । दिनेशका तीन जना इन्जिनियर छोराहरू लण्डनमा रहेका छन् । उनका चौरासी र असी वर्ष पुगेका बाबु आमा कर्णाली नदीले खेत खाए पश्चात् घरमा खान बस्नको समस्याका कारण आफ्नो कोही नभएको प्रमाण सहित स्थानीय समाजसेवीको सहयोगमा टिकापुरको वृद्धाश्रममा आश्रित छन् । तर चम्पाले आफ्नो इज्जत जोगाउन देवरहरूले पालेको भने पनि उनीहरूको आर्थिक अवस्था कमजोर देखिएको छ । बरु दिनेशले नै बेलाबेलामा चम्पाको विपरित बाबुआमालाई केही पैसा पठाउने हुँदा बाबुआमाप्रति दया र माया भएको देखिन्छ । छिमेकीको चौरासी पूजामा आफ्नो सासू ससुराको पनि चौरासी गर्ने भनेकोले सबै कार्यक्रम तय हुन्छ । राजापुरबाट वृद्धाश्रम पुगेका बाबुआमालाई फर्काउने शर्तबमोजिम साँझ घर ल्याइन्छ । चौरासी पुजा धुमधामसँग हुन्छ । शर्त अनुसार बाबुआमालाई फर्काउने दिन आयो । कुनै छोरामा पाल्ने हिम्मत आएन । यत्तिकैमा लण्डनमा रहेका नातिहरूले फोनमार्फत हजुर बाआमालाई सगै राख्नु अब पनि अपमानजनक व्यवहार भयो भने हामी तीनै छोराहरूले सोही व्यवहार गर्नुपर्ने हुन्छ भन्ने आदेश गर्छन । कल्पना समेत नगरेकी चम्पाको मुटुमा ढ्याङ्ग्रो ठोक्छ । ऊ औंला टोक्दै ढोकामा उभिएर रोएपछि कथा समाप्त हुन्छ ।

### ४.५.५.३ पात्र र चरित्र चित्रण

कुनै पनि कथा तब पूर्ण हुन्छ जब त्यस कथामा रहेका पात्रहरूको उचित ढङ्गबाट चरित्र चित्रण गरिएको हुन्छ । कथामा भूमिका, उपस्थिति र वैचारिक महत्त्वका आधारमा

केन्द्रीय, गौण र सहायक पात्र लगायतका पाात्रहरूको पनि कथा विकासमा महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ ा यस कथामा प्रमुख पात्रका साथै केही गौण पात्रहरूको पनि भूमिका रहेको छ । यस कथाका प्रमुख पात्रका रूपमा दिनेश र चम्पा प्रस्तुत छन् । असल तथा सरल स्वभावका दिनेश श्रीमतीको आदेशअनुसार चल्ने आमा बाबुको दायित्व पुरा गर्न नसक्ने पुरुषको पुरुषत्व धिकार्ने पीडित पात्र हुन् । यहाँ नातिहरू हजुरबा र आमालाई सम्मान र आदरका साथ आफूसगै राख्न आदेश दिने असल पात्रको रूपमा देखिएका छन् । यसबाहेक दिनेशका बहिनी, भाइहरू, साली र छिमेकीहरू कथाको चर्चामा आएका गौण पात्रहरू हुन् । प्रस्तुत कथाका दुई प्रमुख पात्र दिनेश र चम्पाकै केन्द्रीयतामा कथावस्तु निर्माण गरिएको छ जसको निम्न अनुसार चित्रण गरिएको छ :

**(क) दिनेश**

दिनेश जसलाई प्रस्तुत कथामा दिनेश सर भनेर चिनिन्छ । उसलाई सरकारी जागिरबाट अवकाश प्राप्त सम्पन्न, शिक्षित र सम्पन्न वर्गका रूपमा कथामा प्रस्तुत गरिएको छ । कथाको आदिदेखि अन्त्यसम्म नै प्रमुख भूमिकामा देखिने दिनेश केन्द्रीय पुरुष पात्र हुन् । दिनेशलाई खराब र कडा स्वभावकी महिला चम्पाको आदेश बिना कुनै काम गर्न नसक्ने पुरुषको पुरुषत्व धिक्कार्ने नारी समस्याबाट पीडित स्थिरताको प्रतिमूर्ति बनाइएको छ । करोडपतिको हैसियत भएपनि पत्नीको वशमा परेको बाबुआमाको सेवा र हेरचाहमा वास्ता नगर्ने असत्ताको प्रतिनिधि हो । तर पत्नीको विपरीत आमाबाबुलाई थौरै भएपनि खर्च पठाउने उसको कामले सत पात्रको भूमिका पनि निर्वाह गरेको देखिन्छ । ऊ सम्पतिको लेखाजोखा नभएको करोडपतिको हैसियत भएको पत्नी भक्त पुरुष पात्र हो । ऊ कमजोर पुरुष पात्र पनि हो ।

**(ख) चम्पा**

प्रस्तुत कथाको आदिदेखि अन्त्यसम्मको कथानकमा उपस्थित भएकी चम्पा यस कथामा मुख्य भूमिकामा छ । ऊ यहाँ प्रमुख नारी पात्रको रूपमा रहेकी छ । ऊ सम्पन्नताले मात चढेकी घमण्डी महिला पात्र हो । समाजसँग परिचित हुन नचाहने पतिलाई पट्टक्कै नटेर्ने जबरजण्डा पात्रको रूपमा उपस्थित छ । हरेक दिन स्वभाव बदल्ने, सम्पतीको घमण्ड चढेकी सतही प्रवृत्तिकी गतिशील पात्रको रूपमा चित्रित छ । आफ्नो घर पक्षलाई भन्दा माइती पक्षलाई पहिलो प्राथमिकता दिने चम्पा चौरासी पूजामा आफ्नी बहिनीलाई नै पहिलो

निम्ता दिएकी छ । आफूदेखि टाढा रहेका सासू ससुरालाई कहिले नसम्झने चम्पा छोराहरूको कडा आदेशका कारण ठाउँमा आएकी छ । यसर्थ ऊ सत् पात्र पनि हो ।

### ४.५.५.४ परिवेश

कथाकार ज्ञवालीको 'बाको चौरासी पूजा' कथाको बाह्य परिवेश पश्चिमाञ्चलको रुपन्देहीको शंकरनगर, सुदूर पश्चिमाञ्चलको, कन्चनपुर, बर्दियाको राजापुर, कैलालीको टिकापुर, सीतापुर धर्मशाला जस्ता शहरिया र ग्रामीण वातावरणको साथै अन्तराष्ट्रिय परिवेश लण्डनलाई समेत समावेश गरेका छन् । तत्कालीन समाज आडम्बर छ । माता पितामा सन्तानको सहारा नभएको पिडा, सन्तानमा मातापिताको हेरचाह गर्नु पर्ने अर्को पीडा जस्ता दृश्य र परिस्थितिले गर्दा कथाकारले यस कथामा सामाजिक यर्थाथ ल्याउन खोजेको संकेत पाइन्छ । बेसहारा बनेका हजुरबुबा र आमाले नातीहरूको उच्च मनोबलका कारण स-सम्मान बाँच्न पाएको र आफुहरूकै नाममा अक्षयकोष समेत खडा गरिएको जस्ता सकारात्मक आन्तरिक परिवेशलाई देखाइ कथाको वातावरण सुखद र संयोगान्त बनाउन खोजिएको ।

### ४.५.५.५ दृष्टिविन्दु

कथाकारले यस कथामा तृतीय पुरुषको रूपमा रहेका दिनेश र चम्पाको संवेगात्मक स्थितिबाट कथालाई अगाडि बढाएका छन् । यहाँ म पात्र तटस्थ रहेर मुखपात्रका रूपमा दिनेश र चम्पालाई प्रस्तुत गराई कथाको वर्णन गरेकोले यहाँ अन्य पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ भन्ने बुझिन्छ ।

### ४.५.५.६ भाषाशैली

अभिधात्मक अर्थ सापेक्ष शीर्षक रहेको यस कथाको भाषा सरल र स्वभाविक छ । विषयवस्तु अनुसार शीर्षक चयन गरिएको छ । छोटा-छोटा वाक्यहरू रहेका छन् । वर्णनात्मक शैलीको प्रयोग गर्न रुचाउने कथाकारले यस कथामा पनि वर्णनात्मक शैलीको प्रयोग गरेका छन् । दैनिक व्यवहारमा प्रयोग हुने खुसुक्क, ढयाक्क, चटक्क, तम्तयार, झमक्क जस्ता अनुकरणात्मक शब्दको प्रयोग गर्नुका साथै कि, तै, जे पनि जस्ता निपातका कारण भाषामा मिठास थपेको छ । घर व्यवहारमा प्रचलित आश्रम, पालनपोषण, अवस्था, हस्तान्त्रण, उप्रान्त तत्सम शब्द र अवकाश, सन्तान, समाधान, चौरासी, देबर, निम्ता, छापिने, नरमाइलो जस्ता तद्भव शब्दहरूको प्रयोगले कथा रोचक बनेको छ । प्रस्तुत

कथामा कथाकारले माइको बस, सर, फोन, जस्ता आगन्तुक शब्दहरूलाई पनि स्थान दिएका छन् ( पृ : २५-२९) । नेपाली जनजीवनमा भिजेका सरल शब्दहरूको प्रयोगले कथाको भाषा सरल भएको देखिएको छ ।

### ४.५.५.७ विचारतत्व

बाबु-आमालाई बाचुन्जेल सेवा र हेरचाह नगर्ने तर समाजलाई देखाउन चौरासी पुजाको नाटक गर्ने आडम्बरी प्रवृतिको विरोध गर्नु नै यस कथाको मुख्य सार हो । बाबु-आमामा सन्तानको सहारा नभएको पीडा छ भने सन्तानमा हेरचाह गर्न पर्नेमा पीडा भएको सन्देश दिन खोजिएको छ । श्रीमतीको आदेशमा मात्र हिड्ने पुरुषको पुरुषत्वलाई धिकार्दै नारी समस्याले सृजना गरेका सामाजिक र मनोवैज्ञानिक पीडाको अवस्थालाई प्रस्तुत गरिएको छ । रूढी र अन्धविश्वासको डटेर सामना गर्दै रुपानतरणका पक्षमा आवाज उठाउनु भन्दा त्यसै कुराको समर्थन जस्तो देखिन आएकाले कथालाई यथास्थितिको पक्षपोषण गर्ने खालकको देखिन्छ । अतः कथा परिवर्तनका पक्षमा भन्दा रूढी र अन्धविश्वासतिर लाग्न प्रेरित गर्ने खालको छ । अतः यस कथालाई प्रगतिशील मान्न सकिन्छ ।

### ४.५.६ 'बोक्सिनी आमा' कथाको विश्लेषण

### ४.५.६.१ विषय परिचय

**बोक्सिनी आमा** यस सङ्ग्रहको छैठौं कथा हो । यसै कथालाई आधार मानेर सङ्ग्रहको नाम बोक्सिनी आमा राखिएको छ । यो कथा यस सङ्ग्रहको पृष्ठ ३० देखि ३७ पृष्ठ सम्म फैलिएको छ । यो कथा कथाकार गुरुदत्त ज्ञवालीको जनयुद्धकालीन परिवेशमा रचना गरिएको हो । समाजमा कतिपय व्यक्ति परिबन्द र परस्थितिको चेपुवामा परेर अस्वस्थ भएको देखाइएको छ । जो झ्वाट्ट हेर्दा अनुहार कुरुप जस्तो देखिन्छ । त्यस्ता व्यक्तिलाई सभ्य र शहरीया भनाउँदाहरूले बोक्सिनीको आरोप लगाउँछन् भन्ने कुरा यस कथामा प्रस्तुत गरिएको छ ।

### ४.५.६.२ कथानक

पण्डित दधिराम दम्पतिका एउटै मात्र सन्तान दिनेशले त्रि. विवि पाल्पाबाट स्नातक पास गर्छ । ऊ नोकरी नपाउन्जेल राजनीतिमा लाग्छ । माओवादी भूमिगत राजनीतिमा लागेको उसलाई सेनाले पकन्छ । भोलिपल्ट गोली हानी मारेर कालीगण्डकीमा बगाएको

भन्ने हल्ला सुनिन्छ । दिनेशको हत्या भएको ठानेर गाउँभरी कोलाहल हुन्छ । लास नभेटिदा मृत्युको प्रमाण हुँदैन र काजक्रिया गरिएको छैन । बाबु आमालाई छोरो ज्युदो फर्कने आशा हराएको छ । तर ऊ कालीगण्डकीको किनार हुँगी घाँटमा अर्धचेत अवस्थामा भेटिन्छ । ढुकढुकी बाँकी रहेको अवस्थामा भक्तिनीहरूले भेटेर प्राथमिक उपचार र स्याहार सुसार गरेपछि स्वस्थ भएर ऊ गल्याङ पुग्छ । त्यहाँ किशोरी सुस्मिताका सहयोगले थप उपचारमा निकै मद्दत पुग्छ । अर्जुन ज्ञवालीको मानवीय सहयोग पाएको दिनेश पुनःपार्टीको सम्पर्कमा पुग्छ । किशोरी सुस्मितासँग बुटवलमा फेरि भेट हुन्छ । ढकाल्नी आवैले भनेको कुरा सम्झिन्छ । उनीहरूको सम्बन्ध झाँगिदै जान्छ । पार्टीले केही महिनापछि दुबैलाई अलग अलग जिम्मेवारी दिएर काठमाडौ पठाइन्छ । उता बाबुलाई छोरो हराएको एक वर्षसम्म पनि कुनै जानकारी हुँदैन । छोराको वियोगमा अर्धपागल जस्तै भएका दधिराम दिनेशको खोजिमा काठमाडौ आइपुग्छन् । काठमाडौ आएका दधिराम गोदावारी जाने बस चढ्छन् । तर होस नपाएर हात्तिवनको कर्मनाशा पुल नजिकै झर्छन् । ज्योतिषी र झारफुक गर्न जानेका उनी यज्ञप्रसादका सहयोगमा त्यहीँ बसेर आफ्नो पेशा सुरु गर्छन् । उता छोरो हराएर उसैको खोजिमा हिडेका पति पनि हराएपछि विक्षिप्त बनेकी दिनेशकी आमा पनि काठमाडौ आइपुग्छिन् । कहिले मन्दिरको पेटी र कहिले सडक किनारामा सुत्ने र जुठो पुरो खाएर बाँच्न विवश उनी युवक देख्ने बित्तिकै  छोरो सम्झेर अंगालो हाल्न पुग्छिन् । उनको यस्तो व्यवहारबाट हार खाएका स्थानीयहरूले गोदावरी जाने बस चढाइदिन्छन् । तर कन्डक्टरले हात्तिवनमै झारीदिन्छ । शिवमन्दिर पुगेकी उनलाई देखेर आफ्नै बुहारी र नातिनी तर्सिन्छन् । नातिनीलाई ज्वरो समेत आउँछ । नातिनीलाई हजुरबुवा दधिरामले आखत हेर्दा बोक्सिनी लागेको भन्छन् । त्यो बोक्सिनी उही दिनेशकी आमा हुनपुग्छिन् । दिनेशकी आमा  पेटीमा आएर बस्नु, दिनेश पनि खाना खान घर आउनु, दधिरामले आखत हेर्दै गरेको अवस्था रहेको छ । यसरी त्रिकोणात्मक सङ्गम हुन्छ र उनीहरूबीच एकापसमा रुवावासी चल्छ । कथा त्यही समाप्त हुन्छ । यसरी कथाको सुरु, मध्य र अन्त्य रैखिक ढाँचामा रहेको छ ।

### ४.५.६.३ पात्र र चरित्र चित्रण

कुनै पनि कथा तब पूर्ण हुन्छ जब त्यस कथामा रहेका पात्रहरूको उचित ढङ्गबाट चरित्र चित्रण गरिएको हुन्छ । कथामा भूमिका, उपस्थिति र वैचारिक महत्त्वका आधारमा केन्द्रीय, गौण र सहायक पात्र लगायतका पाात्रहरूको पनि कथा विकासमा महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ ा  यस कथामा प्रमुख पात्रका साथै केही गौण पात्रहरूको पनि

भूमिका रहेको छ । यस कथाका प्रमुख पात्र दिनेशकी आमा, बाबु र दिनेश हुन् । ती बाहेक अन्य सहायक र गौण पात्रहरूमा काली गण्डकीको किनारका भक्तिनीहरू शङ्करनगर निवासी मदनलाल पौड्याल, अर्जुन ज्ञवाली, घाइते अवस्थाका दिनेशलाई बुटवलसम्म पुऱ्याउन सहयोग गर्ने सहयोगी पात्रका रुपमा देखिएका छन् । माधव नेपाल, हरि र उनकी श्रीमती कथामा चर्चामा आएका गौण पात्रको रुपमा रहेका छन् । प्रस्तुत कथामा प्रमुख भूमिकाका रहेका दिनेश, दधिराम र दिनेशकी आमाको मात्र निम्न बमोजिम चित्रण गरिएको छ

**(क) दिनेश**

प्रस्तुत कथाका प्रमुख पुरुष पात्र दिनेशको यस कथामा सुरुदेखि अन्त्यसम्म नै केन्द्रीय र महत्त्वपूर्ण भूमिका रहेको हुनाले उनी नै प्रमुख पुरुष पात्र हुन् । दिनेश गुल्मीको ग्वादी गाउँको स्नातक पढेको, बाबु-आमाको एक्लो छोरो जो नोकरी खोज्दा नपाएपछि माओवादी कार्यकर्ता बनेको एक जागरुक व्यक्ति हो । उसलाई माओवादी कारबाहीमा गुल्मीको बिष्णुपञ्जरमा मारिएको अनुमान लगाइएको छ । तर ऊ हुँगीघाटका भक्तिनी र सुस्मिता नामकी माओवादी कार्यकर्ताको सहयोगले नयाँ जीवन पाएको छ । उनै सुस्मितसँग बैवाहिक सम्बन्ध गाँसी सफल जीवन जीएको पात्रको रुपमा प्रस्तुत छ । तर यसरी बसेको छोरो बा आमालाई सम्झेको देखिदैन । ऊ कठोर छोराको रुपमा प्रस्तुत छ । तर अन्त्यमा बोक्सिनीको आरोप खेपेकी आमालाई भेटेर अंगालो मारेर रूनु र आमा बाबुलाईसँगै राख्नु जस्ता उसका कार्यले ऊ सत पात्र बन्न पनि सफल भएको छ ।

**(ख) दधिराम**

दधिराम प्रस्तुत कथाका प्रमुख भूमिकामा रहेको पुरुष पात्र हुन् । यस कथामा सुरुदेखि अन्त्यसम्म नै केन्द्रीय र महत्त्वपूर्ण भूमिका रहेको हुनाले उनी पनि प्रमुख पुरुष पात्रको रूपमा उपस्थित छन् । दधिराम छोराको खोजिमा भौंतारिका पीडित बाबुको रुपमा रहेका छन् । उनी ज्योतिषि र झारफुक विधामा दख्खल भएका मध्यम वर्गका पुरुष पात्र हुन । गुल्मीदेखि छोराको खोजिएमा हिँडेका दधिराम ललितपुरको हात्तिवनमा आएर आफ्नो पेशा शुरु गरी जीवन गुजारेका छन् । उनी अत्यन्त असल र कुशल छन् । आफ्नो छोरालाई पक्कन आएका सेनालाई समेत सहयोग गरेका छन् । यसर्थ उनी सत पात्र हुन् । छोराको खोजिएमा भौंतारिका दधिराम काठमाण्डौं आएपछि एक्लै भएकी पत्नीलाई समेत बिर्सिएका छन् । तसर्थ उनमा असतताको सङ्केत पनि रहेको छ ।

(ग) **दिनेशकी आमा**

दिनेशकी आमा प्रस्तुत कथा 'बोक्सिनी आमा' मा प्रमुख भूमिकामा देखिने नारी पात्र हुन् । यहाँ उनले कुशल र असल नारी चरित्रको प्रतिनिधित्त्व गरेकी छन् । छोरो दिनेश हराएपछि विक्षिप्त भएकी छन् । उनी छोराको खोजिमा हिडेका पति पनि बेपत्ता भएपछि भौतारिदै हिडेकी प्रमुख नारी पात्र हुन् । एउटै मात्र सन्तान दिनेश हराएपछि पागल र बोक्सिनी जस्तै भएर बाँचेकी छन् । उनमा अगाध मातृवात्सल्य रहेको छ । आफ्नै छोराको जस्तै अनुहार लागेर नातिनीको मुख हेर्दा बुहारीबाट बोक्सिनीको आरोप लगाए पनि नातिनीको मुख हेर्न पटक पटक गएकी छन् । यसर्थ उनी नारी सत पात्र हुन । यसरी छोराको पीडामा भौतारिएकी उनले बाटोमा हिँड्ने युवकलाई देख्दा दिनेश जस्तै मानेर अंगालो मार्न खोज्दा समाजले पागल र बोक्सीनी बनाएको छ ।

## ४.५.६.३ परिवेश

कथाकार ज्ञवालीले प्रस्तुत कथाको बाह्य परिवेश पात्र अनुकुलको ग्रामीण र शहरीया जनजीवनको सेरोफेरोलाई बनाएका छन् । भूगोलका दृष्टिले नेपालको पश्चिमाञ्चलको गुल्मीको ग्वादी गाउँ, पाल्पाको हुँगीघाट, स्याङजाको गल्याङ, बुटवलको शंकरनगर हुँदै मध्यमाञ्चलको काठमाण्डौ र ललितपुरको इमाडोल कर्मनाशा पुल, मन्दिर, पार्टी पौवा लगायत स्थानीय परिवेको चित्रण गरिएको छ । सन्तानप्रति अगाध माया हुनु तर सन्तान भने राजनीति र पत्नीप्रतिको मोहमा परेर उसैका लागि विक्षिप्त बनेका आमाबाबुबाट बेखबर हुने सन्तानको चरित्रमाथि प्रहार गरिएको छ । सन्तानको मायाले विक्षिप्त बनेर उसैलाई खोज्न गुल्मीको ग्वादीदेखि ललितपुरको हात्तीवनसम्म पुग्दा न खानु न पिउनुको अवस्थामा पागल र बोक्सिनी बनेको दृश्यले आन्तरिक परिवेशको संकेत गरेको छ । अर्कोतिर छोराको अनुहार जस्तो लगेर नातिनीलाई र्हेदा बुहारीले बोक्सीको आरोप लगाउँदा बोक्सिनी बन्न पुगेको अवस्थालाई कारुणिक ढंगमा प्रस्तुत गरिएको छ । गुल्मीदेखि ललितपुरसम्मको वातावरण अनुकुलको भेषभूषा भाषभाषिकाको प्रयोग गर्न यहाँ कथाकार सफल भएका छन् ।

## ४.५.६.४ दृष्टिविन्दु

यस कथाको आरम्भमा म पात्र आफै प्रस्तुत भएर घटना वर्णन गरेका छन् भने कथाको मध्यदेखि अन्त्यसम्म म पात्र तटस्थ रहेर मुखपात्रका रूपमा दिनेश, दधिराम र

उनकी पत्नीलाई प्रस्तुत गराई कथाको वर्णन गरेकोले यहाँ प्रथम पुरुष र अन्य पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ भन्ने बुझिन्छ ।

### ४.५.६.५ भाषा शैली

सामाजिक, राजनैतिक र सांस्कृतिक विषयवस्तुमा रचिएको प्रस्तुत कथा संवादात्मक र वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको यस कथाको भाषा अति सरल, सहज र स्वाभाविक छ । पश्चिमाञ्चलका ग्रामीण क्षेत्रमा बोलिने स्थानीय शब्द आँवै, भाउँ हो भाउँ हैन, टिठ जस्ता शब्दहरूको प्रयोगले कथालाई थप रोचक बनाएको छ । झल्यास्स, थरथर, झ्वाट्ट जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग भएको छ । कथामा प्रयोग भएका के तै, ए र अनि जस्ता निपातको प्रयोगले भाषामा मिठास थपिएको छ । बिहान, सेना, किनार, मान्छे, बोक्सिनी, जस्ता तत्भव शब्द र दिनेश, कपिलवस्तु, अवस्था, कर्मनाशा, मन्दिर, भावुक, आकाश जस्ता तत्सम शब्दहरूको प्रयोग भएको छ । अङ्ग्रेजी भाषाका बोर्डिङ स्कुल, पार्ट टाइम, होटल, सर लिटिल जस्ता आगन्तुक शब्दहरू पनि कथामा देखिएका छन् (पृ. ३०-३७) । पात्र परिवेश र परिस्थिति अनुकुल भाषाको प्रयोग भएको छ ।

### ४.५.६.७ विचारतत्व

कथाले माओवादी जनयुद्धकालीन घटनाको विवरणात्मक प्रस्तुती गरेको छ । मार्क्सवादले जनताको चेतनामा ल्याउने परिवर्तनको आवश्यकता देखाउन खोजे पनि त्यस कुरालाई कथाकार प्रष्ट रूपमा भन्न सकेका छैनन् । जनयुद्धले रूढी र अन्धविश्वासको अन्त्य गर्दै समाजको आमुल परिवर्तनको जनअपेक्षलाई पुरा गर्न नसकेको यर्थाथ यस कथामा व्यक्त गरिएको छ । अतः कथा परिवर्तनका पक्षमा प्रष्ट रूपमा आउन सकेको छैन र यथास्थितिको आलोचना पनि गर्न सकेको छैन । कथालाई सामान्यतः प्रगतिशील मान्न सकिन्छ ।

## ४.५.७. लेखनाथकी कान्छी दुलही - १ कथाको विश्लेषण

### ४.५.७. १ परिचय

'लेखनाथकी कान्छी दुलही - १' बोक्सिनी आमा कथा सङ्ग्रहको सातौं कथाको रूपमा रहेको छ । यो कथा पृष्ठ ३८ देखि ४८ सम्म रहेका छ । स्वैर कल्पनात्मक शैलीमा लेखिएको यो कथा कथाकार आफूले अत्यन्त नजिकबाट चिने जानेका भद्र, शालीन र शिक्षित व्यक्ति लेखनाथका रचना पढेपछि उनका रचनालाई प्रकाशनमा ल्याउनका निमित्त

लेखिएको हो ।  यस कथामम म पात्रले नेपाली साहित्यलाई योगदान दिने स्रष्टा लेखनाथको सम्मान र उचाईका खातिर गरेको प्रसङ्गहरू छन् । कथातत्वका आधारमा विश्लेषित यो कथाको कथानक यस प्रकारको छ ।

### ४.५.७. २  कथानक

लेखनाथ निकै असल र सज्जन साहित्यकार हुन् । उनका दुईवटी दुलहीहरू मध्ये आशा कर्मकाण्डले र सरस्वती सङ्गतले जेठी हुन् । सानो हुँदा लेखनाथ माघे संक्रान्तिको मेला हेर्न बाबुसँग रिडी पुगेको घटनाबाट कथा विकसित हुँदै गएको छ । मेलाको भीडमा उनी अल्मलिएर लामा चौपारी नजिक साने नेवारको दुकानमा पुग्छन् । त्यहाँ चुकौनी खाँदै गरेकी बालिकाले मिठो गरी चुकाउनी खाने भनेर सोधेपछि सम्बन्ध जोडिएको छ । उनी नै सरस्वती हुन् । लेखनाथलाई एउटा मुरली सिठ्ठी, सानो बाच्छी बाजा, ३२ पन्ने हात्तिछाप कापी र सिसाकलम किनेर दिएकी छन् । त्यसै दिनदेखि सरस्वती लेखनाथको साथमा रहन पुगेकी छन् । उनकै सङ्गतले लेखनाथले मुरली र हार्मोनियम बजाउन सिके । आशाले सरस्वतीलाई  सौता भन्ने चिन्नै सकेकी छैनन । सधै सरस्वतीसँग रहने पतिलाई आशाले कहिल्यै प्रतिवाद गरिनन् । असल पत्नी आशाले साथ दिइन् सरस्वतीले ज्ञान दिइन् जसको कारण लेखनाथ साच्चिकै लेखनाथ बने । कान्छी या जेठी दुबै शब्द भने पनि फरक नपर्ने सरस्वतीले गर्दा उनी शिक्षा, साहित्य, पत्रकारिता सङ्गीत आदि क्षेत्रका अनुरागी हुन पुगेका छन् । कान्छी दुलहीका कारण लेखक बनेका लेखनाथको मृत्युमा सरस्वतीले काजकिरिया भने गरिनन् । उनी लेखनाथका कृतिहरूको प्रतिनिधि पात्र हुन् । लेखनाथको १३ औ दिनमा ४ जना छोराछोरी र भरेकाल भएको पेट लिएर हिडेकी उनी बच्चा तुहुने हो  वा जुम्ल्याहा, तिम्ल्याहा र चम्ल्याहा सग्ला हुने हुन या होईनन कथाकार सोच्न थाल्छन् । ती कलपनाका सन्तानहरू हेर्दाहेर्दै विलिन हुन्छन् । यति बेला फिल्मशैलीमा गीत बज्छ , कसैले सुमधुर स्वरमा कविता वाचन गरेको स्वर सुनिन्छ र म पात्रले बसको प्रतिक्षा गर्दागर्दै कथानाक अन्त्य हुन्छ ।

### ४.५.७. ३ पात्र र चरित्र चित्रण

यस कथाका प्रमुख पात्र लेखनाथले कथामा सञ्चालकको भूमिका निर्वाह गर्दछन् र कथानकलाई जीवन प्रदान गरेका छन् । लेखनाथकी प्रेरणाकी श्रोत सरस्वतीले लेखनाथलाई ज्ञान दिएकी छन् । मानवेत्तर पात्र भएपनि उनको यहाँ प्रमुख भूमिका देखिएको छ । यस कथामा उपस्थित आशा लेखनाथकी पत्नी  हुन र उनको भूमिका कम स्थान महत्त्वपूर्ण छ

तर उनी प्रमुख पात्र नभएर सहायक पात्र हुन् । उनी अत्यन्त सोझी र असल गृहिणीको रूपमा देखापरेकी छन् । लेखनाथले सहयोग नगरेको अवस्थामा पनि प्रतिवाद नगर्ने उनको स्वभाव छ । पत्निको धर्म पुरा गर्न सफल भएकी नारी पात्र हुन् । पति लेखनाथको लागि ज्यान दिन सक्ने सत पात्रको रुपमा प्रस्तुत छन् । बाहेकका अर्जुन ज्ञवाली, लक्षमण, दुर्गा, जापानी दिदी, विजय, ज्वाइ, सरोज,आदि कथाको चर्चामा आएका गौण पात्रहरू हुन् । यस कथामा प्रमुख भूमिकामा देखा परेका दुई पात्रहरू लेखनाथ र सरस्वतीको निम्न बमोजिम चित्रण गरिएको छ

(क) **लेखनाथ**

प्रस्तुत कथाका प्रमुख पुरुष पात्र लेखनाथको यस कथामा सुरुदेखि अन्त्यसम्म नै केन्द्रीय र महत्त्वपूर्ण भूमिका रहेको हुनाले उनी नै प्रमुख पात्र हुन् । लेखनाथ एक विशिष्ट साहित्यिक व्यक्तित्व हुन् । उनी आशा र सरस्वती जस्ती सहकर्मिणीका कारण लेखक बन्न सफल भएका छन् । उनले आशालाई जस्तै सरस्वतीलाई पत्नी सरह सम्मानपूर्ण स्थान दिएका छन् । यसर्थ उनी यस कथाका सत पात्र हुन् ।कथाको आदिदेखि अन्त्यसम्मको उनको एउटै व्यवहार र स्वभावका कारण उनी स्थिर, अनुकुल पात्र हुन् ।

(ख) **सरस्वती**

प्रस्तुत कथाकी प्रमुख नारी पात्र सरस्वती यस कथामा सुरुदेखि अन्त्यसम्म नै केन्द्रीय र महत्त्वपूर्ण भूमिकामा रहेको हुनाले उनी प्रमुख नारी पात्र हुन् । सरस्वती सङ्गतले लेखनाथकी जेठी पत्नी हुन् । सरस्वती कथाकारका प्रतिभाकी प्रेरक शक्ति हुन् । यहाँ म पात्रले लेखनाथका रचनाहरूलाई कान्छी श्रमितीका रूपमा उभ्याएका छन् । उनका सन्तान भनेका रचनाहरू हुन् । सरस्वती मानवेत्तर पात्र भएपनि म पात्रले मुख्य चरित्र पात्रको रूपमा प्रस्तुत गरेका छन् । उनले लेखनाथलाई ज्ञान दिएकी छन् । जसले गर्दा लेखनाथ साहित्यकार बनेका छन् । लेखनाथलाई साहित्य लेखनको साथै हारमोनियम, बासुरी बजाउने जस्ता सङ्गीतका क्षेत्रमा लाग्न समेत प्रेरणा दिने सरस्वती यहाँ अमूर्त पात्र हुन् ।

### ४.५.७. ४ परिवेश

गुरुदत्त ज्ञवालीका छिमेकी गाविसका चिरपरिचित व्यक्तित्व लेखनाथका रचनाहरूलाई माध्यम बनाएर निमार्ण गरिएको यस कथाको स्थलगत बाह्य परिवेशका रूपमा पहाडी र तराई प्रदेश आएको छ । विशेष परिवेशमा भूगोलका दृष्टिले गुल्मीको

दिगाम, तराईका कैलाली, नेपालगञ्ज, धनगढी, र काठमाण्डौ उपत्यका स्थलगत बाह्य विशिष्ट परिवेशका रूपमा आएका छन् । यस कथाका पात्रका कार्यव्यापारहरू घटित भएका स्थलहरू यिनै हुन् । कालगत परिवेशका दृष्टिले यहाँ त्यस्तो कुनै ऐतिहासिक कालखण्ड उल्लेख भएको छैन । तर स्रष्टाका मित्र लेखनाथका रचनाहरूको उचित संरक्षण नभएकोमा पात्रहरू चिन्तित देखिन्छन् । यस दृष्टिले लेखनाथ समकालीन समय सन्दर्भ कालगत परिवेशका रूपमा आएको छ । लेखनाथका रचनाहरूको उचित सदुपयोग नभएकोले सोको संरक्षण र सम्मानका लागि आवाज उठाउने काम म पात्र स्वयम्ले गरेको छ । यसरी पात्रको आन्तरिक भावजगतमा एकाप्रकारको असन्तोष, छटपटी, आक्रोश र पीडा अभिव्यक्त भएको हुनाले आन्तरिक परिवेश वा भावपरिमण्डल सुखदुखात्मक रहेको छ ।

### ४.५.७. ५ दृष्टिबिन्दु

'लेखनाथकी कान्छी दुलही १' कथामा कथाकार ज्ञवालीले लेखनाथका कृतिलाई मानवीकरण गरी कान्छी दुलहीको आरोप गरेका छन् र ती कृतिको संरक्षण हुन नसकेको गुनासो व्यक्त गरेका छन् । तसर्थ यहाँ लेखनाथका कृतिलाई विषय बनाइएको हुँदा यहाँ अन्य पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । उदाहरणार्थ : "श्रीमतीले झक्झक्याएर उठाइन्, जाडोको समय भएर पो नत्र ७ बजेसम्म सुत्नु मान्छेको असफलताको सङ्केत मात्र होइन मार्ग नै हो"... (पृ : ४३) । यसरी नै कथाकार ज्ञवालीले अन्य पुरुष वा सन्दर्भलाई कथ्य बनाएका छन् । तसर्थ यस कथामा अन्य पुरुष दृष्टि विन्दुको प्रयोग भएको छ ।

### ४.५.७ .६ भाषाशैली

कथा रैखिक ढाँचामा अगाडि बढेको हुनाले वर्णनात्मक पक्ष प्रवल रहेको देखिएको छ । कथाकारले साहित्यकार लेखनाथका कार्यहरूको वर्णन गरेको हुनाले वर्णनात्मक शैली कथाको मूल शैलीगत पक्ष बनेको देखिएको छ । लेखनाथलाई नजिकबाट चिनेका म पात्रले उनका रचनाको उचित सदुपयोगको लागि अनुरोधलाई कथामार्फत प्रस्तुत गरेका छन् । भगवान, देहावसान, शिक्षा, श्रोत, आंशिक, बागेश्वरी, मधुपर्क, राजमार्ग जस्ता तत्सम शब्द र मसानघाट, टोपी, जस्ता तदभव शब्दहरूको प्रयोग गरिएको छ । त, तै, जे आदि निपातहरूले कथालाई रोचक बनाएको छ । प्रस्तुत कथाको भाषाशैली सरल, सहज र स्पष्ट छ । कथाको शीर्षक अभिधात्मक अर्थसापेक्ष रहेको छ ।

### ४.५.७ .७ विचारतत्त्व

प्रस्तुत कथा **लेखनाथकी कान्छी दुलही-१** मा साहित्यकार लेखनाथको मृत्युपछि उनका कृतिहरूको संरक्षण र सम्मानमा विशेष ध्यान पुऱ्याउन परिवार र राष्ट्रलाई गरेको आग्रह नै प्रस्तुत कथाको प्रमुख सार हो । कथा लेखनाथ पात्रको सिर्जनशीलतासँग गाँसिएको छ । लेखनाथका रचनाहरूको संरक्षणमा देखिएको समस्या यसको मुख्य सन्देश हो । प्रतिभाबाट प्रभावित प्रभावित एक नारीको त्यस प्रतिभासँगको सम्बन्धबारे पनि यसले प्रश्न उठाएको छ । परिवर्तनका पक्षमा यथास्थितिबाट मुक्तिको अपेक्षा कथाले गरेको छ ।

### ४.५.८ 'गाउरी' कथाको विश्लेषण

### ४.५.८.१ परिचय

'गाउरी' यस कथासङ्ग्रहको नबौं कथा हो । यो पृष्ठ ५८ देखि ६० पृष्ठसम्म फैलिएको छ । वि.स २०७० मा रचना गरिएको यो कथा आकारमा सानो छ । यो कथा सुन्दा र पढ्दा निकै चाखलाग्दो भए पनि यथार्थ हो । जीवनको अन्तिम अवस्थामा पुग्दा पनि आबैमा सम्पतिको मोह  अझ बढेको छ । कानमा गाग्रीको टीन टीन आवाज सुनेपछि बुढी आबैको मृत्यु भएको छ । कथातत्त्वका आधारमा विश्लेषण गर्न लागिएको यस कथाको कथानक यसरी अगाडि बढ्छ ।

### ४.५.८.२ कथानक

प्रस्तुत कथा बुढी आबैको जीवनवृतमा निर्माण गरिएको छ । बुढी आबैले सबै सन्तानलाई बराबरी माया गर्न सकेकी छैनन् । सन्तानको भन्दा पनि सम्पत्तिको मोह भएकी खराब आमाको रूपमा देखापरेकी छन् । बुढी आबैका चार जना छोरा मध्ये जेठा र माहिला पहिले नै भिन्दै भएकोले अंशबण्डामा केके परे थाहा भएन । कान्छा र साहिला पछि भिन्न भएकाले कान्छालाई दुई वटा गाग्री, साहिलालाई दुई वटा ताउला परेका छन् । भाउजुको दुःख देख्न नसकेर कान्छा देवरले एउटा गाग्री दिएको आमालाई चित्त बुझेको छैन । अर्को पक्ष उनले छोरा बुहारी मिलेको मन पराउँदिनन् । उनलाई बुहारी नरुचाउने रोग लागेको भन्नु पर्छ । यत्तिकैमा बुढी आबै सिकिस्त बिरामी भइन् । मैरामा सारेको पनि तीन दिन भैसकेको छ । तर साहिँली बुहारीले लगेको गाग्री फिर्ता नआएकोले उनको त्यसैमा परान अड्केको छ । कान्छा छोराले भित्रबाट आफ्नै गाग्री ल्याएर साहिँली भाउजूले गाग्री दिनु भयो भनेर आमाको काननेर टाइ टाइ बजाएपछि  आमाको प्राण गएको छ । यसै अवस्थाबाट

कथाको अन्त्य भएको छ । यसरी कथानक आदि, मध्य र अन्त्य हुँदै रैखिक ढाँचामा अगाडि बढेको छ ।

### ४.५.८.३ पात्र र चरित्र चित्रण

कुनै पनि कथा तब पूर्ण हुन्छ जब त्यस कथामा रहेका पात्रहरूको उचित ढङ्गबाट चरित्र चित्रण गरिएको हुन्छ । कथामा भूमिका, उपस्थिति र वैचारिक महत्त्वका आधारमा केन्द्रीय, गौण र सहायक पात्र लगायतका पाात्रहरूको पनि कथा विकासमा महत्त्वपूर्ण भूमिका रहेके देखिन्छ ा यस कथामा प्रमुख पात्रका साथै केही गौण पात्रहरूको पनि भूमिका रहेको छ । त्यसमध्ये बुढी आँबै कडा र खराब स्वभावकी चारजना सन्तानकी आमा छोरा बुहारीको मेल भएको देख्न नसक्ने धुर्त चरित्रकी नारीको प्रतिनिधित्व गर्ने नारी पात्र हो । प्रस्तुत कथा बुढी आँबकौ जीवनवृत्तमा निर्माण भएको छ । यस बाहेक अन्य सहायक पात्रहरूमा चार जना छोराहरूमध्ये साहिला छोराको स्थान कतै कतै देखिएको छ भने नाती र नातिनीहरूको खासै भूमिका नदेखिएको हुँदा उनीहरू गौण पात्रहरू हुन् । कथाको आदिदेखि अन्त्यसम्म बुढी आँबैको भूमिका रहेकोले उनको प्रमुख नारी पात्रो रूपमा निम्न बमोजिम चित्रण गरिएको छ ।

**(क) बुढी आँबै**

प्रस्तुत कथामा कथा वाचक अथवा म पात्रले जति पनि कार्यकारण सम्बन्ध देखाएका छन् । ति सबै बुढी आमाले गरेका कृयाकलापमा आधारित रहेको देखिन्छ । त्यसले बुढी आमा प्रस्तुत कथा गाउरी मा मुख्य भूमिकामा देखिने नारी पात्र हुन् । केन्द्रीय भूमिकामा भएकोले उनी यस कथामा नायिकाको रूपमा रहेकी छन् । उनकै घरपरिवार र जीवनवृत्तमा कथाको रचना गरिएको छ । उनी कडा र खराब स्वभावकी नारीको रुपमा प्रस्तुत छन् । चारजना सन्तानकी आमा छोराबुहारीको मेल भएको देख्न नसक्ने असत चरित्रकी पात्र हुन् । सन्तानलाई समान माया दिनुको सट्टा साहिँली बुहारीले आफ्नो भागको गाग्री प्रयोग गरेकोमा ईर्ष्या गरेकी छन् । गाग्रीमै घिटकिसो रहेको छ । कथाको आादिदेखि अन्त्यसम्म केन्द्रीय पात्रको भूमिकामा देखिएकी बुढी आमाको गतिमा कुनै परिवर्तन आएको छैन तसर्थ ऊ स्थिर पात्र हो ।

### ४.५.८.४ परिवेश

'गाउरी' कथाका पात्रहरू क्रियाशील भएको कुनै विशिष्ट स्थान भूगोलको नाम र त्यसका विशेषताहरू उल्लेख भएका छैनन्  तर पात्रहरू ग्रामीण परिवेशका देखिन्छन् । यो कथा पढ्दा पाठकका मनमा ग्रामीण परिवेशको स्मरण हुन्छ । तसर्थ यहाँ स्थानगत परिवेशका दृष्टिले ग्रामीण परिवेश सामान्यीकरण भई सार्वभौम परिवेशको अङ्कन भएको छ । सम्पतिप्रतिको मोह यति बढेको छ मर्दा पनि सबै सम्पत्ति सँगै लाने हो जस्तै गाग्रीमा सास अड्केको दृश्यले विकृतिमूलक समाजको चित्रण हो भन्ने लाग्छ । आफ्नै बुहारीले प्रयोग गरेको गाग्रीमा चित्त दुख्नु जस्ता सामाजिक परम्परालाई प्रस्तुत गर्न यस कथाको  आन्तरिक परिवेश पात्र अनुकूल सुहाउँदो छ । पात्रको मन सम्पत्तिप्रतिको अतिशय मोह वा मनोवृत्ति तज्जन्य चिन्ता, हैरानी र व्याकुल मानसिकता यस कथामा आन्तरिक परिवेशका रूपमा आएको छ ।

### ४.५.८.५ दृष्टिबिन्दु

'गाउरी' कथाकी प्रमुख पात्र बुढी आंबै र उनकै घरपरिवारको चित्तवृत्ति र जीवनवृत्तको चित्रणमा खर्चिएको छ । कथामा कथाकार समाख्याता बनेर पात्रका प्रवृत्तिगत विशेषता र जीवनको गति र परिणति समेत यसरी देखाइएको छ- "बुढी आमै सिकिस्त बिरामी भईन्, लगभग उनको मृत्यु नजिकै आए जस्तो थियो " (पृ.२०७१ : ५८) । यहाँ अन्य पुरूष दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ४.५.८.६ भाषाशैली

भाषाशैलीले कथालाई मूर्तता प्रदान गर्दछ । कथाकार ज्ञवालीले यस कथामा स्थानीय बोलीचालीको भाषाशैली प्रयोग गरेका छन् । कथाको शीर्षक नै स्थानीय बोलीचालीको शब्द गाउरी प्रयोगमा आएको छ । गाग्रीलाई माध्यम बनाएर निर्माण गरिएको कथामा वर्णनात्मक शैलीको प्रयोग भएको छ । कथामा प्रयोग भएका तत्सम शब्द साङ्केतिक, आवाज, समय, महत्व, मर्यादा जस्ता र गाउरी, ताउलो, मैरी, बुहारी, साहिली आदि तत्भव शब्दहरूको प्रयोग गरिएको छ । घिटकिसो, दर्गुथिन, तुर्नु जस्ता स्थानीय शब्द र फुस्लुक्कै जस्ता अनुकरणात्मक शब्दहरूको संयोजनले कथालाई रोचक बनाएको छ । त, के, कि, नै,र,पो जस्ता निपातहरूको प्रयोगमा जोड दिएका छन् । उदाहरणार्थ : आमा सुस्त बोल्ने भा पो ? (पृ. ५९)

### ४.५.८.७ विचारतत्त्व

प्रस्तुत 'गाउरी' कथा कथाकार ज्ञवालीको निकै छोटो कथाको रूपमा रहेको छ । यस कथाले अशिक्षित नारीमा विकसित हुने अन्धविश्वास र त्यसप्रतिको निष्ठा र प्रतिवद्धतामा परिवर्तन नआएको देखाएको छ । त्यसो भएपनि कथाले यथास्थितिबाट मुक्तिको अपेक्षा गरेको बुझिन्छ । अत : कथामा रूढ विचारकी आमाको आलोचना गरिएकोले यस कथालाई आलोचनात्मक यर्थाथवादी कथा भन्न सकिन्छ ।

## ४.५.९ 'हराएको छोरो' कथाको विश्लेषण

### ४.५.९.१ परिचय

प्रस्तुत कथा **हराएको छोरो** बाल मनोविज्ञानमा आधारित कथाको रूपमा प्रस्तुत भएको छ । यो कथा बोक्सनी आमा कथा सङ्ग्रहको दशौं कथा हो । पृष्ठ ६१ देखि ६९ पृष्ठसम्म फैलिएको छ । कथाकारले प्रस्तुत कथामा पाँच वर्षको उमेरमा हराएर विदेशिएको छोरो कालान्तरमा मातृभूमि फर्किन सफल भएको अवस्थालाई देखाउन खोजेका छन् । यस कथामा अनौठो किसिमको संयोग भएको छ । कथातत्त्वका आधारमा विश्लेषण गर्न लागिएको प्रस्तुत कथाको कथानक यसरी अगाडि बढेको छ ।

### ४.५.९.२ कथानक

यस कथानको प्रमुख पात्र सन्तोष खेलेर घरमा आउँदा बुबा आमा बेस्सरी झगडा गरेको देखेर फनक्क फर्केर हिडेको छ । २४ वर्ष हुँदा पनि फर्केको छैन । यसो हुनुको कारण आमाले सधै तेरो बुबाले अर्की आमा ल्याएका छन् । सौतेनी आमाले मार्छिन् भन्ने डर बालमस्तिष्कमा परेको हुनाले भागेको छ । छोराको चिन्ताले आमा पनि विक्षिप्त भएर कता हराईन् । धेरै खोजे तर फेला पार्न सकेनन् । मरेको शङ्का गरियो । उता छोरालाई सुनौली र नौतनवाको गल्लीमा भौतारिएको देखेर नि:सन्तान भारतीय यात्रीले उसले जिम्मा लिएर पालन पोषणको साथै शिक्षा दिक्षासमेत दिएको छ । उसले अङ्ग्रेजी विषयमा स्नाकोत्तर पास गरेको छ । भारत भ्रमण जान हिडेको ऊ नेपाल हानिएको छ । काठमाडौमा जागिर पनि भेटाएको छ । आफ्नो मातृभूमि घरपरिवारको मायाले ऐलेको घर छोडेर हिडेको छ । पशुपतिनाथ दर्शन गर्न जाँदा पागल महिलाका विजोग देखेर आमाको सम्झनाले बुटवल पुगेर डेरा खोज्छ । त्यही डेरा बस्ने मधुकरसँग कसैलाई नभन्ने सर्तमा आमाको खोजी गर्न भनेको छ । मधुकरले पनि सहयोग गर्ने वचन पनि दिए । सन्तोषको नजरमा ३१ वर्ष उमेरका सरकारी जागिरे बाबु र २६ २७ वर्षकी आमाको अनुहार

घुमेको छ । बहिनी गरिमा देखेका थिएनन् । तिहार आयो कोही बाहिर नजाने भए घरमा नै रमाइलो गर्ने भनेका थिए । तिहारको निम्तो पनि घरबेटीकी छोरीले दिएकी छ । भाइटीकाको दिन बैठक कोठा सजिएको छ । टीका लगाएपछि कस्तो देखिए भनेर घरबेटी बाले ठूलो ऐना देखाए । ऐना हेर्दा भित्तामा उनले घर छोड्दाका बाबु आमाको फोटो देख्छन् र फोटामै ह्वाप्पै अँगालो हाल्छन् । मधुकरले चापागाँउमा युवकले भने जस्तै महिला भेटेर दाजुको संरक्षणमा छोडेर टिका लगाउन आएका छन् । उनको अनुसन्धान मिलेको छ । आमा ज्युँदै हुनुहन्छ भनेर कथानक अन्त्य हुन्छ । आदि  मध्य र अन्त्यको रैखिक ढाँचामा कथानक रहेको छ ।

### ४.५.९.३  पात्र र चरित्र चित्रण

कथाकार ज्ञवालीले यस कथामा हराएको छोरो सन्तोष र घरबेटी बुवालाई प्रमुख पात्रको रूपमा प्रस्तुत गराएका छन् । अन्य पात्रहरूमा विक्षिप्त अवस्थाकी आमाको भूमिका न्यून छ । छोरी गरिमा एम.बिए पढेकी शिक्षित र घर व्यवस्थापनको दायित्व पूरा गरेकी असल महिला पात्रको रूपमा सामान्य स्थान रहेको छ । मधुकर उनीहरूकै घरमा डेरा गरी बस्ने र उनीहरूको परिवारमा सुखद वातावरण ल्याउने असल पात्र मधुकरको स्थान पनि कमै देखिएको छ । मधुकरकी पत्नी लगायतका अन्य पात्रहरू कथामा चर्चामा आएका गौण पात्रहरू हुन् ।यस कथामा प्रमुख पात्रहरूको भूमिकामा देखा परेका दुई पात्रहरू सन्तोष र मणिध्वजको चर्चा निम्न बमोजिम गरिएको छ ।

**(क) सन्तोष**

प्रस्तुत कथामा महत्त्वपूर्ण भूमिकामा देखिने सन्तोष यस कथाको केन्द्रीय पात्र हो । कथाको आदिदेखि अन्त्यसम्म सशक्त उपस्थिति देखिएको आमाका कुराबाट बालमष्तिस्कमा परेको नकारात्मक छापले गर्दा ५ वर्षको उमेरमा हराएको पुरुष पात्र हो । राम्रै परिवारमा जन्मेको ऊ हराए पनि शिक्षित भएर मातृभूमि  सम्झेर फर्केको छ । अझ बेपत्ता आमालाई समेत पत्ता लगाउन सफल भएको छ । आमाको अगाध मायामा रमाउन चाहने व्यक्तिको रुपमा प्रस्तुत छ । आफ्नै घरपरिवार भेट्न निकै प्रयत्न रहेको ऊ अन्त्यमा सफल भएको छ । यस्ता कार्यले उसमा गतिशिलताको संकेत भेटिन्छ । सबैप्रति देखाएको मायाका कारण ऊ कुशल र असल अनुकुल पात्र हो भन्न सकिन्छ ।

(ख) **घरबेटी बुवा (मणिध्वज)**

प्रस्तुत कथामा महत्त्वपूर्ण भूमिकामा देखिने मणिध्वज यस कथाको केन्द्रीय पुरुष पात्र हुन् । घरभेटी बुवा सरकारी जागिरे कुशल पात्रको रूपमा देखिएका छन् । ५ वर्षको उमेरमा छोरो हराउनु र उसैको पीडाले हराएको यो वियोगमा संघर्ष गरेर छोरलाई राम्रो शिक्षा दिन र घर व्यवस्थित बनाउन सफल र सक्षम पात्रको रूपमा चित्रण गरिएको छ । छिमेकी र भाडावालाको नजर र मनमा अटाएका उनी असल र स्थिर पात्रको रुपमा प्रस्तुत छन् ।

### ४.५.९.४ परिवेश

कथाकार ज्ञवालीले हराएको छोरो कथाका पात्रहरू क्रियाशील भएको स्थान रुपन्देहीको बुटलबलमा क्रियाशील भएका छन् । बुटवलको देवीनगर, भारतको सुनौली, मद्रास, काठमाण्डौं, ललितपुरको चापागाउँ, रामेछापको मन्थली जस्ता स्थानहरू पनि उल्लेख भए पनि पात्रहरू क्रियाशील भएको स्थान रूपन्देहीको देवी नगर नै हो । तर कथामा एक जना पात्र हराएको छ । त्यो भारतका विभिन्न भूमागमा बरालिएको प्रसङ्ग पनि आउँछ । तसर्थ यस कथामा राष्ट्रिय अन्तरार्ष्ट्रिय भूभागहरू स्थानगत परिवेशका रूपमा आएका छन् । समय सन्दर्भका दृष्टिले कुनै विशिष्ट कालखण्ड उल्लेख छैन । तर पात्रका कार्यव्यापा घटित भएको समग्र समय सन्दर्भ भने चौबीस बर्षको देखिन्छ । बरु आफ्नो घरपरिवार भेटाउन सफल भएको आन्तरिक परिस्थितिको चित्रण गरिएको छ । यसर्थ कथामा विभिन्न पात्रहरूको चयन र सोही अनुरुपको वातावरण रहेको छ । छोरो हराएपछि आमा शोक र सुर्ताले चिन्तित हुँदै गएर विक्षिप्त बनेकी छ । छोरो र श्रीमती समेत हराएपछि बाबुको मानसिकतामा चिन्ता, बैरानी र बेचैनीले व्याकुलता व्याप्त छ । तसर्थ यस कथामा आन्तरिक परिवेश दुःखात्मक बनेको छ ।

### ४.५.९. ५ दृष्टिविन्दु

कथाकार गुरुदत्त ज्ञवालीको हराएको छोरो कथामा हराएको छोरो प्रमुख पात्रको रुपमा रहेको छ । तृतीय पुरुष पात्र हराएको छोरो सन्तोष कै आगमन हुनु र अन्त्यमा सपरिवार सुखद मिलन भएको कुरालाई कथाकारले वर्णन गरेकोले प्रस्तुत कथामा तृतीय पुरुष अर्थात अन्य पुरुष दृष्टिविन्दु प्रयोग भएको छ ।

### ४.५.९.६ भाषा शैली

हराएको छोरो कथाको भाषाशैली पात्र अनुकुल सरल र सहज छ । कही कतै स्थानीय जनबोलीको शब्दहरू प्रयोग गरिएको छ । वर्णनात्मक शैलीमा लेखिएको प्रस्तुत कथा सहज र सार्थक रहेको छ । त्यसैगरी कथामा प्रयोग भएका लत्तोपत्तो, छ-छैन, फुस्लुक्क जस्ता अनुकरणात्मक शब्दहरूको संयोजनले कथालाई रोक बनाएको छ । त, के, कि, नै जस्ता निपातहरूको प्रयोगमा जोड दिएका छन् । कथामा तत्सम शब्द युवक, स्वभाव, मधुकर, उपचार, शोक, दाहसंस्कार, र सुनौली, आफन्त, दखिन, काजकिया, तिहार, जस्ता तत्भव शब्दहरूको प्रयोगले कथालाई आकर्षक बनाएको छ(पृ.६१-६९ ) ।

### ४.५.९.७ विचारतत्त्व

सुखान्त र संयोगान्त बाल मनोविज्ञान तथा मातृभूमि प्रतिको अगाध प्रेम नै यस कथाको प्रमुख उद्देश्य रहेको छ । अन्त्यमा सुखान्त बनेको बाल मनोविज्ञान तथा मातृभूमि प्रतिको अगाध प्रेम देखाइएको यो कथा अत्यन्त मार्मिक छ । हराएको कलिलो उमेरको छोरो शिक्षित र जवान भएपछि भारतबाट नेपाल फर्किएको छ । प्रस्तुत कथाले आफनो देशप्रति सधै हित चिताउनु पर्छ भन्ने संदेश दिन खोजेको छ । मानसिक सन्तुलन गुमाएर मरेको शंका गरेकी आमा पनि जीवितै भएको खबर पाउनु र तिहार जस्तो महान पर्वको समयमा मिलन हुनु जस्ता सुखद अन्त्य गर्न कथाकार सफल भएका छन् । प्रस्तुत कथाको अध्ययन र विश्लेषण गर्दा यो कथा सामाजिक यर्थावादी र बालमनोबैज्ञानिक प्रकारको देखिन्छ ।

## ४.५.१० 'बुकुनी' कथाको विश्लेषण

### ४.५.१०.१ परिचय

बुकुनी शीर्षकको प्रस्तुत कथा कथाकार ज्ञवालीको सामाजिक तथा जातिगत मनोवैज्ञिक प्रभावमा आधारित कथा हो । पृष्ठ ७० देखि ८२ सम्म फैलिएको यो एघारौं कथा हो । सामाजिक तथा थारु परिवार भित्रको जातिगत मनोवैज्ञानिक प्रभाव, गरिबी, अत्यन्त परम्परागत संस्कार, सामन्तवाद तथा समाजवाद मिश्रित यो कथामा थारु परिवारका छोरीहरूको मार्मिक घटना र सुखद पक्ष उल्लेख छ । यो नेपालको पश्चिम तराई क्षेत्र कैलालीको स्थानीय निम्न वर्गीय थारु जनजीवनको यथार्थ एवं मार्मिक प्रस्तुती हो । जसको कथानक यसरी अगाडि बढ्छ ।

### ४.५.१०.२ कथानक

बुकुनी कथा पश्चिम तराई क्षेत्रमा बसोबास गर्ने थारु परिवार र जमिन्दार बीचको घटनाको वर्णन गरिएको कथा हो । कैलालीको बिजुलिया थारुहरूको बाक्लो बस्ती भएको गाउँ हो । भुतरामको परिवार विभिन्न गाउँ चहारदै बसाई सर्दै हिडेको छ । ऊ कमैया हो । उसको सानो सात जनाको परिवार छ । छोरा छोरी जवान भएका छन । सबैले क्षमता अनुसारको काम गरेका छन् । चैत्र महिना थियो । बिहानै डुकुनी झाडा फिरे जाइठु दाइ भन्दै जंगलतिर गई दिशा गर्न जान्छे । सहज ठाउँ नभेट्दा खोज्दै हिड्ने क्रममा डुकुनी भागी भनेर बिजुलियाको गैवार पनि उसको पछि पछि दगुरेको छ । त्यसरी भागेकी डुकुनी ४ र ५घण्टासम्म घर नआँउदा खोजी भएको छ । उसको वास्तविक घटना कसैले पत्याउँदैनन् । साथै उसकी बहिनी सुकुनीलाई पनि पेट ढुस्स भएकोले बिहान उकउक आउन थाल्छ । यी घटनाले सुकुनीकी आमाले पेटमा गर्भ रहेको शंका गर्छे । यसको लागि ठूलो बहस भएको छ । बहसको निर्णायकले दुई वटा सुँगुर खाएर चोख्याउने निर्णय गर्छन् । यसबाट भुतरामको ऋण माथि ऋण थपिएको छ । अन्धविश्वास र गरीबिले गर्दा उनीहरू अन्यायमा परेका छन् । सबै यथार्थ घटना आमालाई बताउँदा पनि डुकुनी र सुकुनीले न्याय पाएनन् । बुकुनी कान्छी छोरी हो । बुकुनीकै सक्रियतामा भुतरामका सबै परिवारले एनजीओमा काम पाएका छन् । उनीहरूको जीवनशैली फेरिएको छ । बुकुनीको तिक्ष्ण स्वभाव र मिहिनेतले एस. एल. सी. पास गर्न सफल भएकी छ । बुकुनीलाई सम्मानको लागि कार्यक्रम तय गरिएको छ । क्रुर जमिन्दार कार्यक्रमकौ प्रमुख अतिथी भएको छ । सम्मान गर्ने विधार्थी बुधकुमारी चौधरी भनेर बोलाइ पुरस्कार प्रदान गरिएको छ । कमैया भूतरामकी छोरी कमलरी बुकुनीलाई क्रुर जमिन्दारले सम्मान गरी पुरस्कार दिएको छ । भुतरामको र अतिथीको आँखा जुधेपछि एक्कासी चक्कर लागेर उपचारको लागि लगिएको छ । एफएमले शोक धुन बजाए पछि कथाको कथानक समाप्त भएको छ । यसरी कथा आदि, मध्य र अन्त्यको रैखिक ढाचाँमा अगाडि बढेको छ ।

### ४.५.१०.३ पात्र र चरित्र चित्रण

प्रस्तुत कथाको आदिदेखि अन्त्यसम्म केन्द्रीय भूमिकामा देखापरेकी बुकुनी यस कथाकी प्रमुख नारी पात्र हो । लौबस्ताहे बुकुनीको बाबु हो । ऊ नाम मात्रको जमिन्दारको कमैयाको रुपमा काम गर्दै आएको निकै सोझो पुरुष पात्र हो । फागुराम नाम मात्रको जमिन्दार हो । फागुराम सामन्ती प्रथाको वकालत गर्ने क्रुर जमिन्दार सामन्ती स्वभावको छ । उसले

डुकुनीको परिवारलाई चरम यातना दिएको स्मरण ताजै छ । यसले उसलाई पश्चातप छ भने बुकुनीको सम्मानमा प्रमुख अतिथि हुँदा खुशी पनि छ । यसका कारण उसको हृदयघातको कारण मृत्यु हुन्छ । यसरी सामन्ती परिवारको अन्त्य भएको छ । डुकुनी र सुकुनी आफूहरूलाई अनाहकमा समाजले कलङ्क लगाएर दण्ड दिएको पीडा चुपचाप सहेर बस्ने थारु समाजका सोझा निर्दोष युवती हुन् ।

अन्य गौण पात्रहरू रेञ्जर, भालुभत्ते डुकुनीका भाइहरू हुन् । रेञ्जर घर बनाउने मिस्त्री भएको छ भने भालुभत्ते टेक्टर बनाउने मिस्त्री हो ।

मानवेत्तर पात्रको रुपमा रहेका गैर सरकारी संस्थाहरू जसले उनीहरूको जीवन उठाउन सहयोग गरेर आफूहरूले समेत यस कमाएका छन् । यसरी कथाकारले कथाका पात्र र परिवेशको समन्वय राम्रो सँग गरेका छन् ।

(क) **बुकुनी**

प्रस्तुत कथाको आदिदेखि अन्त्यसम्म केन्द्रीय भूमिकामा देखापरेकी बुकुनी यस कथाकी प्रमुख नारी पात्र हो । बुकुनी दास कमैयाकी छोरी हो । ऊ आफ्नो परिवारले दासत्वको चरम यातना सहनु परेको कारण त्यसको चुनौतीका लागि विभिन्न संघ संस्थाका सहयोगबाट एस.एल.सी. सम्मको अध्ययन गर्न सफल भएकी छ । यसैका कारण ऊ सम्मानित हुन्छे । जसको कारण उसको परिवारमा खुशियाली छाउँछ । सानै देखि जमिनदार जस्तो शोषकको दासत्वबाट मुक्त हुने सोचाइका अघि बढेकी बुकुनी यहाँ स्थिर पात्रको रूपमा उपस्थित छ ।

### ४.५.१०.४ परिवेश

कथाकार ज्ञवालीले 'बुकुनी' कथामा नेपालको पश्चिम तराइको कैलाली जिल्लाको खैलार, बिजर्लिया गाउँ र त्यसैसँग जोडिएका अन्य थारु गाउँ तथा त्यहाँको स्थानीय क्षेत्रलाई भौगोलिक परिवेश बनाएका छन् । त्यसै स्थानीय क्षेत्रका निम्नवर्गीय थारु जनजीवनले भोगेको कष्टकर जीवनको सटिक प्रस्तुती कथामा प्रस्तुत गरेका छन् । दयाहीन जमिनदारले थारुपरिवारलाई सधै दास बनाउनु, चरम यातना दिनु जस्ता घटनाले यस कथामा विकृति र विसङ्गतिले व्याप्त सामाजिक परिवेशको चित्रण गरेको छ । एकातिर पात्रहरूले अन्याय, अत्याचार र शोषण दमन सहनु परेको छ भने अर्कातिर जमिनदारले आफूले दबाएका वर्गको उन्नति भयो र यिनलाई सम्मान गर्नुपर्‍यो भनेर अन्यन्तै क्षुब्ध

भएको छ । यसरी प्रस्तुत कथामा पात्रको मानसजगत अन्याय, अत्याचार र शोषणले मर्माहत भएको छ । पीडा र हैरानीले व्याकुल बनेको छ । यस्तै ईष्या, क्षोभ र ग्लानीले आक्रान्त छ । अतः यहाँ सुखात्मक भन्दा पनि दुःखात्मक आन्तरिक परिवेशको चित्रण भएको छ ।

### ४.५.१०.५ दृष्टिविन्दु

'बुकुनी' कथाकी प्रमुख बुकुनी, उसको बाबु र जमिनदार हुन् । मूलतः यस यो कथा बुकुनीको हो तापनि यसको जीवनसँग सम्बद्ध भएर यसको बाबु र जमिनदार पनि आएका छन् । यो कथा नै यिनै दुई जनाको हो । यिनको जीवचर्याका कथ्य विषय बनाइएको छ । यी पात्रले आफ्नो जीवन कथा आफैँ भनेका छैनन् । यिका बारेमा कथाकार समाख्याता बनेर यसरी कथा भनिरहेका छन् "बुकुनी कान्छी छोरी हो, उसको उमेर पनि अठार पुगेको छ । सबै दुई दुई वर्षक फरक छन् ..." (पृष्ठ : ७६) तसर्थ यस कथामा अन्य पुरुष दृष्टि विन्दुको प्रयोग भएको छ ।

### ४.५.१०.६ भाषा शैली

कथाकार ज्ञवालीले कथामा विश्वसनीयता ल्याउनका लागि स्थानीय थारु भाषाका शब्दहरूको प्रयोग गरेको पाइन्छ । का कैना हो अरे ओ छाइ-छावा ? कैसेक गुजार कैना हो ? जस्ता थारु भाषाका शब्दहरूको संयोजनले कथा रोचक भएको छ (पृ. ७६) । कि, त, यो , र के जस्ता निपातहरूको प्रयोगले भाषामा मिठास ल्याएको छ । छिर्काछिर्कि, घटघट, राईदली जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगमा जोड दिएका छन् । कथामा महेन्द्रनगर, अपशब्द, निर्णय, अपराध, घटना, स्थानीय, जस्ता तत्सम शब्द र बुकुनी, सुकुनी, पोइल, एक्कासी, तरुनी जस्ता तत्भव शब्दहरूको प्रयोगले कथालाई रोचक बनाएको छ(पृ. ७१-८०) । वर्णनात्मक शैलीमा लेखिएको प्रस्तुत कथा सहज, सार्थक र बोधगम्य छ ।

### ४.५.१०.७ विचारतत्त्व

प्रस्तुत कथामा कथाकार ज्ञवालीले नेपालको पश्चिमी तराइका थारू जातिका किशोरीले भोग्नु परेको पीडालाई निकै मार्मिक ढङ्गमा उतारेका छन् । तराईका थारू जातिको सामाजिक र आर्थिक अवस्था, उनीहरूको परम्परगत संस्कार मिश्रित विद्यमान सामन्तीवादी प्रथाको अन्त्य र निम्न वर्गीय थारु समुदायको उत्थान भएको देखाउनुनै यस कथाको प्रमुख उद्देश्य हो । तराईका थारूहरूको दयनीय अवस्था, उनीहरूको संस्कारलाई

उजागर गरिएको छ ।  यस कथाको यथास्थितिको नजानिदो तरिकाले विरोध गरेको छ र थारुहरूको दयनीय जीवनको चित्रण गर्दै त्यसमा परिवर्तन हुनुपर्ने अपेक्षा राखेको छ । यसर्थ यो कथा सामाजिक यर्थाथवादी प्रकारको हो ।

### ४.५.११  'देविनी' कथाको विश्लेषण

#### ४.५.११.१  परिचय

कथाकार गुरुदत्त ज्ञवालीको यस देविनी कथा सामाजीक अन्धविश्वासमा आधारित कथा हो ।  यस कथा सङ्ग्रहको १२ औं कथाको रुपमा रहेको छ। पृष्ठ ८३ देखि ९७ सम्म फैलीएको कथा विसङ्गति बोधक छ ।यहाँ एउटा धामीको चरित्र, सन्तान पाउने रहर तथ्य नबुझ्री बुहारीलाई शंकाको भरमा आक्षेप लगाउनु जस्ता सामाजिक विकृतिको उजागर गरिएको छ । कथातत्त्वका आधारमा विश्लेषण गर्न लागिएको छ । जसको कथानक यसरी अगाडि बढेको छ ।

#### ४.५.११.२  कथानक

यस कथाकी पात्र दिनेशकी श्रीमती बिरामी परेर अस्पताल भर्ना भएको अवस्थाबाट कथा अगाडि बढेको छ । झारफुक र धामीझाक्री जस्ता अन्धविश्वासमा विश्वास गर्ने दिनेशकी श्रीमती चम्पा बिरामी भएको करिब एक महिना भएको छ । उनी बुटवल अञ्चल अस्पतालमा भर्ना भएकी छन । रोग पत्ता लागेको छैन र सन्चो पनि हुदैन । चम्पाले यसैक्रममा डा.कृतिकालाई “डाक्टर्नी साहेब” मेरो त ज्यानमा  सिल्का हान्छ, जताजतै रगत दगुरेको जस्तो लाग्छ, बेगार परे जस्तो छ । बेगारको दबाई हुन्छ कि हुन्न ? भनेर सोध्छिन् । झारफुक र धामी झाक्री जस्ता कुरामा विश्वास नगर्ने दिनेश त्यस्ता कुराको विरोध गर्दछन् । यसै कुरामा उनीहरूबीच झगडा पर्छ । अस्पतालमा भर्ना हुनु अघि चम्पा बहिनीसँग तानसेनकी देविनी कहाँ जान्छे । उनीसँगै दिनेश पनि जान्छन् । त्यहाँ भित्र धेरै भिडभाड थियो । टोपी नलगाएका पुरुषलाई भित्र पस्न नदिने देविनले दिनेशलाई पनि भित्र प्रवेशमा रोक लगाइ । भाडाको टोपी लगाएर दिनेश भित्र पसे । हेराउने क्रममा चम्पा भन्दा पहिला हेर्दा शिक्षित जस्ती देखिने महिलाको पालो आउँछ । सासुको कारणले बच्चा नभएको भनी देविनीले उसकै सासूमाथि सबै दोष थुपारिदिन्छन् । देविनीको यस्तो कुराले बुहारीको पनि चित्त बुझ्छ । त्यसपछि चम्पाको पालो आउँछ । देविनीले चम्पालाई नछुने हुँदा सात दिनसम्म चोखो नितीमा बस्नु पर्ने र हरेक महिना हारती माताको दर्शन गर्नु भनिन् । हारती

माता भनेको उनै देविनी थिइन् । उनले पति दिनेशलाई पनि दोष लागाइन् । सगैं रहेका दिनेशको मनमा चिसो पस्छ । कुरा ठीक थियो । उनले यस्ता कुरामा विश्वास गर्दैनन् । यसैका कारण चम्पालाई रोग निको नभएको हो ।

चम्पालाई अस्पतालबाट घर लगिन्छ । औषधी नखानाले रोग उस्तै रहेको छ । छोराको डरले औषधी खाएर ठिक हुने फेरि छोराहरू नहुँदा उस्तै । दिनेशका साथी (म) क्याम्पसको कुरा गर्न घरमै आउँछन् । डाक्टर्नी, नर्सिनी, देविनी भनेर सधै अशुद्ध बोल्ने दिनेशकी श्रीमतीलाई म पात्रले नमस्कार सरनी भनेर जिस्काउँछन् । केही क्षण यिनीहरूबिच भलाकुसारी चल्छ । जेठो छोराको विहे भएर नातिनी छ, २ जना छोरा विदेशमा नै छन् । उनलाई व्यवहारले च्यापेको छ । सधैजसो भोजभतेर गर्ने चम्पाका घरमा एकदिन पर्व परेकोले चौरासी व्यञ्जन बनाइएको छ । सोही खाना खाँदा चम्पा  फुडपोइजन भई पूनः अस्पताल भर्ना भएकी छन । यसपटक भने राम्रोसँग सन्च भएकी चम्पाले डा. कृत्तिकालाई डाक्टर नानी धन्यवाद समेत भनेकी छन् ।

उता सन्तान जन्माउने आशा र धामी प्रतिको विश्वासले जसुदा पनि धामीकोमा देखाउन गएकी छन् । धामीको नियत ठीक देखिदैन । उनी धामीको कुनियतबाट बच्न सकिनन् । उपचार गरेको ठीक ९ महिनापछि जसुदाले छोरी जन्माएकी छन् । धामीको गर्भ रहेको भन्ने शंकास्पद आरोप लागेकी जसुदालाई समाज र घर परिवारले न्याय दिएन । उनले इज्जतको डरले घर छोडेर हिड्नु परेको छ । दुःख कष्ट खेप्नु पऱ्यो । भाग्यवश सामाजिक संस्थामा जागीर पाइन् । । एक सज्जन वैद्यसँग बिहे पनि गरिन । छोरीलाई राम्रो पढाएर डाक्टर नै बनाइन । चम्पाको सहयोगमा खटिने डा. कृत्तिका उनै हुन् । एकदिन डा. कृत्तिकाको चम्पाको छोरासँग बिहेको कुरा चलेको हुन्छ । सोही क्रममा देविनी र जसुदाबीच भएका बिगतका कुरा सबै कविराजले सुन्न भ्याएका छन् । यसरी उनले जसुदा आफ्नै श्रीमती र कृतिका छोरी भएको पत्ता लगाए । अचानक आफ्नोमा आएका जुठेबाबालाइ छोरी कृत्तिकाको बिहेमा आमा बाबुको हाल बुझ्रेर आउन गरेको आग्रहबाट कथाको अन्त्य हुन्छ । यसरी कथा आदि, मध्य र अन्त्यको रैखिक ढाचाँमा अगाडि बढेको छ ।

### ४.५.११.३ पात्र र चरित्र चित्रण

कुनै पनि कथा तब पूर्ण हुन्छ जब त्यस कथामा रहेका पात्रहरूको उचित ढङ्गबाट चरित्र चित्रण गरिएको हुन्छ । कथामा भूमिका, उपस्थिति र वैचारिक महत्त्वका आधारमा केन्द्रीय, गौण र सहनायक लगायतका पात्रहरू रहेका हुन्छन । यस कथामा प्रमुख पात्रका

साथै केही गौण पात्रहरूको पनि भूमिका रहेको छ । यस कथामा शुरूदेखि अन्त्यसम्म दिनेश र चम्पाको भूमिका चर्चा गर्न लायक देखिएको छ । उनीहरूकै जीवनवृत्तमा आधारित रहेर कथाको उठान गरिएको छ । यस बाहेक देबिनी अशिक्षित महिलालाई भ्रममा पारेर ठगी गर्ने नारी पात्र हो । जुठे बाबा तन्त्रमनत्र गर्ने यौनपेशामा संलग्न खराब आचरण भएको पुरुष पात्र हो । जसुदा धामीको यौनक्डिडाबाट बच्न सफल भएकी असल चरित्रकी नारी पात्र हो । कविराज समाज घरको प्रतिकार गर्न नसक्ने भौतारिएर हिडेको पढेलेखेको परिश्रमी पात्र हो । डा.कृतिका शिक्षित, अन्धविश्वासको विरोध गर्ने असल नारी पात्र हो । ऊ लगायत अन्य पात्रहरू कथामा कतैकतै देखिएका गौण पात्रहरू हुन् । यस कथामा प्रमुख भूमिकामा रहेका दिनेश र चम्पाको मात्र चित्रण गरिएको छ ।

(क) **दिनेश**

प्रस्तुत कथाको आदिदेखि अन्त्यसम्म केन्द्रीय भूमिकामा देखापरेको दिनेश यो कथाको प्रमुख पात्र हो । आधुनिक विचारका संबाहक शिक्षित असल पुरुष पात्र हो । नेपाली समाजमा देखिएको अन्धविश्वासको विरोध गर्छ । चम्पा र ससुरालीका कुनै पनि कुरा नसुन्ने अटेरी प्रवृत्ति पनि देखिएको छ । यसैका कारण ऊ चम्पाका रोगका जीवाणु समेत बनेको छ । कथाको आदिदेखि अन्त्यसम्मको भूमिकामा उसको स्वाभावमा परिवर्तन आएको देखिदैन यसर्थ उनी स्थिर पात्र हो । शिक्षित र असल स्वभाव यिनका चारित्रिक विशेषता हुन् । यसर्थ ऊ सत पात्र,गतिशील र मञ्चीय पात्र हो ।

(ख) **चम्पा**

चम्पा धामी झाक्रीमा विश्वास गर्ने र शुद्ध भाषा नबोल्ने अशिक्षित महिला पात्र हो । समय अनुसार चल्न सकेकी छैन, जसको कारण रोग पत्ता लागेको छैन । मन स्थिर देखिदैन । पतिलाई पटक्कै नटेर्ने, छोराहरूदेखि डराउने, डाक्टरको औषधि नखाने उनका चारित्रिक विशेषता हुन अन्त्यमा डा.कृतिकालाई रोग ठिक पारेकोमा धन्यवाद दिएकी छन् । प्रस्तुत कथा उसको जीवनमा आधारित भएकोले ऊ यहाँ प्रमुख नारी पात्र हो ।

### ४.५.११.४ परिवेश

देविनी कथामा विश्वसनियता ल्याउन कथाकार ज्ञवालीले यस कथाको बाह्य परिवेश तराईको ग्रामीण क्षेत्रलाई रोजेका छन् । विशेषतः रुपन्देहीको सेमलार गाउँ र बुटवलको स्थानीय बजार पात्रको कर्मभूमिका रूपमा आएका छन् । यिनै स्थानहरू स्थलगत

परिवेश हुन् । शिक्षित वर्ग पनि बिरामी भएर अस्पताल जानुको सट्टा झारफुक, देबिनीकहाँ पुग्नु, समाज र घरपरिवारको सहयोग नपाउँदा घर छोडेर भौतारीनु परेको दृश्यले आन्तरिक परिवेशको झलक दिएको छ । पढेलेखेका महिलाले पनि देबि शब्द स्त्रीलिङ्ग हुँदा पनि देबिनी, डाक्टर्नी, सिस्टर्नी भन्नु, धामीले महिलामाथि यौनशोषण गर्ने जस्ता ग्रामीण समाजका नकारात्मक अवस्थालाई मार्मिक तरिकाले प्रस्तुत गरेका छन् । त्यसैले यहाँ कथाकारबाट सामाजिक रूढि, अन्धविश्वास, रोगव्याधी र पीडाले आक्रान्त बाह्यान्तरिक परिवेशको चित्रण गरेर पात्रको जीवनलाई वास्तविक जीवनसँग जोड्ने प्रयास भएको छ ।

### ४.५.११.५ दृष्टिविन्दु

'देविनी' कथामा कथाकार स्वयम् कथाकार समाख्याता बनेर चम्पा, दिनेश जस्ता पात्रको जीवनका सुखात्मक, दु:खात्मक वा सुखदुखात्मक अवस्थाहरूको वर्णन गरेका छन् । विशेषतः कथाकारले समाजमा रहेका अनधविश्वासले ल्याएका समस्याको वर्णन गरेका छन् । तसर्थ यहाँ अन्य पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ४.५.११..६ भाषाशैली

नेपाली समाजमा भएका अन्धविश्वासका विषय वस्तुलाई समेटिएको यस कथामा नितान्त ग्रामीण एवं मध्यम वर्गीय परिवारले बोलिने भाषाको प्रयोग भएको छ । जुन सरल र सहज छ । वर्णनात्मक शैलीलाई प्राथमिकता दिने कथाकारले यस कथाको आरम्भमै 'के भने त छोरी डाकटरले, बिसेक छ आमालाई' ? भन्ने जस्ता सम्वादात्मक शैलीको प्रयोगमा पनि ध्यान दिएका छन् । पुर्लुक्क, भुतुक्क, टवाक्कै, जस्ता अनुकरणात्मक शब्दको प्रयोग गरेका छन् । अङ्ग्रेजी भाषाका डयाडी, फुड पोइजन, मम्मी, ग्रेन डेडी जस्ता आगन्तुक शब्दहरूले कथामा नयाँपन ल्याएको छ । को, नि, त्यो, त, जस्तै जस्ता निपातहरूको प्रयोग गरिएको छ । चिकिस्ता क्षेत्रमा प्रयोग हुने अस्पताल, रक्तचाप, पुरुष, संकेत, सहायक, औषधि, संचालक, जस्ता तत्सम शब्द र टाउको, दवाइ, रगत, जस्ता तत्भव शब्दहरूको प्रयोगले कथालाई रोचक बनाएको छ (पृ. : ८५-९५) । देबि लाई देबिनी, सिस्टरलाई सिस्टरन, दबाइ, रोगलाई बेगार भन्ने ग्रामीण समाजमा बोलिने स्थानीय भाषालाइ प्रयोग गर्न कथाकार सफल देखिएका छन् ।

### ४.५.११.७ विचारतत्व

तत्कालीन नेपाली समाजमा विद्यमान अन्धविश्वासजन्य सामाजिक विकृति र विसङ्गतिले गर्दा नारीहरूले भोग्नु परेको आरोपजन्य पीडा र यातना प्रस्तुत गर्दै त्यसले ल्याएको परिणामको चित्रण गर्न कथाकार सफल भएका छन् । प्रस्तुत कथाले सामाजिक रूढी र अन्धविश्वासको सामान्य वर्णन गरिएको छ । परिवर्तनका पक्षमा भन्दा रूढिगत विचारका पक्षमा कथाकारको दृष्टि सवल रहेको छ बुझिन्छ । अतः कथा यथास्थितिवादी प्रकारको देखिन्छ । प्रस्तुत कथाका माध्यमबाट सामाजिक पक्षका विविध पाटाहरूको यथार्थ चित्रण गरिएकाले कथाकार ज्ञवालीलाई प्रस्तुत कथाले आलोचनात्मक यर्थाथवादी कथाकारको रूपमा चिनाएको छ ।

### ४.५.१२ 'छुर्मखा' कथाको विश्लेषण

### ४.५.१२.१ परिचय

'छुमुर्खा' कथा बोक्सिनी आमा कथा सङ्ग्रहको तेह्रौ र अन्तिम कथाको रुपमा रहेको छ । पृष्ठ ९८ देखि १०३ सम्म बिस्तारित छ । खराब चरित्र भएकी महिलाले घरपरिवारमा निम्त्याएको समस्यालाई प्रस्तुत गरिएको छ । तर पछि आफू र घरपरिवार सुध्रिएको अवस्था देखाइएको छ । कथातत्वका आधारमा विश्लेषण गर्न लागिएको यस कथाको कथानक यसरी अगाडि बढ्छ ।

### ४.५.१२.२ कथानक

सेमलार भन्ने रुपन्देही जिल्लाको एउटा गाउँ हो । भाष्करको त्यहाँ एउटा सानो पक्की घर छ । बाबु नभएको टुहुरो तर खरिदारको जागिरे हो । एसएलसी सम्मको अध्ययन पुरा गरेकी श्रीमती विवाह गरेको छ । सासू बुहारी पटक्कै मिल्दैनन् । तीन जनाको परिवारमा पनि दुई वटा भान्सा गर्छन् । दिनभर गाउँभर डुल्ने र छोरा बुहारीका कुरा काट्ने आमाको चलन छ । बुहारी राम्रो परिवारकी छोरी हो । सासूको सँगतले त्यो रोग उसमा पनि सरेको छ । सानी शंकालु स्वभावकी पनि देखिएकी छ । आफ्नो पतिलाई महिला साथी अनितासँगै अफिस जाने आउने गरेको दख्दा अनावश्यक शंका गरेकी छ । यो नै घरमा झगडाको बिउ बनेको छ । उता अनिताको पतिले पनि पत्नि भाष्कर सगँसँगै अफिस आउने जाने गरेको कारण शंका गर्छ र उसलाइ पिटेर र्ममाहत बनाउँछ । तर असल अनिता उसँग माफी माग्छे । दुष्ट स्वभावकी सानीकी सासु सानीले चुरोट उपहार दिए पश्चात

खुशी हुन्छे र सबैको भान्सा एउटै हुन्छ । यसरी अन्त्यमा सबैका सुखद मिलन हुन्छ र कथाको अन्त्य हुन्छ ।

### ४.५.१२.३ पात्र र चरित्र चित्रण

कुनै पनि कथा तब पूर्ण हुन्छ जब त्यस कथामा रहेका पात्रहरूको उचित ढङ्गबाट चरित्र चित्रण गरिएको हुन्छ । कथामा भूमिका, उपस्थिति र वैचारिक महत्त्वका आधारमा केन्द्रीय, गौण र सहनायक लगायतका पाात्रहरू रहेका हुन्छन । प्रस्तुत छुमुर्खा कथामा पात्रहरूको सङ्ख्या न्युन रहेको छ । भाष्कर र सानी यस कथाका प्रमुख पात्रको रूपमा रहेका छन् । उनीहरूकै जीवनवृत्तमा कथा निर्माण गरिएको छ । सहायक पात्रहरूमा सासु सानी भन्दा अज कर्कसा कसैसँग नमिल्ने चुरोट खाने स्वभावकी देखिन्छे । अनिता भाष्करकी अफिसकी साथी हो । ऊ असल छ पतिले कुटेर मरणासन्न बनाउदा पनि उसैसँग माफी माग्छे । उसको पति जग्गा व्यापारी हो । यस कथामा भाष्कर र सानीको भूमिकालाई महत्त्वपूर्ण र सकृयताका आधारमा हेर्न सकिन्छ, त्यसैले यी दुई पात्रहरूको मात्र विषेशरूपमा चरित्र चित्रण गरिएको छ ।

**(क) भाष्कर**

‘छुमुर्खा’ कथाको आदिदेखि अन्त्यसम्म प्रमुख भूमिकामा देखापरेको भाष्कर यस कथाको प्रमुख पात्र हो । लिङ्गका आधारमा र भूमिकाका हिसाबमा प्रमुख पुरुष पात्र हो । ऊ शिक्षित खरिदारको जागिरे असल चरित्र भएको पुरुष पात्र हो । उसकै सेरोफेरोमा कथानक अगाडि बडेको छ । उसले एसएलसी सम्म पढेको छ । सरकारको स्थाई जागिरे खरिदार भएको छ । पत्नी सानीबाट मात्र नभई आमाबाट समेत पीडित भएको छ । कथाको शुरुदेखि अन्त्यसम्म यसरी नारी दमन सहेको छ । तर पनि ऊ विचलित भएको छैन । उसको स्वभावमा कुनै परिवर्तन नआएको हुँदा ऊ स्थिर पात्र हो । समयमै अफिस पुग्ने र आफ्नो काममा मात्र व्यस्त हुने उसको यो इमान्दार प्रवृतिले गर्दा ऊ सत पात्र पनि हो । कथामा रहेका संवादहरूमा सहभागी ऊ मञ्चयि पात्र पनि हो ।

**(ख) सानी**

‘छुमुर्खा’ कथाको आदिदेखि अन्त्यसम्म सानीको प्रमुख भूमिका रहेको हुँदा ऊ प्रमुख नारी पात्र हो । सानी राम्री छ । भाष्करकी पत्निको रूपमा देखा परेकी छ । एस. एल. सी सम्मको अध्ययन पुरा गरेकी छ । मध्यम वर्गमा हुर्केकी ऊ शिक्षककी छोरी हो । भाष्कर

जस्तो असल पतिप्रति अनावश्यक शंका गर्ने परिवारको मर्यादा माथि खेलवाड गर्ने असत चरित्रको संकेत देखिएको छ । तर पछि उसको चरित्रमा परिवर्तन आएको छ । सासु र पतिको चाहना र आदेश अनुसार चलेकी छ । उनीहरूको मानमर्यादको ख्याल गर्दै घरपरिवारमा सुमधुर सम्बन्ध बनाउन सफल सानी सत पात्रको रूपमा पनि देखिएकी छ । कथाको शुरुदेखि अन्त्यसम्म भएका उसका प्रवृति हेर्दा ऊ गतिशील पात्र पनि हो । अन्त्यमा असल बनेर देखिएकी छ । यसैले ऊ सत पात्र पनि हो । सासु सानी भन्दा अज कर्कसा कसैसँग नमिल्ने चुरोट खाने स्वभावकी देखिन्छे ।  सारमा भन्नु पर्दा कथा र पात्रहरूको संयोग मिलेको छ । कथाकारले उपयुक्त शीर्षक छनोट गरेका छन् ।

### ४.५.१२.४ परिवेश

कथाकार ज्ञवालीले 'छुमुर्खा' कथाको बाह्य परिवेश तराईको ग्रामीण र सहरी क्षेत्रलाई बनाएका छन् । विशिष्ट स्थानका दृष्टिले रुपन्देहीको सेमलार गाउँ र बुटवलको स्थानीय परिवेशमा कथा निर्माण गरेका छन् । सेमलार गाउँकी सानो पक्की घरकी धनी सानी, भाष्कर र उसकी आमाका बीचमा भएका घटना तथा परिदृश्यले ग्रामीण समाजको सङ्केत पाइन्छ । खराब नारी चरित्र र शंका गर्ने बानीले गर्दा घरपरिवार बीच बेमेल र दुःख भोग्नु परेको सामाजिक परिवेशको चित्रण गरिएको छ । दुष्ट स्वभावकी, आफ्नो पतिप्रति अनावश्यक शंका गर्ने परिवारको मर्यादा माथि खेलवाड गर्ने सासुसँग नमिल्ने जस्तो वातावरणको सजीव चित्रण गर्न कथाकार सफल देखिन्छन् । आरम्भमा शङ्कालु मानसिकता, त्यसले सृजना गरेका तनाव र दुःखदर्दले पात्रको आन्तरिक जगत् दुःखात्मक रहेको छ । तर परिछ परिवारमा मेल भई सुखशान्तिसँग पात्रको जीवन व्यतीत भएको छ । तसर्थ यस कथाको आन्तरिक परिवेश सुखदुःखात्मक प्रकृतिको (मिश्रित) प्रकृतिको रहेको छ ।

### ४.५.१२.५ दृष्टिविन्दु

यस कथामा सानी, भास्कर र उसकी आमा लगायत तृतीय पुरुष पात्रहरूकै परिचर्चा र उनीहरूकै संवेगात्मक स्थितिबाट कथा अगाडि बढेको छ । प्रस्तुत कथाकी नारी पात्र सानीले असल शिक्षित र परिश्रमी पति पाएर पनि त्यसलाई कदर गर्न नसकेको, दाम्पत्य जीवनलाई सही मार्ग तिर हिडाउन नसकेको अवस्था देखिएको छ । पछि आफ्ना कमजोरीहरू स्वीकारेकी छ । घरपरिवारको मेल गराउन सफल भएकी छ । यहाँ म पात्र

तटस्थ रहेर मुखपात्र सक्रिय भएका छन् । यसर्थ प्रस्तुत कथामा अन्य पुरुष दृष्टिविन्दको प्रयोग भएको छ ।

### ४.५.१२.६ भाषाशैली

कथाकार ज्ञवालीले यस कथामा पनि नितान्त ग्रामीण एवं मध्यम वर्गीय परिवारले बोलिने भाषाको प्रयोग गरेका छन् । सानी.., ए सानी..जस्ता सम्वादात्मक शैलीको प्रयोगबाट शुरू भएको कथामा वर्णनात्मक शैलीको बाहुल्य रहेको छ । पश्चिमाञ्चल क्षेत्रतिर बोलिने स्थानीय भाषाका शब्दहरू "भोसी मोर्न आटो घाँस काट्न नमोरेर के छाटा खेलाएर मोरेकी छेस" भन्ने वाक्यहरू प्रयोगले कथामा स्थानीय परिवेशको संकेत देखिएको छ (पृ : ९८) । झमक्क, खचाखच, पुलुक्क, खुरुक्क जस्ता अनुकरणात्मक शब्द र कि, त, हो, न, जा जस्ता निपातको प्रयोग गरिएको छ (पृ : ९८-१०३) । साधन, अवस्था, शतर्क, भाषा, शनिवार, जस्ता तत्सम शब्द र एसएलसी, अप-डाउन, अफिस जस्ता अङ्ग्रेजी र आगन्तुक शब्दले कथामा आकर्षण थपेको छ । कथाको शीर्षक अभिधा अर्थसापेक्ष रहेको छ ।

### ४.५.१२.७ विचारतत्त्व

'छुर्मुखा' कथामा कथाकार ज्ञवालीले कथाका नारी पात्र सानी र भाष्करकी आमालाई केन्द्रमा राखेर उनीहरूको जीवनका असमान्य स्थितिको यर्थाथ रूपमा उजागर गरेका छन् । प्रस्तुत कथाले परिवारमा देखिएको शङ्कालु प्रवृत्तिको सकारण आलोचना गर्न सकेको छैन । रूढि र अन्धविश्वासलाई चिर्दै मानवीय चेतनालाई उन्नत मार्गतिर डोऱ्याउन नसकेका कारण यस कथालाई सामाजिक यथार्थवादी यथास्थितिवादी मान्नुपर्ने देखिन्छ । सामाजिक पक्षका विविध पाटाहरूको यथार्थ चित्रण गरिएकाले कथाकार ज्ञवालीलाई प्रस्तुत कथाले सामाजिक यथार्थवादी कथाकारको रूपमा चिनाएको छ ।

## ४.६ निष्कर्ष:

कथा साहित्यको सर्वप्राचीन विधा हो । जीवन जगत्को सानो खण्ड विशेषको कलात्मक गद्य चित्रण नै कथा हो । वर्तमान आधुनिक कथा पाश्चात्य साहित्यको देन हो । अंग्रेजीको सर्ट स्टोरी रुपान्तरमा लघुकथा हुन्छ । हिन्दीमा कहानी भनिने उक्त लघुकथा नेपालीमा पूर्णरुपमा कथा भएको हो । पूर्वमा यसलाई कौटिल्यका अनुसार-"पुराण इतिवृत्तात्मक वस्तुका रुपमा चिनिन्छ र धर्मशास्त्र, अर्थशास्त्र र इतिहासका प्रसङ्गमा आधारित आख्यानात्मक रचना विशेषलाई कथा भनिन्छ भने पश्चिममी अंग्रेजी साहित्यका

समीक्षक हड्सन भन्छन् -"कथा त्यसैलाई भनिन्छ, जुन एकै बैठकमा सुगमताका साथ समाप्त गर्न सकियोस"।

कथाका सन्दर्भमा पूर्व तथा पश्चिमका विभिन्न विद्वानहरुले आ आफ्नो मत अभिव्यक्त गरेका पाइन्छ । पूर्व तथा पाश्चात्य कथाकारहरुका सिद्धान्तका मतहरुका आधारमा कथाका तत्त्वहरुको निर्धारण गरिएको पाइन्छ । कथानक, पात्र र चरित्र चित्रण, परिवेश, दृष्टिविन्दु, भाषाशैली, विचारतत्त्व आदिलाई कथाका उपकरण मानिएको छ । कथा तत्त्वहरुका आधारमा कथाकार गुरू ज्ञवालीको बोक्सिनी आमा कथा कृतिलाई केलाउँदा यस भित्र विभिन्न विषयका विविध शीर्षकमा समेटिएका कथाहरु विषयगत विविधताका दृष्टिले उत्कृष्ट रहेका छन् ।

गुरू ज्ञवालीले विशेष गरी कथा, कविता, निबन्ध स्तम्भ तथा विधामा कलम चलाएका छन् । सानैदेखि गीतिकवितामा र लोकगीतमा रुचि राख्ने उनले १० वर्षको उमेरदेखि लोकगीत र गीतिकविता लेख्न थालेका हुन् । खप्तड सन्देश पत्रिकामा छापिएको 'नमरेको मान्छे' शीर्षकको कथाबाट औपचारिक कथा लेखनको शुरुवात गरेका उनको हाल **बोक्सिनी आमा** कृति प्रकाशित छ । उनका कथामा वर्तमान समाजका सन्दर्भ, राष्ट्र, राष्ट्रियताका भाव भरिएका पाइन्छन् । उनको यस सङ्ग्रहमा संग्रहित हौडे, बिहेको सोफा, भैरान्थानको रोट, छुर्मुखा, मेरो पोइ मुर्दावाद, बोसिनी आमा , लेखनाथकी कान्छी दुलही भाग १ र २, गाउरी, हराएको छोरो, बुकुनी , देविनी,, छुर्मुखा जस्ता कथाहरुलाई नियाल्दा उनी सामाजिक यथार्थवादी, क्रान्तिकारी तथा प्रगतिशील कथाकारका रूपमा चिनिन्छन् । झट्ट हेर्दा सामान्य लागे पनि उनका कथाले निकै गहन विचार बोकेका र मानव जीवनलाई सार्थक बनाउन अभिप्रेरित गरेका पाइन्छ । मानवता प्रेम उनको कथाको अर्को विशेषता हो ।

हौडे शीर्षकको कथामा यहाँ तल्लो वर्गका मजदुरको चारित्रिक विकृति देखाइएको छ । उसको सुधारको अपेक्षा गरिएको छ । क्रान्तिकारी भाव अभिव्यक्त गरिएको छ । धनीको छोरीसँग विहे गर्दा पाएको दाइजोलाई सदुपयोग र व्यवस्थित गर्न नसकेको कुरालाई कथाकारले व्यङ्ग्य हानेका छन् । अर्काको देखासिकी गर्ने आडम्बरी प्रवृतिलाई देखाउन खोजिएको छ । भाषाशैली, परिवेश र पात्र अनुसारको विषयवस्तु रहेको छ । भैरान्थानको रोट कथामा, मार्क्सवादी चिन्तन बोकेका नेता कथा कार्यकर्ता भएर पनि

भित्रभित्रै लुकेर पूजा, जप गर्ने, रुद्राक्षको माला र पहेला कपडाको प्रयोग गर्ने आडम्वरी प्रवृत्तिलाई राम्रो झापड दिएका छन् ।

कथागत प्रवृत्तिका आधारमा कथाकार गुरूदत्त ज्ञवालीको **बोक्सिनी आमा** कृतिलाई केलाउँदा यसभित्र विभिन्न विषयका विविध शीर्षकमा समेटिएका कथाहरु विषयगत विविधताका दृष्टिले उपयुक्त रहेका छन् । पात्र र चरित्र, परिवेश, प्रतीकहरुको यथोचित प्रयोगले कथा मार्मिक तथा व्यङ्ग्यात्मक बनेका छन् । साथै भाषाशैलीका दृष्टिले कथाहरु सरल र सरस रहेका छन् । तत्कालीन सामाजिक परिवेशलाई आधार मानेर लेखिएको उनको यो कृतिले समसामयिक सन्दर्भलाई उठाउनुका साथै सामाजिक विकृति विसङ्गतिप्रति तीव्र असन्तुष्टिको भाव व्यक्त गर्दै व्यङ्ग्य र सुधारको अपेक्षा गरेको छ ।

## परिच्छेद- पाँच

# सारांश र निष्कर्ष

### ५.१ सारांश

यो शोध कार्य पाँच परिच्छेदमा तयार पारिएको छ । यस परिच्छेदमा एकदेखि चार परिच्छेदसम्मको संक्षिप्त चर्चा गरिएको छ । परिच्छेद एकमा रहेको शोध परिचय अन्गार्त शोधपत्र तयार पार्दा आवश्यक पर्ने योजना तर्जुमा गरिएको छ जहाँ विषय प्रवेश, समस्याकथन, उद्देश्यकथन, पूर्वकार्यको विवरण, अध्ययनको औचित्य, अध्ययनको सिमाङ्कन, शोधविधि र शोधको रूपरेखा रहेका छन् । दोस्रो परिच्छेद ज्ञवालीको जीवनीसँग सम्बन्धित छ । तेस्रो अध्यायमा ज्ञवालीको व्यक्तित्व अर्थात साहित्येतर र साहित्यक व्यक्तित्वका विविध पाटाहरूको अध्ययन गरिएको छ । प्रस्तुत शोध पत्रको चौथो अध्यायमा ज्ञवालीको कथाकारिता, कथागत प्रवृति ,कथा सिद्धान्त र **बोक्सिनी आमा** कथा सङ्ग्रहको कथा तत्वको आधारमा विश्लेषण गरिएको छ

गुरुदत्त ज्ञवालीका जन्म २०१३ साल माघ १९ शुक्रबारको दिन गुल्मी जिल्ला, ग्वादी गाविस वडा नं. ४ तल्लो ग्वादीमा पहिलो सन्तानको रुपमा भएको हो । माता जानकी ज्ञवाली र पिता भक्तिराम ज्ञवालीका तीन छोरा मध्ये जेठा छोरा हुन् । पाँच बर्षको उमेरमै अमर प्राइमरी स्कुल ग्वादीमा औपचारिक शिक्षाको आरम्भ भएतापनि बहिनीको धरालो गर्नु पर्ने हुँदा पछि आठ बर्षको उमेरदेखि औपचारिक शिक्षाले निरन्तरता पाएको हो ।

बाल्यकालदेखि नै संघर्ष गर्दै आएका ज्ञवाली सङ्घर्षबाट आफ्नो पहिचान स्थापित गरेका छन् । प्रवीणता प्रमाण पत्र तहसम्मको अध्ययन पुरा गरेका उनले स्नातक र स्नातकोत्तरको उपाधि हासिल नगरेपनि स्वअध्ययन र साहित्य लेखनलाई निरन्तरता दिएकै छन् । वि.स २०३४ सालमा एस्एलसी लगत्तै २०३५ सालदेखि जनता नि.मा.वि, पिपरा कपिलबस्तुमा शिक्षण पेशामा संलग्न भएका ज्ञवालीले २०३७ साल बैशाखमा पाल्पाका घिमिरे परिवारकी शान्ति घिमिरेसँग विवाह बन्धनमा बाँधिन पुगे । जीवनको ५९ औं वसन्त पार गरेका ज्ञवालीको परिवार सुखमय वातावरणमा अगाडि बढिरहेको छ । हाल उनका दुई जना छोरा, बुहारी र नातिनी सहितको परिवारमा सबै सदस्यहरू सरल, भद्र, र सादगी जीवन बिताइ रहेका छन् ।

शुरुमै शिक्षक पेसा सुरु गरेका ज्ञवालीले करिब पाँच वर्षमात्र सोही पेसामा आवद्ध भएर काम गरे । गुरुदत्त ज्ञवाली वि.स. २०३८ -२०६८ सम्म सरकारी र नीजि क्षेत्रमा कहिले प्रशासन प्रमुख त कहिले लेखा प्रमुख जस्ता पदीय जिम्मेवारी पुरा गरेका छन् । जागीरे जीवनबाट अवकाश लिएका उनी हाल अध्ययन अध्यापनका अलावा सामाजिक सेवामा आफ्नो समय खर्चन चाहन्छन् । उनी समाजमा केही न केही गरिरहने एक क्रियाशील व्यक्तित्व हुन् ।

साहित्यका विविध विधामध्ये कथा, कविता, उपन्यास,निबन्ध र स्तम्भ आदि क्षेत्रमा कलम चलाएका गुरुदत्त ज्ञवालीको मूल्याङ्कन गर्नु पर्दा बहुसाहित्यिक व्यक्तित्वका रूपमा लिन सकिन्छ । कुनै पनि साहित्यकारको साहित्यिक व्यक्तित्वको निर्धारण कृतिको गुणात्मकताको आधारमा गरिने हुँदा त्यस्ता कृतिको गुणात्मकता उच्च हुनु जरुरी देखिन्छ । साहित्यकार गुरुदत्त ज्ञवालीका साहित्यिक कृतिहरू नेपाली साहित्यका निम्ति सम्पदा बनेका छन् ।

नेपाली साहित्यको आधुनिकालका यर्थाथवादी र समसामयिक युगमा देखिएका ज्ञवालीले २०४४ सालमा खप्तड सन्देश पत्रिकामा छापिएको 'नमरेको मान्छे' शीर्षकको कथाबाट औपचारिक कथा लेखनको शुरुवात भएको पाइएको छ । उनको यो साहित्यिक यात्रा हालसम्म पनि जारी छ । नेपाली साहित्यको समसामयिक धरामा कलम चलाउने ज्ञवालीको तीन दशक लामो साहित्यिक यात्रा रहेको छ । वि.स २०४४ देखि २०५४ सम्मको अवधिलाई अभ्यासिक रूपमा रहेको देखिन्छ । कथाकारले जानकारी दिए अनुसार यस समयमा उनले कथा लेखनमा तीव्रता ल्याउन चाहेतापनि लेखा सम्बन्धि काममा व्यस्त हुनु परेको कारण लेखन कार्यमा पर्याप्त समय दिन सकेनन् । तर पनि उनको "नमरेको मान्छे" कथा २०४४ सालमा धनगढीबाट निस्कने खप्तड सन्देशमा प्रकाशित भएको जानकारी पाइएको छ । २०५० सालदेखि कथा लेखनमा तिब्रता आए पनि २०५४ सालमा मात्र हौडे कथाले लुम्बिनी दैनिकमा प्रकाशन हुने मौका पाएको छ । जुन बोक्सिनी आमामा समावेश गरिएको छ । यस समयको यो कथामा निम्न वर्गका मजदुरहरूले भोगेका विकृति र विसङ्गतिलाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ ।

वि.स २०५५ देखि हालसम्मको कथाकारिताको यात्रा सबल रूपमा रहेको छ । यस यस समयमा बोक्सिनी आमा (२०७१) कथा कृति प्रकाशित छ । अन्य दुईवटा कथा सङ्ग्रह **मुख्खेनीको मसान र सुहाग रातकी आमा** प्रकाशनको पर्खाइमा रहेका छन् । त्यस्तै केही

**तिता मन केही मिठा मन** कविता सङ्ग्रह र उपन्यास पनि प्रकाशनको पर्खाइमा रहेको कुरा उनले जनाएका छन् । साथै यस समयका उनका लेखेका पर्याप्त रचनाहरू आफ्नै वेबसाइटमा राखेको पाइएको छ । यस चरणका कथाहरू सम्पूर्ण पाठकका मनोविज्ञानलाई ख्याल गरी लेखिएको छ । सरल विषयवस्तु चयन गरेर भाषिक शिल्पले सजाएर अभिव्यक्ति दिने कलाको विकास भएको पाइन्छ । पहिलेका कथाका तुलनामा अब प्रकाशन हुने कथाले समयको वेगलाई समातेको देखिन्छ । समय परिवर्तन हुँदै जाँदा कथाकारको कथाको स्वरुप वा चिन्तन पनि परिवर्तिन हुँदै गएको बुझिन्छ । साथै परिमाणात्मक रूपमा भन्दा पनि गुणात्मक दृष्टिले उपयुक्त देखिएका छन् । समय र परिवर्तनका हिसाबले उनका सम्पूर्ण कथाहरू सामाजिक यर्थाथवादी र प्रगतिवादी भएको पाइन्छ ।

उनको यस सङ्ग्रहमा संग्रहित १३ वटा कथामध्ये हौडे, बिहेको सोफा, भैरान्थानको रोट, छुर्मुखा, मेरो पोइ मुर्दावाद, बोसिनी आमा, लेखनाथकी कान्छी दुलही भाग १ र २, गाउरी, हराएको छोरो, बुकुनी, देविनी, छुर्मुखा जस्ता कथाहरू सङ्कलित छन् । यी कथालाई नियाल्दा उनी सच्चा देशभक्त, सामाजिक यथार्थवादी, क्रान्तिकारी तथा प्रगतिशील कथाकारको रूपमा चिनिन्छन् ।

ज्ञवालीले समसामयिक ग्रामीण र शहरी परिवेशका यर्थाथ घटनालाई, कथाको रूपमा प्रस्तुत गरेका छन् । नेपाली समाजका निम्न वर्गीय परिवारका समस्या, अन्धविश्वास, सामाजिक विकृति विसङ्गति, निम्न वर्गमाथि भएको शोषण, खराब नारी चरित्रको चित्रण, खराब राजनैतिक नेताको चरित्र चित्रण र अन्याय अत्याचार जस्ता विकृतिको यथार्थङ्कन गरेर सुधारको सन्देश दिनु नै यिनको मूल प्रवृत्ति रहेको छ । पात्र र चरित्र चित्रण, परिवेश, प्रतीकहरूको यथोचित प्रयोगले कथा मार्मिक तथा व्यङ्ग्यात्मक बनेका छन् । साथै भाषाशैलीका दृष्टिले स्थानीय बोलीचालीको भाषामा नेपाली, थारू र नेवारी जस्ता कथ्य भाषिकाको प्रयोग गरिएपनि कथाहरू सरल र स्वभाविक रहेका छन् । तत्कालीन सामाजिक परिवेशलाई आधार मानेर लेखिएका उनको यो कृतिले समसामयिक सन्दर्भलाई उठाउनुका साथै सामाजिक विकृति विसङ्गतिप्रति तीव्र असन्तुष्टिको भाव व्यक्त गर्दै व्यङ्ग्य र सुधारको अपेक्षा गरेका छन् ।

## ५.२ निष्कर्ष

गुरुदत्त ज्ञवाली खास गरी नेपाली साहित्यको कथा विधामा कलम चलाउने कथाकार हुन् । उनका लेखन कार्य बाल्यकालदेखि भएपनि औपचारिक लेखनको सुरुवात

२०४४ सालमा खप्तड सन्देश पत्रिकामा प्रकाशित "नमरेको मान्छे" नामक कथा प्रकाशित गरी औपचारिक साहित्य लेखनको आरम्भ गरेका हुन् । प्रगतिशील विचारका धनी ज्ञवालीका अधिकांश कृतिहरू क्रान्तिकारी विचारसँग सम्बन्धित छन् । हालसम्म उनको एक मात्र कथा सङ्ग्रह **बोक्सिनी आमा** प्रकाशित भएको छ । यस कथामा नेपाली समाजले भोगेका  पीडा, कष्ट, अन्याय र अत्याचारका भोगाइलाई यर्थाथपरक रूपमा प्रस्तुत गरिएको छ । उनले जीवनका भोगाइहरूलाई कथा लेखनको स्रोत बनाएका छन् । कथाहरूमा राष्ट्रवाद, विकृति, विसङ्गति, सामन्तीहरूको दुर्व्यवहार, कुरीतिजस्ता प्रवृत्तिहरू छन् ।

आजका मानिसमा मानवता हराएको हुँदा त्यस्ता भावना जगाउन साहित्यलाई माध्यम बनाएका छन् । उनले नेपालको सामाजिक, आर्थिक, राजनीतिक, प्रशासनिक, सांस्कृतिक पक्षहरूमा भएका विकृतिप्रति गहिरो चिन्ता प्रकट गरेका छन् । उनले त्यस्ता विकृतिप्रति सुधारको अपेक्षा पनि राखेका छन् । उनका कथामा देश र वर्तमान नेपाली समाजको अवस्था चित्रण गरिएको छ । साथै भाषाशैलीका दृष्टिले स्थानीय बोलीचालीको भाषा, थारू र नेवारी  जस्ता कथ्य भाषिकाको प्रयोग गरिएपनि कथाहरू सरल र स्वभाविक अनरहेका छन । पात्रहरू यिनै स्थान विशेषबाट टिपिएका छन् । प्रायः उनका कथामा अहिलेको समाजको विकृतिको कडा आलोचना गरिएको पाइन्छ । समग्रमा भन्नुपर्दा उनलाई प्रगतिवादी कथाकार मान्न सकिन्छ ।

प्रगतिवादी कथाकार गुरुदत्त ज्ञवालीका कथाहरूमा विचारप्रतिको आग्रहको प्रबलताले गर्दा कथाको कलात्मक सौन्दर्य थिचिएको छ । पात्रका रुचि, प्रवृत्ति, स्वभाव तिनका कार्यव्यापारबाट कथाकारको भाव, विचार वा कथ्य अभिव्यञ्जित हुन सकेका छैनन् । कतै कतै त कथाकार प्रवक्ता जस्तो बनेर आफ्ना विचार सम्भाषणको शैलीमा अभिव्यक्त गरेका छन् । तत्त्वहरूको कलात्मक संश्लेषण र समन्वयमा पनि कथाकारको शिल्पीले निपुणता प्राप्त गर्न सकेको छैन । परिणमतः यिनका कथाहरू कतै आत्मसस्मरण जस्ता बनेका छन् भने कतै निबन्ध र दैनिकीको दोसाँधमा रहेका जस्ता पनि छन् । समग्रमा कथाकार गुरुदत्त ज्ञवाली अभ्यासिक कथाकारका रूपमा देखिएका ज्ञवालीको यो प्रयासले नेपाली साहित्यमा एउटा नयाँ कृति थपिएको छ ।

## सन्दर्भ सामग्री सूची

ज्ञवाली, गुरूदत्त, (२०७१), **बोक्सिनी आमा,** कथासङ्ग्रह, विजय, विनय ज्ञवाली, रुपन्देही ।

ज्ञवाली, ज्ञाननिष्ट, (२०७१), "पुस्तक समीक्षा", **देशान्तर साप्ताहिक,** (वर्षः ३२, अङ्क, ४०) पृष्ठ ५ ।

गैरे, इश्वरी प्रसाद (२०६३) आधुनिक नेपाली आख्यान प्र.संस्क, किर्तिपुर : क्षितिज प्रकाशन

थापा, मोहन हिमांशु, (२०६६), **साहित्य परिचय**, पाँ.सं. ललितपुर : सझा प्रकाशन ।

**नेपाली बृहत् शब्दकोश** (२०६७) सा.सं., काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

पौडेल, भूपहरि (२०६०), शोध र सिर्जना सिद्धान्त, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, गोपीन्द्र (२०६७) कथाको सौंदर्यशास्त्र, काठमाण्डौं ।

पौडेल, शिव प्रसाद (२०७१), "पुस्तक समीक्षा", **बोक्सिनी आमा,** कथासङ्ग्रह, रुपन्देही

बराल, कृष्णहरि र नेत्र एटम, (२०६४), **नेपाली आख्यान र नाटक**, काठमान्डौं : अक्सफोर्ड इन्टरनेसनल ।

भट्टराई, बाबुराम (२०७१), "पुस्तक समीक्षा", **बोक्सिनी आमा,** कथासङ्ग्रह, रुपन्देही

शर्मा, मोहनराज र श्रेष्ठ, दयाराम, (२०५६), नेपाली साहित्यको संक्षिप्त इतिहास, , काठमान्डौं : साझा प्रकाशन ।

शर्मा, मोहनराज, (२०५८), **कथाको विकास प्रक्रिया**, ललितपुर : साझा प्रकाशन .

# परिशिष्ट



**वि.स. २०७२ माघ १७ गते बिहान आठ बजे शोधनायक गुरुदत्त ज्ञवालीको घर शंकरनगर ५, रुपन्देहीमा शोधकर्ता गीता खरेल गैरेले लिइएको अन्तवार्ताको लिखित अभिलेखीकरण**

**प्रश्न : यहाँको जन्म कहिले र कहाँ भएको हो ?**

**उत्तर** : मेरो जन्म २०१३ साल माघ १९ गते शुक्रबार, ग्वादी ४ तल्लाग्वादी, गुल्मीमा भएको हो

**प्रश्न : तपाइँको माता पिताको नाम र उहाँहरूको व्यवसाय के थियो ?**

**उत्तर** : मेरा पिताको नाम भक्तिराम ज्ञवाली र माताको नाम जानकी ज्ञवाली हो । उहाँहरू खेती किसानी र समाजसेवी हुनुहुन्थ्यो । हाल बृद्ध अवस्थामा जोशीपुर कैलालीमा बस्नुहुन्छ ।

**प्रश्न : यहाँको पितृ तथा मातृ वंशको के होला ?**

**उत्तर** : मेरो पितृ वंश माण्डव्य गोत्रीय ज्ञवाली तथा मातृ वंश गौतम - गुल्मी जोहाङ हो ।

**प्रश्न : यहाँको पारिवारिक स्थिति कस्तो छ ?**

**उत्तर** : हामी सामाजिक रुपमा मध्यमवर्गीय र आर्थिक रुपमा निम्न वर्गीय परिवारमा जीवन यापन गरेतापनि हाल मध्यम वर्गीय छौं ।

**प्रश्न : यहाँको विवाह कहिले र कहाँ भयो ?**

**उत्तर** : मेरो विवाह ०३७ सालको बैसाखमा आनन्दवन ७, हालको तिलोत्तमा नगरपालिकाको सालघारी भन्ने गाउँकी शान्ति घिमिरेसँग भएको हो । उनी यादवप्रसाद उपाध्याय (घिमिरे) र तुल्सा घिमिरेकी दोस्रो सन्तान तथा छोरीमा जेठी छोरी हुन् ।

**प्रश्न :. यहाँका सन्तान के कति छन ?**

**उत्तर** : मेरा दुई छोरा विजय र विनय हुन् । जेठो छोरा विजय, बुहारी कल्पना र एक वर्षकी नातिनी वार्षिका हाल अष्ट्रेलियामा छन् । कान्छो छोरा विनय नेपालमै छन् । ठुलो छोरा विजयले स्नातकोत्तर, (एम आइ एस) बुहारी कल्पनाले स्नातक ( बि.ए ) र सानो छोरा विनयले स्नातक (बि. इ) पुरा गरेका छन् ।

**प्रश्न : यहाँको अक्षरारम्भ कति वर्षमा भयो ?**

**उत्तर** : मेरो अक्षारम्भ पाँच वर्षको उमेरमा भएपनि आठ वर्षबाट औपचारिक रुपमा विद्यालयमा भर्ना भइ नियमित भएको हो ।

**प्रश्न : यहाँको औपचारिक शिक्षा आर्जन कसरी कहाँ पुगेर टुङ्गियो ?**

**उत्तर** : मेरो प्रविणता प्रमाणपत्र तहसम्मको अध्ययन पुरा भएको छ । अरु स्वअध्ययन हो ।

**प्रश्न : हालसम्म प्रकाशित कृतिहरू कति छन् ?**

**उत्तर** : हालसम्म मेरा बोक्सिनी आमा कथा संग्रह प्रकाशित छ । दुइवटा कथासंग्रह पालैसंग प्रकाशनको तयारीमा छन् । अन्य ४५०० जति आम सञ्चारसंग सम्बन्धित रचनाहरू बिभिन्न पत्रपत्रिकाहरूमा र बिभिन्न सर्न्दभमा लेखिएका छन् । पछिल्लो समयका तीन सय जति रचना आफनै वेबसाइटमा पनि रहेका छन् जो इ–पुस्तकको रुपमा छ ।

**प्रश्न : यहाँ के कस्तो साहित्यिक दर्शन र चिन्तनबाट साहित्य लेखनमा प्रेरित हुनुहुन्छ ?**

**उत्तर** : मेरो साहित्यिक दर्शन र चिन्तन मेरो आफ्नै समाज हो । समाजमा रहेका कुरा उनीहरूकै भाषा तथा शैलीमा टपक्क टिपेर राखिदिँदा उनीहरू प्रशन्न भएको देख्छु । यसै कुराले थप प्रेरणा दियो ।

**प्रश्न : यहाँको साहित्यतर्फको प्रथम आकर्षण कहाँबाट पैदा भयो ?**

**उत्तर** : मलाई सानै देखि लोकलयका कविता मन पर्थे, पछि आफैँ लेख्न थालेँ । शुरुमा मलाई कसैले पनि लेख्नुपर्छ भनेर प्रेरित गरेको थाहा छैन ।

**प्रश्न : .साहित्य प्रवेशको प्रथम बिन्दु कुन हो ? र  यो कहिले प्रकाशित भएको थियो ?**

**उत्तर** : २०४४ सालमा धनगढीबाट प्रकाशित खप्तड सन्देश पत्रिकामा छापिएको नमरेको मान्छे शीर्षकको कथा नै मेरो साहित्य प्रवेशको प्रथम बिन्दु हो ।

**प्रश्न : जीवन निर्वाहको क्रममा यहाँले अवलम्वन गरेका व्यवसाय केके हुन ?**

**उत्तर** : जीवन निर्वाहको क्रममा शुरुमा शिक्षण, त्यसपछि राष्ट्रिय वाणिज्य बैंक ( निवत्तीभरणको अवस्थासम्म) संलग्न रहेँ । सेवानिवृत्तपछिका केही वर्ष विभिन्न संघसंस्थाका आर्थिक वा लेखा सम्बन्धि काममा व्यस्त रहेँ ।

**प्रश्न : पहिलो शिक्षण कार्य कहिले र कहाँबाट सुरु गर्नुभयो ?**

**उत्तर** : २०३५ सालमा कपिलवस्तुको  पिपरा निमाविबाट शिक्षण कार्य आरम्भ गरेको हुँ ।

**प्रश्न : .आफ्नो साहित्यिक जीवनबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

**उत्तर :** साहित्य लेखन मेरो कर्म हो । म कर्मका लागि लेख्छु त्यसैले सन्तुष्ट छु ।

**प्रश्न : .यहाँले मानसम्मान तथा पदवीहरूका प्राप्त गर्नुभएको छ की ?**

**उत्तर :** मैले सामाजिक सेवाबाट मान-सम्मान पाएको छु । लेखनतिर सम्मानको आशा गरेर लेखेको होइन तर पनि पछिल्लो पटक विभिन्न संस्थाबाट औपचारिक सम्मान पाएको छु । जनस्तरबाट अनौपचारिक सम्मान अझ धेरै पाएको छु । औपचारिक भन्दा अनौपचारिक सम्मानमा धेरै गर्व छ ।